# राष्ट्रिय किसान आयोगको
# ८औं वार्षिक प्रतिवेदन

## आ.व. २०८०/०८१



नेपाल सरकार

# राष्ट्रिय किसान आयोग

कीर्तिपुर, काठमाडौं

२०८१

# आयोगका पदाधिकारीहरू



डा. प्रेम प्रसाद दंगाल
अध्यक्ष



सूर्य प्रसाद खनाल
सदस्य



मञ्जु धिमाल
सदस्य



जीवन्ती पौडेल
सदस्य



टेक बहादुर बोगटी
सदस्य



पुष्पा भुसाल
सदस्य



डा. रामनन्दन तिवारी
सदस्य सचिव

# राष्ट्रिय किसान आयोगको
# ८औं वार्षिक प्रतिवेदन

## आ.व. २०८०/०८१




नेपाल सरकार
**राष्ट्रिय किसान आयोग**
कीर्तिपुर, काठमाडौं
२०८१

संयोजन लेखन

आयोगको पूर्व-स्वीकृति बिना यस प्रतिवेदनलाई पुनः उत्पादन एवं मुद्रण गर्ने गरी संग्रह गर्न अथवा कुनैपनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन। बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोगमा ल्याउन सकिनेछ।

प्रकाशकः राष्ट्रिय किसान आयोग, काठमाडौं

प्रकाशन वर्षः २०८१

प्रकाशन प्रतिः ५००

मुद्रणः सिग्मा जनरल अफसेट प्रेस, सानेपा, ललितपुर

सर्वाधिकारः © राष्ट्रिय किसान आयोग

# राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली

सार्वभौम भइ फैलिएका मेची-महाकाली।

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल

वीरहरूका रगतले स्वतन्त्र र अटल

ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल

अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल।

बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल

अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल।

# मन्तव्य

मुलुकमा ६२ प्रतिशत हाराहारीमा किसान घरपरिवार कृषि पेशामा आबद्ध रहेका छन्। ४१ लाख किसान घर परिवारले २२ लाख हेक्टर जमिनमा खेती गरिरहेको अवस्था छ। कृषि क्षेत्रले मुलुकको कुल ग्राहस्थ उत्पादनमा एक-चौथाईको हाराहारीमा योगदान गरिरहेको छ। तर पनि कृषिलाई आत्मनिर्भर बनाउन सकिएको छैन। केही उत्पादनका क्षेत्रहरूमा कृषिको व्यावसायिकरण भएको भए पनि आम रूपमा अझ पनि यसको व्यावसायिकरण, आधुनिकीकरण र विविधिकरण गर्न सकिएको छैन। नेपाली किसान र कृषि क्षेत्रले अनेक समस्याहरू भोगिरहेको अवस्था छ।

आम किसानले भोगिरहेका धेरै समस्याहरूमध्ये बाँझो जमिनको सदुपयोग कसरी गर्ने, वन्यजन्तुले बाली नष्ट गरिरहेको सन्दर्भमा यस समस्यालाई कसरी समाधान दिने र ग्रामीण क्षेत्रबाट भइरहेको श्रम पलायनलाई कसरी रोक्ने भन्ने विषय नै यतिबेलाका सबै भन्दा महत्वपूर्ण समस्याका रूपमा रहेका छन्। बाँझो जमिन उपयोगका सन्दर्भमा कृषि क्षेत्रमा खासगरी बाँझो जमिन प्रयोगमा ल्याउन राज्यको लगानी र व्यवस्थापनमा जोड दिन, कृषिको व्यावसायिकरण, आधुनिकीकरण र यान्त्रीकरण गरी युवालाई आकर्षित गर्न, स्वदेशमै विकल्पको उपयुक्त अवसर सिर्जना गरी वैदेशिक रोजगारीमा जान चाहने युवाहरूलाई निरूत्साहन गर्ने, पशु तथा बाली बीमा अनिवार्य गर्ने, करार खेतीको माध्यमबाट उत्पादनमा जोड दिने; खेती, पशुपालन र वन क्षेत्रको सन्तुलित प्रयोगको अभ्यासलाई अगाडि बढाउने, एकातिर परम्परागत सीप र अर्कोतिर आधुनिक कृषि प्रविधि प्रयोगका सन्दर्भमा सबै तहका सरकारहरूले संयोजनकारी भूमिका खेल्ने जस्ता कार्य गर्न जरूरी छ। त्यसैगरी सबै तहका सरकारबाट प्रवाह हुने सेवाको लक्षित समुदायमा नपुगेको आम जनगुनासो रहेको छ। किसानको बजारमा पहुँच कम छ। जलवायु परिवर्तनका कारण समेत उत्पादनका स्रोतमा आउने ह्रासका कारण उत्पादन घट्ने र किसान उत्पादनमा सामेल हुन उत्साहित नभएको अवस्था रहेको छ। एक गाउँ एक उत्पादन परीक्षण नभएका कारण निर्वाहमूखि उत्पादन हुने र बजारीकरणमा समस्या हुने भएकोले माटो र जलवायु प्रक्षेपण गरी एक गाउँका लागि एक उत्पादनमा जान जरूरी छ। विकल्प सहित कृषि शिक्षा, अनुसन्धान र प्रसारलाई एकीकृत बनाई कृषि सूचना, बाली पात्रो, किसान पाठशाला किसानको पहुँचमा पुऱ्याउन जोड दिन जरूरी छ। खेतियोग्य जमिन बाँझो राख्नेलाई बढी कर लगाउने, निश्चित समयसिमासम्म कमाई नगरे त्यो जमिन राज्यले लिने नीति लिन जरूरी छ। जमिन बाँझो छोड्न नदिन सामूहिक खेती प्रणालीलाई प्रोत्साहन गर्नु आवश्यक छ। भूमिलाई उत्पादनको साधनको रूपमा प्रयोग गर्नु पर्दछ। स्थानीय निकायको उल्लेख्य बजेट कृषि क्षेत्रमा र युवा किसानलाई कृषि कार्यमा लगाई उनीहरूलाई आकर्षित गर्न सकिन्छ। कृषि विकासका लागि दिइने सेवा पारदर्शी बनाउनु पर्दछ। उन्नत खेती, पशुपालन, बाली प्रजाती, बाली व्यवस्थापनका बारेका तालिम, अभिमूखिकरण, अवलोकन जस्ता कार्यक्रमहरूमा युवा किसानलाई सहभागी गराउनु महत्वपूर्ण देखिन्छ। राज्यले स्वदेशी कृषि उत्पादनलाई वैदेशिक बजारसम्म पुऱ्याउनका लागि बजारको सहजीकरण गर्न जरूरी छ। किसानलाई समूहमा आबद्ध गरी, सहकारी खेती प्रणाली र सामूहिक खेती प्रणालीलाई बढावा दिन जरूरी छ। यस्ता सहकारी वा समूह

मार्फत भाडाका कृषि यान्त्रिकरणका कार्यक्रमहरू, प्रशोधन शीतभण्डारण समेत आदिमा किसानको पहुँच पुऱ्याउन जरूरी छ।

त्यसैगरी वन्यजन्तु खासगरी बाँदर, बँदेल, हात्ती, दुम्सीलगायत वन्यजन्तुले किसानको बाली नष्ट गर्दछन्। किसानले बाली भित्र्याउन पाउँदैनन्। बालीमात्र हैन मानिसलाई नै आक्रमण गर्ने गरेका छन्। जसका कारण किसान विस्थापित भै एकातिर जमिन बाँझो छ भने अर्कोतिर किसानले बसाई सराई गरिरहेका छन्। त्यसैले यो समस्यालाई सम्बोधन गर्न निम्न नीति लिनु आवश्यक छः बालीको विविधिकरण गरी वन्यजन्तुले नखाने बालीहरू लगाउनु पर्दछ। जस्तै अदुवा, मेकाडेमिया बेसार, अम्लिसो, खुर्सानी आदि लगाउनु पर्दछ। बालीको सट्टा पशुपालनका कार्यक्रमहरू संचालन गर्नु पर्दछ। यसका लागि राज्यले स्थानीय जातका पशुवस्तुका नश्लहरू उपलब्ध गराउनु पर्दछ। वनस्पति, जडिबुटी र जैविक विविधताका कार्यक्रमहरू संचालन गर्न जरूरी छ। बाँदर, बँडेल र दुम्सीलाई निश्चित समयसम्म मासुको प्रयोग गर्ने खालको कानुनी प्रवर्द्धन राज्यबाट तय गरी स्थानीय तहलाई अधिकार दिन जरूरी छ। वन्यजन्तुलाई मनपर्ने बाली जंगलमै लगाई उनीहरूलाई खाद्यान्नको व्यवस्था गर्ने उपाय पनि अवलम्बन गर्न सकिन्छ। वन्यजन्तुको प्रकोप तत्काल अन्त गरी पीडित किसानलाई राहत, क्षतिपूर्ति र पुनर्स्थापना गरिनु पर्दछ। उच्चमुल्य भएका जडीबुटी तथा कृषि उत्पादनहरूलाई प्रवर्द्धन गर्ने र मुल्य श्रृंखलामा आधारित भई निर्यातलाई प्राथमिकतामा दिइने नीति लिन जरूरी छ।

तेस्रो समस्याका रूपमा रहेको कृषि श्रमिकको पलायन हो। कृषि कार्य गरी आमरूपमा लाभ नभएपछि गाउँगाउँबाट युवाहरू रोजागरीको खोजीमा नजिकको शहर, राजधानी र अन्ततः विदेशमा श्रम गर्न गइरहेको अवस्थालाई सम्बोधन गर्ने नीति तथा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्छ। कृषिको व्यावसायिकरण, आधुनिकीकरण र यान्त्रीकरण गर्न जरूरी छ। कृषि औजार, मेशिन, पम्पिङसेट, वोरिङ्, टयाक्टर, थ्रेसर लगायत यन्त्र उपकरण खरीदमा अनुदान, भन्सार छुट, उन्नत कृषि प्रविधि अवलम्बन, कृषि अध्ययन गरेका विद्यार्थी र खेती गर्न चाहने युवाहरूलाई प्याकेजमै स्टार्टअप ग्रान्ट कार्यक्रम उपलब्धता र यसका लागि अनुदान, सहुलियत दरको कर्जा, बीमाका कार्यक्रमहरू उपलब्ध गराउनु पर्दछ। उत्पादित सामग्रीको मूल्यको प्रत्याभूति गरी प्रोत्साहन गर्न जरूरी छ। सबै कृषिजन्य उत्पादनको समर्थन मूल्य घोषणा गरी स्थानीय र प्रदेश सरकार मार्फत खरीद गर्ने व्यवस्था मिलाउन पर्दछ। यस्तो कार्य बाली लगाउनु भन्दा अगाडि नै किसानसँग सम्झौता गरी खरीदको प्रत्याभूति दिनु आवश्यक छ। कृषिमा महिलाकरण भइरहेको अवस्थालाई सम्बोधन गर्न महिलामैत्री कृषि औजार र प्रविधिको विकास गर्ने, महिला किसानलाई भत्तासहित सुत्केरी बिदा र महिला किसान कार्ड व्यवस्था गर्ने, गाउँगाउँमा शिशुस्याहार केन्द्र स्थापना गरी महिला किसानलाई कृषि कार्य गर्ने सहज वातावरण बनाउनु राज्यको दायित्व हो। राज्यद्वारा प्रदान गरिने सेवा प्रवाहलाई खासगरी कृषि प्राविधिक सेवा स्थानीयतहमा चुस्त दुरूस्त बनाई समयमै उपलब्ध गराउनु जरूरी छ। यसका लागि कम्तिमा पनि सम्भावना भएका पालिकाका वडाहरूमा एक कृषि अर्थ विज्ञ, एक पशुसेवा विज्ञ र अन्य कृषि प्राविधिकहरूको अनिवार्य व्यवस्था गरिनु पर्दछ। धितो नहुने किसानलाई समूह बनाई सामूहिक जमानीमा सस्तो ब्याजमा कर्जा दिई कर्जाको ब्याज वार्षिक किस्ताबन्दीमा तिर्ने व्यवस्था गर्ने, भूमिहीन किसानले जमिन खरीद गर्न चाहेमा खरीद गरिने जमिनलाई धितो राखी सहुलियत ब्याजदरमा किस्ताबन्दीमा

सहुलियत दरको कर्जा उपलब्ध गराउन जरूरी छ। भूमिहीन दलित र भूमिहीन गरीब किसानले जमिन पाउने संवैधानिक हक कार्यान्वयन गरी त्यस्ता किसानलाई जमिन प्रदान गर्ने, वैज्ञानिक भूमिसुधारको अवधारणा अनुसार सामन्ती भूस्वामित्वको अन्त्य र जमिनमा रहेको द्वैध स्वामित्वको अन्त्य गर्ने, भूःउपयोग नीतिका आधारमा कृषि भूमिको वर्गीकरण गरी चक्लाबन्दी गरी सहकारी खेती प्रवर्द्धन गर्ने, जमिनको उकास, सुधार र उपयोगमा जोड दिन जरूरी छ। कृषियोग्य भूमिको खण्डीकरण रोकी भूमि बैङ्क मार्फत भूमिको उपयोग गर्ने व्यवस्था लागु गर्ने, सम्पूर्ण गुठी जमिन जोतभोग गर्दै आएका किसानका नाममा रैकर गर्ने; राज्यले घोषणा गरेको लगानी दशक अनुसार राज्यका नीति, कार्यक्रम, योजना र बजेटमा प्राथमिकता दिई सञ्चालन गर्ने, सङ्घीय, प्रदेश तथा स्थानीय तह तीनै तहका सरकारहरूले कुल बजेटको कम्तिमा १० प्रतिशत कृषि क्षेत्रका लागि विनियोजन गर्न जरूरी छ।

अर्कोतर्फ मुलुक विभिन्न कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भरता तर्फ उन्मुख भैरहेको अवस्था छ। खासगरी मासुजन्य पदार्थ, अण्डा र दूधजन्य पदार्थ उत्पादनमा यो अवस्था भएको हो। बेमौसमी तरकारी उत्पादन वृद्धि भएको छ। तरकारी र फलफूल उत्पादनमा पनि वृद्धि भएको छ। अदुवा, अलैंची, चिया, कफी, उखु, दूध, माछा मासुसमेत र खाद्यान्न उत्पादनमा वृद्धि भएको अवस्था छ। विभिन्न परियोजनाहरू मार्फत कृषि बालीको उत्पादन र उत्पादकत्व बढेको छ। नेपाल सरकारले भरखरै कृषिमा लगानी बढाउन लगानी दशक घोषणा गरेको छ। यस अन्तर्गत विभिन्न कार्यहरू भइरहेका छन्। रासायनिक मलमा उल्लेख्य मात्रामा राज्यले अनुदानको व्यवस्था गरेको छ। मूख्य मूख्य उत्पादनको समर्थन मूल्य तोक्ने व्यवस्था पनि छ तर प्रभावकारी गर्न गराउन सकिएको छैन। कृषि क्षेत्रमा संचालित विभिन्न परियोजना खास गरी प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका कारण कृषिमा आधुनिकीकरण, यान्त्रीकरण र व्यावसायिकरण हुन मद्दत गरेको छ। यता मलको आपूर्ति विगतको तुलनामा सहज भएको छ। कृषि क्षेत्रमा भएका यी सकारात्मक पक्ष हुन र उपलब्धीको रूपमा रहेका छन्।

राज्यका तीनवटै तहबाट किसानलाई प्रवाह गरिने सेवा सुविधा लक्षित समुदाय समक्ष पुग्न सकोस भन्ने अभिप्रायले यसै आर्थिक वर्ष भित्र किसानको सूचीकरण, वर्गीकरण गरी किसान कार्ड वितरणको प्रक्रिया शुरु गर्ने कार्यलाई नेपाल सरकारले उच्च प्राथमिकता दिएको छ। यस कार्यलाई राष्ट्रिय किसान आयोगले पनि यस आर्थिक वर्ष २०८१/८२को कामको पहिलो प्राथमिकतामा राखेको छ। त्यसैगरी आम किसानको हक, हित र अधिकारलाई व्यवस्थित गर्न र किसानलाई सामाजिक सुरक्षामा आबद्ध गर्न किसान हक, हित सम्बन्धी किसान कानुन बनाउनु पर्दछ भन्ने मान्यताका आधारमा आयोगले कामको शुरूवात गरेको छ। यो कार्यको यस आ.व. मा सम्पन्न गर्ने लक्ष्य रहेको छ।

कृषि विकास रणनीति (२०१५-२०३५) ले परिलक्षित गरे अनुसारका उद्देश्यहरू हासिल गर्न, किसानको हक, हित र अधिकारको संरक्षण र प्रवर्द्धन गर्न एवं कृषि सम्बन्धी नीति, ऐन, कानुन तथा योजना तर्जुमा गरी कृषि अनुसन्धान र प्रसारलाई किसान मैत्री बनाउन नेपाल सरकारबाट मिति २०७३/१०/०६ मा जारी राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ अनुसार राष्ट्रिय किसान आयोग गठन भएको हो।

आर्थिक वर्ष २०८०/०८१ मा राष्ट्रिय किसान आयोगले सम्पन्न गरेका कार्यक्रमहरूको प्रगतिका साथै कृषि क्षेत्रमा देखिएका समस्याहरू समाधानार्थ सम्बन्धित क्षेत्रका सरोकारवाला निकाय तथा विज्ञ विशेज्ञहरूबाट प्राप्त सुझावहरूलाई समेत समावेश गरी यो वार्षिक प्रतिवेदन सहितको पुस्तिका प्रकाशन गरिएको छ।

यो पुस्तिकाले राज्यका विभिन्न सरकार संघ, प्रदेश र स्थानीय तहका नीति निर्माता, कृषि प्राविधिक, किसान संघ, संगठन, संजाल, समूह, सहकारी तथा यस क्षेत्रमा क्रियाशिल महानुभावहरूलाई सहयोग गर्नेछ भन्ने विश्वास लिइएको छ। यो पुस्तिकालाई आगामी दिनमा थप उपयोगी बनाउन पाठक वर्गबाट रचनात्मक सुझावको अपेक्षा गरिएको छ।

अन्तमा, यो वार्षिक प्रतिवेदन तयारीको क्रममा सहयोग गर्नु हुने राष्ट्रिय किसान आयोगका सदस्यहरू, सदस्य सचिव लगायत सबै कर्मचारीहरूमा धन्यवाद दिन चाहन्छु।

**डा. प्रेम प्रसाद दंगाल**
**अध्यक्ष**

# आफ्नो भनाइ

नेपालको राष्ट्रिय अर्थतन्त्रको मेरूदण्डको रूपमा रहेको कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायिकरण र प्रतिस्पर्धी गर्दै दीर्घकालीन सोच २१०० अनुसार "समृद्ध नेपाल, सुखी नेपाली" बनाउनका लागि आत्मनिर्भर राष्ट्रिय कृषि अर्थतन्त्र निर्माण गर्ने कार्यका मुख्य बाहक शक्तिको रूपमा किसानहरू रहेका छन् । देशको कूल जनसंख्याको ५७.३ प्रतिशत हिस्सा ओगट्ने उत्पादक नेपाली किसानहरूको हक, हित र अधिकारहरूको संरक्षण एवम् प्रवर्द्धन गर्न तथा कृषि सम्बन्धी ऐन, कानुन, नीति तथा योजना तर्जुमाका साथै कृषि अनुसन्धान र प्रसारलाई किसानमैत्री बनाई नेपाली किसानहरूलाई सामाजिक न्यायको प्रत्याभूति गराउनका लागि नेपाल सरकारबाट स्वीकृत कृषि विकास रणनीति (सन् २०१५-२०३५) ले परिलक्षित गरे बमोजिम नेपाल सरकारको मिति २०७३/१०/०६ को निर्णय अनुसार जारी राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ अनुसार 'राष्ट्रिय किसान आयोग' गठन भएको हो। उत्पादक किसानहरू नै कृषि विकासका मूल आधार हुन् भन्ने मान्यताका आधारमा कृषि पेशालाई सम्मानित र मर्यादित पेशाको रूपमा विकास गर्दै आम किसानको हक, हित र अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै किसानहरूलाई सामाजिक न्यायको प्रत्याभूति गराउने आयोगको सोच रहेको छ। राष्ट्रिय किसान आयोगले कृषि सम्बन्धी नीति, ऐन, योजना तथा कार्यक्रम तर्जुमा गर्न सहयोगी भूमिका खेल्दै आएको छ ।

यस वार्षिक प्रतिवेदनमा गत आ.व. २०८०/०८१ को अवधिमा यस आयोगले गरेका मुख्य मुख्य कार्यक्रम तथा सम्पन्न कार्यक्रमबाट प्राप्त उपलब्धीहरू तथा आयोगका समस्या तथा सुझावहरू समावेश गरिएको छ । आयोग नीतिगत प्रकृतिको कार्यालय हुँदा आयोग स्थापना भए देखिका कानुनी प्रावधान, अध्ययनका सारांश तथा किसान संघ, संगठन तथा सञ्जाल तथा विज्ञको विवरण पनि समावेश गरिएको छ । यो पुस्तक नीति निर्माता, जनप्रतिनिधि, किसानका संघ, संगठन तथा संजाल, कृषि, पशुपन्छी तथा मत्स्य पेशामा संलग्न कृषक, व्यवसायी, उद्यमी तथा नेपाल कृषि सेवाका प्राविधिक कर्मचारी लगायत कृषि तथा किसानसँग सम्बन्धित सरोकारवालाका लागि उपयोगी हुने विश्वास लिएको छु । पुस्तिकामा यहाँको कुनै अमुल्य सुझाव तथा पृष्ठपोषण भएमा प्राप्त हुने अपेक्षा राख्दै आगामी दिनमा यस पुस्तिकालाई थप परिष्कृत गर्दै लगिने छ।

अन्तमा, आ.व. २०८०/०८१ को अवधिमा यस आयोगको स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रगति हासिल गर्न तथा आयोगका अध्यक्षज्यू र सदस्यज्यूहरूको मार्गनिर्देशन अनुसार यस वार्षिक पुस्तिका तयार गर्न परिश्रम गर्नु हुने यस आयोगका अधिकृत कर्मचारी तथा कम्प्युटर अपरेटर लगायत कार्यालयका सम्पूर्ण सहयोगी कर्मचारी साथीहरूलाई धन्यवाद दिन चाहन्छु ।

**डा. रामनन्दन तिवारी**
**सदस्य सचिव**

# विषयसूचि

**परिच्छेद १ः परिचय**
**राष्ट्रिय किसान आयोगको संक्षिप्त परिचय**


| | | |
|---|---|---|
| १.१. | पृष्ठभूमि | १ |
| १.२. | दूरदृष्टि, लक्ष्य र ध्येय | १ |
| १.३. | मूल्य मान्यताहरू | २ |
| १.४. | आयोगको गठन र कार्यक्षेत्र | २ |
| १.५. | आयोगको काम, कर्तव्य र अधिकार | २ |
| १.६. | आयोगको अध्यक्षको काम, कर्तव्य र अधिकार | ३ |
| १.७. | आयोगका पदाधिकारीहरूको कार्य जिम्मेवारी | ४ |
| १.८. | आयोगको सचिवालयको काम कारबाही | ४ |
| १.९. | पदाधिकारी र कर्मचारी जनशक्ति विवरण | ५ |
| १.१०. | आयोगको प्रवक्ता र सूचना अधिकारीको विवरण | ७ |


**परिच्छेद २**
**किसान अधिकार सम्बन्धी व्यवस्था**


| | | |
|---|---|---|
| २.१. | नेपालको संविधान, २०७२ मा कृषि र किसान सम्बन्धी अधिकार, मौलिक हक र कर्तव्य | ८ |
| २.२. | पेशागत रूपमा किसानका विशेष अधिकार | ९ |


**परिच्छेद ३**
**आर्थिक वर्ष २०८०/८१ को कार्यक्रम र प्रगति विवरण**


| | | |
|---|---|---|
| ३. | स्वीकृत वार्षिक कार्यक्रम र प्रगति विवरण | १४ |
| ३.१. | वार्षिक तथा त्रैमासिक विनियोजित बजेट | १४ |
| ३.२. | कार्यक्रम संचालन कार्ययोजना | १५ |
| ३.३. | वार्षिक तथा त्रैमासिक प्रगति | १७ |
| ३.३.१. | वार्षिक प्रगति विवरण | १७ |
| ३.३.२. | त्रैमासिक प्रगति विवरण | १८ |
| ३.४. | आयोगका लागि विनियोजित बजेट र खर्च विवरण | १९ |
| ३.५. | आ.व. २०८०/८१ मा सम्पादित कार्यक्रम | २० |
| ३.६. | सम्पादित मुख्य मुख्य कार्यक्रमहरू विस्तृत रूपमा | २३ |
| ३.६.१. | किसान सूचीकरण कार्यक्रम | २३ |
| ३.६.२. | किसान हक, हित र अधिकार संरक्षण एवं प्रवर्द्धन सम्बन्धी अन्तरक्रिया तथा बहस कार्यक्रम | २६ |
| ३.६.३. | कृषि उपज बजारमा किसानको पहुँच सम्बन्धी कार्यक्रम | ३० |
| ३.६.४. | समसामयिक विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम | ३२ |
| ३.६.५. | राष्ट्रिय कृषि नीति, २०८०को मस्यौदामा राय/सुझाव | ३८ |
| ३.६.६. | संयुक्त अनुगमन कार्यक्रम | ४६ |

३.६.७. अन्तर्राष्ट्रिय सन्धि, सम्झौतामा भएका प्रतिबद्धताहरूको कार्यान्वयन अवस्था ४८
३.६.८. राष्ट्रियस्तरको कार्यशाला गोष्ठी ४९
३.६.९. दिवस कार्यक्रम ५०
३.६.१०. KISAN-२ प्रसार मोडेलको नतिजा र कृषि, पर्यटन र यातायात (कृपया) अवधारणा सम्बन्धी ज्ञान आदान प्रदान ५२
३.७. आयोगबाट भएका पहलकदमी र उपलब्धीहरू ५३
३.८. आर्थिक वर्ष २०८१/८२को नीति तथा कार्यक्रममा सुझाव ५५
३.९. समस्या तथा चुनौती ६१
३.१०. प्रगति अपुगका कारण ६१
३.११. आ.व. २०८०/८१ को विस्तृत खर्च विवरण ६२

**परिच्छेद ४**
**आर्थिक वर्ष २०८१/८२ को कार्यक्रम**

४.१. आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट ६८

**परिच्छेद ५**
**अनुगमन तथा गुनासो**

५.१. पदाधिकारीबाट भएका अनुगमनको विवरण ७१
५.२. गुनासो गर्न सक्ने विधि ७७
५.३. गुनासो दर्ता तथा कार्यान्वयनको अवस्था ७८

**परिच्छेद ६**
**आयोगको बैठक**

६.१. आर्थिक वर्ष २०८०/८१ मा बसेको आयोगको बैठक तथा निर्णयहरू ८०

**परिच्छेद ७**
**विविध**

७.१. आयोगबाट हालसम्म गरिएका अध्ययनको विवरण ८७
७.२. आयोगको भौतिक सम्पति सम्बन्धी विवरण ८९
७.३. प्रेस विज्ञप्ति ९२

**अनुसूचीहरू**

१: आयोगमा दर्ता भएका संघ/संगठन/संजालको विवरण ९३
२: आयोगमा दर्ता भएका विज्ञ सदस्यहरूको रोष्टरको विवरण ९६
३: किसान गुनासो सुनुवाइ एवं व्यवस्थापन प्रणाली, २०७९ १००
४: किसान संघ/संगठन दर्ता कार्यविधि, २०७४ ११२
५: पत्रपत्रिका र मिडीयामा राष्ट्रिय किसान आयोग ११८
६: कार्यक्रमका मुख्य मुख्य झलकहरू १२३

परिच्छेद १

# परिचय

## १. राष्ट्रिय किसान आयोगको संक्षिप्त परिचय

### १.१. पृष्ठभूमि

नेपालको अर्थतन्त्रमा महत्वपूर्ण योगदान गर्ने कृषि क्षेत्रको कूल ग्राहस्थ उत्पादनमा २४.१ प्रतिशत योगदान र ६७ प्रतिशत जनसंख्या रोजगारी तथा जीविकोपार्जनका लागि यस क्षेत्रमा निर्भर रहनु परेको छ। नेपालमा योजनावद्ध विकास सुरू भएदेखि नै कृषि क्षेत्रको विकासलाई उच्च प्राथमिकतामा राखिदै आएको भएतापनि अपेक्षाकृत रूपमा कृषि क्षेत्रले गति लिन नसकेको देखिन्छ। आर्थिक रूपले सकृय जनशक्ति विदेशिने क्रम बढदै जाँदा कृषि क्षेत्रमा बढ्दै गई रहेको श्रम शक्तिको अभाव, बढ्दो जग्गाको खण्डिकरण, उर्वर कृषि भूमिको गैर कृषि क्षेत्रमा प्रयोग, कृषि तथा पशुजन्य उत्पादनमा बढ्दो उत्पादन लागत, उत्पादन सामग्रीहरूको अपर्याप्तता, प्राविधिक सेवामा पहुँचको अभाव, जलवायु परिवर्तनको नकारात्मक प्रभाव र कृषि शिक्षा, अनुसन्धान र प्रसार बीच समन्वयको अभाव जस्ता समस्या तथा चुनौतीहरूले गर्दा आशातित उपलब्धी हासिल हुन सकेको देखिंदैन। संविधानमा उल्लेखित भएका किसानका हक हित र अधिकार संरक्षण र प्रवर्द्धनका लागि निर्माण हुने कानूनहरूको अभाव साथै भएका ऐन कानूनहरूको प्रभावकारी कार्यान्वयन हुन नसक्नु किसान, कृषि संरक्षण र कृषि विकासका लागि बाधक देखिएका छन्। अर्थतन्त्रको मेरूदण्डको रूपमा रहेको कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यावसायिकीकरण र विविधीकरण गरी किसानको हक हितको संरक्षण एवम् प्रवर्द्धनका लागि कृषि सम्बन्धी नीति, ऐन, कानून तथा योजना तर्जुमाको साथै कृषि अनुसन्धान र प्रसारलाई किसान मैत्री बनाई किसानहरूको हक हित र अधिकारको रक्षा गर्दै कृषि उत्पादनमा नेपाललाई आत्मनिर्भर बनाउन वाञ्छनीय भएको तथ्यलाई आत्मसात् गर्दै कृषि विकास रणनीति (सन् २०१५–३५) ले परिलक्षित गरे बमोजिमका उद्देश्य हासिल गर्न नेपाल सरकारबाट मिति २०७३ साल माघ ६ गतेमा जारी राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ अनुसार राष्ट्रिय किसान आयोग गठन भएको हो।

### १.२. दूरदृष्टि, लक्ष्य र ध्येय

**दूरदृष्टिः** आम किसानको हक हित र अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने मूल मर्मलाई आत्मसात गर्दै कृषि नै विकास र समृद्धिको आधार हो भन्ने मान्यताका साथ किसान अधिकार संस्कृतिको विकास गर्ने।

**लक्ष्यः** किसान अधिकार मैत्री वातावरण निर्माण मार्फत सबै किसानले आफूलाई प्राप्त अधिकारको निर्वाध उपभोग गर्न पाउने स्थिति निर्माण गर्ने।

**ध्येयः** विश्वव्यापी रूपमा आत्मसात् गरिएका किसान अधिकारका सिद्धान्त, मूल्य मान्यतालाई अवलम्बन गर्दै स्वतन्त्र, निष्पक्ष, विश्वसनीय तथा नेतृत्वदायी राष्ट्रिय किसान अधिकार सम्वर्द्धन र प्रवर्द्धन गर्ने संस्थाको रूपमा आयोग रहनेछ।

## १.३. मूल्य मान्यताहरू

खाद्य सम्प्रभुता सहितको किसानमुखि र आत्मनिर्भर कृषि, समानता र न्याय, निश्पक्षता, खाद्य तथा कृषि उत्पादनका साधनस्रोतमा सबै किसानको पहुँच र लाभांशको समन्यायिक बाँडफाँड, जवाफदेहिता, पारदर्शिता, स्वतन्त्रता र स्वायत्तता, सहभागिता र समावेशीकरण, विविधताको सम्मान आयोगका मूलभूत मान्यताहरू हुन् ।

## १.४. आयोगको गठन र कार्यक्षेत्र

राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ मा भएको व्यवस्था अनुसार आयोगमा अध्यक्ष, पाँच सदस्यहरू र सदस्य सचिव सहित सात जना पदाधिकारीहरूको व्यवस्था गरिएको छ। ५ जना सदस्यहरूमा किसान प्रतिनिधिहरूमध्ये एकजना महिला सहित ३ जना सदस्य, कृषि सहकारीमा आबद्ध किसान प्रतिनिधि १ जना र १ जना कृषि विज्ञ सदस्य रहने व्यवस्था छ। जसअनुसार हाल आयोगमा किसान प्रतिनिधिबाट २ जना महिला र १ जना पुरूष र समग्रमा नेपाल सरकारबाट नियुक्ति हुने पदाधिकारीहरूमा ३ जना महिला र ३ जना पुरूष रहेको अवस्था छ । आयोगको अध्यक्ष र सदस्यहरूको नियुक्ती नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष कृषि तथा पशुपन्छी विकास मन्त्री अध्यक्ष रहेको सिफारिस समितिले गर्नेछ। अध्यक्ष र सदस्यहरूको पदावधि ४ वर्षको हुनेछ। आयोगको सदस्य सचिव तथा प्रशासकीय प्रमुखको रूपमा नेपाल सरकारको राजपत्रांकित प्रथम श्रेणीको अधिकृत रहने व्यवस्था रहेको छ। आयोगको कार्यक्षेत्र नेपालभर रहनेछ।

## १.५. आयोगको काम, कर्तव्य र अधिकार

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३ साल माघ ६ गतेको निर्णय बमोजिम राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ अनुसार कृषि उत्पादन, उत्पादकत्व अभिवृद्धि गरी किसानको हक, हित र अधिकारको संरक्षण एवम् प्रवर्द्धन गर्ने कार्यसँग सम्बन्धित विषयमा नेपाल सरकारलाई सहयोग पुऱ्याउन राष्ट्रिय किसान आयोग गठन भएको हो। कार्यकारी आदेश अनुसार यस आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छ ।

क) कृषि विकास रणनीतिको सफल कार्यान्वयन गर्नको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय लगायत कृषि क्षेत्रसँग सम्बन्धित निकायहरू समक्ष समय सापेक्ष सुधारका सम्बन्धमा नेपाल सरकारलाई राय सुझाव दिने ।

ख) किसानहरूको हक हितलाई प्रवर्द्धन गर्न किसान कल्याणकारी योजना (Farmer Welfare Scheme) तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने ।

ग) नेपाल सरकारले जारी गरेका विद्यमान नीति, ऐन, नियममा किसान अधिकारमा रहेको नीतिगत भिन्नता (Policy Gap) को सम्बन्धमा अध्ययन तथा विश्लेषण गरी सुधारको लागि नेपाल सरकारलाई सुझाव दिने ।

घ) किसान हक हित अधिकार एवम् किसानहरूको राज्य प्रतिको कर्तव्य र दायित्वका लागि नयाँ नीति, ऐन वा नियमावली बनाउन नेपाल सरकारलाई सहयोग गर्ने ।

ङ) किसान अधिकारको अनुगमन, सुपरिवेक्षण गर्ने र सुधारको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

च) कृषि कार्यमा प्रयोग हुने प्राकृतिक स्रोत साधनमा किसानहरूको पँहुच बढाउने र अधिकार स्थापना गर्ने ठोस कार्य योजना नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

छ) विभिन्न बाली वस्तुहरूको बजार सरलीकरण गुणस्तर तथा लागत प्रतिस्पर्धात्मकता अभिवृद्धि र मूल्य अभिवृद्धिको आधारमा किसानले उचित मूल्य पाउने उपायको बारेमा नेपाल सरकारलाई सुझाव दिने ।

ज) वस्तुगत संघ, उत्पादक सहकारी संघ तथा किसान संजाल एवम् संगठनहरूको क्षमता अभिवृद्धि गरी किसानहरूको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने उपायहरू सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने ।

झ) किसानहरूको परम्परागत ज्ञान, सीप, प्रविधि, रैथाने जात, बीउ, नश्ल तथा किसानहरूले विकास गरेका बाली र पशु नश्लमा उनीहरूको पँहुच र प्रयोग बढाउन तथा त्यसमा किसानहरूको अधिकार स्थापना गर्न नेपाल सरकारलाई आवश्यक सुझाव दिने ।

ञ) कृषि पेशालाई आकर्षित बनाउन अवलम्बन गर्नु पर्ने किसान अधिकार सम्बन्धी नीति तथा कार्यक्रमका सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने गराउने ।

ट) संविधानले व्यवस्था गरेका किसानहरूका हक हित र अधिकारहरू कार्यान्वयन भए नभएको सम्बन्धमा अध्ययन गरी नेपाल सरकारलाई आवश्यक सिफारिस गर्ने।

ठ) किसान संघ संगठनहरू (समूह, सहकारी, गै.स.सं. बाहेक) लाई दर्ता गरी नियमन गर्ने।

ड) सरकारी तथा गैर सरकारी एवम् निजी क्षेत्रबाट संचालित नीति तथा कार्यक्रम र आयोजनाहरूबाट किसानहरूको अधिकार हनन् भएमा सम्बन्धित निकाय र नेपाल सरकारलाई जानकारी गराई आवश्यक सिफारिस गर्ने।

ढ) नेपाल सरकारले समय समयमा तोकेका अन्य काम गर्ने।

## १.६. आयोगको अध्यक्षको काम, कर्तव्य र अधिकार

राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ को दफा ८ बमोजिम आयोगको अध्यक्षको काम, कर्तव्य तथा अधिकार देहाय बजोजम रहने व्यवस्था छ।

क) आयोगसँग सम्बन्धित काम समन्वयात्मक ढङ्गले सञ्चालन गर्ने, गराउने।

ख) किसानका हक अधिकार, सेवा सुविधा एवं किसानहरूको राज्य प्रतिको कर्तव्य र दायित्व लगायत किसानसँग सम्बन्धित क्रियाकलापहरू कार्यान्वयन स्थिति बारे वार्षिक प्रतिवेदन तयार पारी नेपाल सरकारलाई बुझाउने।

ग) आयोगको नियमित बैठकको मिति, स्थान र छलफलको विषय स्वीकृत गर्ने।

घ) आयोगले सम्पादन गर्नुपर्ने काम कारबाहीबारे सदस्यको जिम्मेवारी तोक्ने।

ङ) किसान हक अधिकार र कृषि क्षेत्रमा सरोकार राख्ने निकायहरूको पृष्ठपोषण लिन तथा आयोगको कामलाई प्रभावकारी बनाउन समन्वय बैठक आयोजना गर्ने।

च) किसान हक अधिकार एवं किसानहरूको राज्य प्रतिको कर्तव्य तथा दायित्व र कृषि क्षेत्रको कार्यक्रमलाई प्रभावकारी बनाउने सम्बन्धमा सम्बन्धित निकायलाई निर्देशन दिने।

छ) नेपाल सरकारबाट तोकिए बमोजिमका अन्य काम गर्ने गराउने।

ज) आयोगका नियमित काम कारबाहीहरू अध्यक्षको निर्देशनअनुरुप सञ्चालन हुनेछन्।

झ) आयोगको काम कारबाही सम्बन्धमा अध्यक्षले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सबै निकायको कर्तव्य हुनेछ। अध्यक्षले यसरी दिएको निर्देशनका सम्बन्धमा सम्बन्धित मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ ।

## १.७. आयोगका पदाधिकारीहरूको कार्य जिम्मेवारी

आयोगको बैठकबाट आयोगका पदाधिकारीहरूको कार्य जिम्मेवारी देहाय अनुसार तोकिएको।

| क्र.सं. | पदाधिकारी | कार्य जिम्मेवारी |
|---|---|---|
| १ | डा. प्रेम प्रसाद दंगाल | समग्र कामको नेतृत्व, समन्वय, सहजीकरण र अनुगमन |
| २ | सूर्य प्रसाद खनाल | किसान संघ, संस्था दर्ता तथा मूल्यांकन एवं किसान अधिकार अनुगमन |
| ३ | मञ्जु धिमाल | परम्परागत ज्ञान, सीप, प्रविधि, रैथाने जात, बीउ, नश्ल र किसान सूचीकरण एवं वर्गीकरण |
| ४ | जीवन्ती पौडेल | गुनासो व्यवस्थापन र गैर सरकारी संघ संस्थासँग समन्वय |
| ५ | टेक बहादुर बोगटी | क्षमता अभिवृद्धि, सहकारी संघ/संस्था, किसान कल्याणकारी योजना र प्राकृतिक स्रोत साधन सम्बन्धी कार्य |
| ६ | पुष्पा भुसाल | प्राविधिक पक्ष, अध्ययन अनुसन्धान |
| ७ | सदस्य सचिव | मूल्य श्रृंखला सम्बन्धी कार्य |

## १.८. आयोगको सचिवालयको काम कारबाही

आयोगको दैनिक काम कारबाही संचालनमा आयोगलाई सहयोग पुऱ्याउने, आयोगका निर्णयहरूलाई कार्यान्वयन गर्ने साथै नेपाल सरकारबाट तोकिए बमोजिमका अन्य काम गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट आयोगमा स्वीकृत दरबन्दी बमोजिम काजमा खटाइ काम लगाउने व्यवस्था

गरिएको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयले स्वीकृत गरेको दरबन्दी अनुसार आयोगमा सदस्य सचिव सहित २७ जना कर्मचारीको व्यवस्था गरिएको छ। आयोगको केन्द्रीय सचिवालय काठमाडौंमा रहने र आवश्यकता अनुसार नेपालका विभिन्न स्थानहरूमा कार्यालय खोल्न सक्ने प्रावधान रहेको छ।

## १.९. पदाधिकारी र कर्मचारी जनशक्ति विवरण

### पदाधिकारी तर्फ

| क्र.सं. | पद | दरबन्दी | पदपूर्ति |
|---|---|---|---|
| १. | अध्यक्ष | १ | १ |
| २. | सदस्य | ५ | ५ |
| ३. | सदस्य सचिव | १ | १ |

### कर्मचारी तर्फ

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह | दरबन्दी | पदपूर्ति |
|---|---|---|---|---|---|---|
| १. | सदस्य सचिव | रा.प.प्रथम | नेपाल कृषि | समूहकृत नहुने | १ | १ |
| २. | वरिष्ठ कृषि अधिकृत | रा.प.द्धितीय | नेपाल कृषि | समूहकृत नहुने | १ | ० |
| ३. | वरिष्ठ पशु विकास अधिकृत | रा.प.द्धितीय | नेपाल कृषि | ला.पो.डे.डे. | १ | ० |
| ४. | शाखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | प्रशासन | १ | १ |
| ५. | लेखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | लेखा | १ | १ |
| ६. | कृषि अर्थविज्ञ | रा.प.तृतीय | नेपाल कृषि | एग्.इको.एण्ड मार्केटिङ् | १ | १ |
| ७. | कृषि प्रसार अधिकृत | रा.प.तृतीय | नेपाल कृषि | कृषि प्रसार | १ | १ |
| ८. | पशु विकास अधिकृत | रा.प.तृतीय | नेपाल कृषि | ला.पो.डे.डे. | १ | ० |
| ९. | प्राविधिक सहायक | रा.प.अनं.प्रथम | नेपाल कृषि | वागवानी | १ | ० |
| १०. | पशु स्वास्थ्य प्राविधिक | रा.प.अनं.प्रथम | नेपाल कृषि | ला.पो.डे.डे./भेटेरिनरी | १ | १ |
| ११. | प्राविधिक सहायक | रा.प.अनं.प्रथम | नेपाल कृषि | एग्.इको.एण्ड मार्केटिङ् | १ | ० |
| १२. | नायब सुब्बा | रा.प.अनं.प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | १ |
| १३ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | नेपाल विविध | | ३ | ३ |
| १४ | सवारी चालक | विहीन | नेपाल इन्जि. | मेकानिकल | ७ | ७ |
| १५ | कार्यालय सहयोगी | विहीन | नेपाल प्रशासन | सामान्य प्रशासन | ५ | ५ |
| | **कुल जम्मा** | | | | २७ | २२ |

## पदाधिकारीहरूको विवरण

| क्र.सं. | नाम थर | पद | इमेल | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | डा. प्रेम प्रसाद दंगाल | अध्यक्ष | premdangal@yahoo.com | ९८५१०८७७७१ |
| २. | सूर्य प्रसाद खनाल | सदस्य | suryapd.khanal@gmail.com | ९८४०५४७५३० |
| ३. | मञ्जु धिमाल | सदस्य | dhimalmanju7@gmail.com | ९८४१३६४६९१ |
| ४. | जीवन्ती पौडेल | सदस्य | poudeljiwanti@gmail.com | ९८५८४२०७१२ |
| ५. | टेक बहादुर बोगटी | सदस्य | bogatitb@gmail.com | ९८५१२५३८४५ |
| ६. | पुष्पा भुषाल | सदस्य | bhusalpushpa@gmail.com | ९८५११६७१६७ |
| ७. | डा. रामनन्दन तिवारी | सदस्य सचिव | tiwarinlbc@gmail.com | ९८४८२२७५०९ |

## हाल कार्यरत कर्मचारीहरूको विवरण

| क्र.सं. | नाम थर | पद | इमेल | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | दिपेन्द्र रावल | शाखा अधिकृत | drkusum75@gmail.com | ९८५७८६६७८८ |
| | रूपा पन्थी | लेखा अधिकृत | rjnawali@gmail.com | ९८४७१०५१३९ |
| २. | महेश सापकोटा | कृषि अर्थ विज्ञ | sapkotamahes@gmail.com | ९८५७०१४१२२ |
| ३. | राम कुमारी पाण्डे | प्रा.स. | ramu.panday2040@gmail.com | ९८४९९३६८६० |
| ४. | श्रीकृष्ण पौडेल | नायव सुब्बा | krrishpoudel144@gmail.com | ९८६०६६०९३९ |
| ५. | पुरूषोतम खड्का | क.अ. | purshottamkhadka8@gmail.com | ९८६०२७९७९० |
| ६. | सरला कार्की | क.अ. | saralakarki56@gmail.com | ९८४४१५६५८७ |
| ७. | ऋषिराज खड्का | क.अ. | peopletrustme@gmail.com | ९८४१८४२३५२ |
| ८. | राम बहादुर गुरुङ | ह.स.चा. | | ९८४१६१३८९२ |
| ९. | शंकर श्रेष्ठ | ह.स.चा. | | ९८६०६४१४२२ |
| १०. | शान्तालाल रन्जितकार | ह.स.चा. | | ९८४११०८२३५ |
| ११. | प्रकाश रिमाल | ह.स.चा. | | ९८४५५६३९२४ |
| १२. | विर बहादुर थापा मगर | ह.स.चा. | | ९८०८३०९०७६ |
| १३. | सविन महर्जन | ह.स.चा. | | ९८४९५३१६४२ |
| १४. | हरि प्रसाद भट्टराई | ह.स.चा. | | ९८४९२४८९७१ |
| १५. | पुण्यवति सिलवाल | का.स. | | ९८४१६८००८२ |
| १६. | गिता के.सी. | का.स. | kcgita891@gmail.com | ९८६०८९९८५७ |
| १७. | बिमला शर्मा | का.स. | | ९८४१७०१५१९ |
| १८. | गोकुल लम्साल | का.स. | gokullamsal5@gmail.com | ९८५११२९५५९ |
| १९. | सुजन लामा | का.स. | | ९८४३८१६७७९ |
| २०. | अर्जुन चौधरी | चौकिदार | | ९८०३९२४५३६ |
| २१. | सुन्तली श्रेष्ठ | स्वीपर | | ९८४७४८४५९६ |

## आ.व. २०८०/०८१ मा कार्यरत पूर्व कर्मचारीहरू

| क्र.सं. | नाम थर | पद |
|---|---|---|
| १. | डा. सम्झना कुमारी काफ्ले (पाण्डे) | सदस्य सचिव |
| २. | दुर्गा प्रसाद पण्डित | नि. सदस्य सचिव |
| ३. | कविता पन्थी | शाखा अधिकृत |
| ४. | शोभा ढकाल | कृषि प्रसार अधिकृत |
| ५. | इन्द्र कुमार श्रेष्ठ | नायव सुब्बा |
| ६. | मनिष कुमार यादव | नायव सुब्बा |
| ७. | उत्तम अधिकारी | ह.स.चा. |

## १.१०. आयोगको प्रवक्ता र सूचना अधिकारीको विवरण

| प्रवक्ता | सूचना अधिकारी |
|---|---|
| <br>जीवन्ती पौडेल<br>सदस्य/प्रवक्ता<br>सम्पर्क नं.: ९८५८४२०७१२<br>ईमेलः nfcnepal2017@gmail.com<br>poudeljiwanti@gmail.com | <br>राम कुमारी पाण्डे<br>पशु सेवा प्राविधिक<br>सम्पर्क नं.: ९८४९९३६८६०<br>ईमेलः nfcnepal2017@gmail.com<br>ramu.panday2040@gmail.com |

परिच्छेद २

# किसान अधिकार सम्बन्धी व्यवस्था

## २. नेपालमा किसान अधिकार सम्बन्धी व्यवस्था

### २.१. नेपालको संविधान, २०७२ मा कृषि र किसान सम्बन्धी अधिकार, मौलिक हक र कर्तव्य

नेपालको संविधान, २०७२ मा कृषि र किसान सम्बन्धी निम्न बमोजिमका मौलिक हकहरूको व्यवस्था गरिएको छ।

**धारा-३६ को उपधारा १,२ र ३ मा खाद्य सम्बन्धी हकः** १) प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ । (२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ । (३) प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ ।

**धारा-४० को उपधारा ५ मा दलितको हक :** उपधारा (५): राज्यले भूमिहीन दलितलाई कानून बमोजिम एक पटक जमिन उपलब्ध गराउनु पर्नेछ ।

**धारा-४२ को उपधारा १ र २ मा सामाजिक न्यायको हक :**

उपधारा (१): सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारू, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सिमान्तकृत, मुस्लिम, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ ।

उपधारा (२): आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ ।

उपधारा (४): प्रत्येक किसानलाई कानुन बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ ।

**धारा-५१ मा राज्यका नीतिहरू :**

नेपालको संविधान २०७२ मा कृषि र भूमि सुधार सम्बन्धी निम्न बमोजिमका नीतिहरूको व्यवस्था गरिएको छ ।

**धारा ५१ (ङ) मा कृषि र भूमिसुधार सम्बन्धी नीति :**

१) भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने,

२) अनुपस्थित भूस्वामित्वलाई निरूत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

३) किसानको हक हित संरक्षण र सम्वर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यावसायिकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने,

४) भूमिको उत्पादनशिलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने,

५) किसानका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने ।

**धारा ५१ (ज) मा नागरिकका आधारभुत आवश्यकता सम्बन्धी नीतिः** धारा ५१ (ज) को उपधारा (१२): कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरूप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने ।

**धारा ५१ (ञ) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिः** धारा ५१ (ञ) को उपधारा (६): मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने ।

## २.२. पेशागत रूपमा किसानका विशेष अधिकार

सदियौं देखि कृषिलाई आफ्नो मुख्य पेशा र माटोलाई जीविकोपार्जन र आय आर्जनको मुख्य साधन मान्दै आएका नेपाली किसानहरू आफ्ना पेशागत विशेषाधिकारबाट प्राय बञ्चित छन्। जिवनभर माटोमा पसिना सिँचेर पनि भरपेट खान र बालबच्चाको लालनपालन गर्न नसकी कष्टकर जीवन बिताउन बाध्य छन्। युवापूस्ता पलायन भै कृषि क्षेत्र दिन प्रतिदिन अमर्यादित र असुरक्षित बन्दै गएकोले कृषि पेशा बाध्यात्मक बन्दै गएको छ। उत्पादनशील जमिन बाझो र प्लटीङ् हुने क्रम बढ्दो छ। कृषि विकासकालागि विशेष योजना प्याकेज वा अभियान सञ्चालन गरी व्यापक रूपान्तरण ल्याउन सम्भव छ। वर्गीकृत किसान पहिचान अनुसार वर्गीकृत सेवा सुविधा सहितको व्यवस्थित योजना बनाउन सकिएमा कृषि पेशालाई आकर्षित मर्यादित एवं भरपर्दो बनाउन सहज हुनेछ। किसानका निम्न अधिकारहरू निर्वाध रूपले प्राप्त भएमा कृषि व्यवसाय फस्टाउनका साथै किसानको जीवनस्तर माथि उठ्न सहज हुनेछ।

### क) भूमि र प्राकृतिक श्रोतहरू माथि किसानको अग्राधिकार

भूमि उत्पादनको स्रोत प्रमुख साधन हो। भूमि, वन, कृषि र कृषि बिना किसानको परिकल्पना गर्न सकिदैन। तर हाम्रो विद्यमान भूमि प्रशासन र भूमिमा पहुँचका हिसाबले विश्लेषण गर्दा वास्तविक श्रमजीवी किसानको पहुँचमा भूमि छैन। यसले राष्ट्रिय उत्पादकत्वमा नै प्रतिकूल असर पारेको छ। उत्पादकत्व वृद्धि गर्न भूमि र श्रमको उचित संयोजन आवश्यक छ। नेपालको संविधान, २०७२ मा वैज्ञानिक भूमि सुधार मार्फत किसानको पहुँचमा भूमिको सम्बन्ध विस्तार गर्ने कुरा उल्लेख भए पनि यो हाल सम्म व्यवहारमा आउन सकेको छैन। यसलाई यथासक्य चाँडो कार्यान्वयन गरी भूमिमा श्रमजीवी किसानको अधिकार स्थापित गर्न वाञ्छनीय छ। त्यस्तै उत्पादकत्व वृद्धिमा जमिन, जल-जंगल, जैविक विविधता र चरिचरनको बिचमा अन्योन्याश्रित सम्बन्ध रहन्छ। तसर्थ तिनको प्रयोगमा किसानको अग्राधिकार स्थापित हुनु पर्दछ।

### ख) कृषि विकासका लागि आवश्यक भौतिक पूर्वाधारहरू माथि किसानको नियन्त्रण सहितको अधिकार

कुनैपनि उद्योग व्यवसाय फस्टाउन र सफल हुनका लागि त्यसको निश्चित पूर्वाधार पहिलो शर्त हुन्छ। किसान वास्तवमा कृषि व्यवसायी हुन्। यो व्यवसाय सफल हुनका लागि पनि पूर्वाधारको ठूलो महत्व रहन्छ। सिंचाई, गुणस्तरीय नश्ल, मल, बीउ, कृषि सडक, बजारको उचित व्यवस्थापन र भण्डारण, कृषि यन्त्र, सुलभ कृषि ऋण, कृषि प्रविधि, सूचना र संचार आदि कृषि विकासका प्रमुख पूर्वाधारहरू हुन्। यस्ता पूर्वाधारहरूको उचित व्यवस्थापन नभई कृषि व्यवसाय र किसानको उन्नति हुदैन। किसानहरूलाई राज्यले यी पूर्वाधारहरूको व्यवस्था गरिदिनु पर्दछ।

### ग) बीउ बिजन, नश्ल र अनुवंशिक स्रोतहरू माथिको अधिकार

शताब्दीयौं देखि किसानहरूको एकल र सामूहिक प्रयासबाट विकास गरिएका बाली तथा पशुपन्छीका जाति, प्रजाति  तथा नश्लहरूको आफ्नै महत्व तथा विशेषता छन्। आज विभिन्न वर्णशकंर पद्धतिबाट भित्रिएका बीउ बिजन र नश्ल आदिले अनुवंशीय स्रोत र मौलिक खेतीपातीको परम्परामा ठूलो चुनौती देखिएको छ। यो अनुवंशीय स्रोत र कृषि पद्धतिलाई निरन्तरता दिंदै यसलाई किसानको मौलिक बौद्धिक सम्पतिका रूपमा सुरक्षित राखिनु पर्दछ। स्थानीय बीउ, प्रविधि, तौर तरिका र सीप सहितको जैविक विविधता संरक्षण गर्ने तथा प्राकृतिक स्रोत संरक्षण, परिचालन तथा व्यवस्थापनमा स्थानीय उपभोक्ताको पूर्ण नियन्त्रण सहित अधिकार स्थापित गर्न विशेष अभियान तथा व्यवस्था गरिनु पर्दछ।

### घ) कृषि उपजको मूल्य निर्धारण गर्न पाउने अधिकार

कुनै पनि उद्योग व्यवसायीले आफ्नो उत्पादित वस्तुको मुल्य निर्धारण लागत लाभको आधारमा आफुले गर्ने गर्दछ, तर किसानले आफ्नो उपजको मुल्य निर्धारण आफै गर्न पाउँदैन। उक्त परिस्थिति अन्त्य गर्दै अन्य उद्योगीहरूले सरह किसानले पनि आफ्नो कृषि उपजको मुल्य निर्धारण

लागत लाभको आधारमा गर्न पाउने व्यवस्थाका लागि सरकारले कृषि वस्तुको न्युनतम समर्थन मुल्य तोक्दा उत्पादक किसानको सहभागितामा गराउनु पर्दछ।

**ङ) शिक्षा र रोजगारको अधिकार**

कृषि उत्पादनमा संलग्न किसान र नव युवाहरूलाई कृषि सम्बन्धी व्यावसायिक तालिम र प्रशिक्षणको उचित व्यवस्था गरी व्यावहारिक र सैद्धान्तिक शिक्षाको व्यवस्था गरिनु पर्दछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल सिकाई आदान प्रदान गर्ने व्यवस्था सहित कानुनी अधिकार तथा सरकारका नीति, नियम कानुन र कार्यक्रमहरूबारे सहज जानकारी पाउने तथा सु-सुचित हुने अधिकार ग्यारेन्टी गरिनु पर्दछ। किसानका छोरा छोरीलाई रोजगारीको सुनिश्चितता हुनु पर्दछ। कृषि उत्पादनमा महत्वपुर्ण योगदान गरेका किसानलाई रोजगारीको व्यवस्था राज्यले मिलाउनु पर्दछ।

**च) सूचना, नयाँ प्रविधि र प्रसारको हक**

कृषिसँग सम्बन्धित नयाँ प्रविधि, बजार विस्तार र बजार मुल्य लगायतका विभिन्न सूचना र जानकारी पाउनु हरेक किसानको अधिकार हो। विभिन्न पत्र पत्रिका, रेडियो, टेलिभिजन, अनलाईन, तालिम, प्रशिक्षण, गोष्ठी, भ्रमणका माध्यमबाट किसानहरूका बिचमा सूचना र प्रविधिहरूको प्रचार प्रसार गरिनु पर्दछ।

**छ) संरक्षणको अधिकार**

२३ अप्रिल, २००४ मा नेपाल विश्व व्यापार संगठनको सदस्य बने पश्चात नेपाली किसानहरूले विकसित देशहरूसँग खुला प्रतिस्पर्धा गर्नुपर्ने अवस्था आएको छ। विकसित देशहरूमा उन्नत प्रविधि, यान्त्रिकरण र राज्यबाट पूर्ण संरक्षित किसानहरूद्वारा उत्पादित कृषि वस्तुको लागत मूल्य न्यून छ। त्यसको तुलनामा हाम्रा किसानहरूको उत्पादनको लागत मूल्य बढी छ। त्यसैले किसानको प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्न राज्यले उनीहरूलाई संरक्षण गर्नु पर्दछ। देशको दुई तिहाइ जनसंख्या ओगटने किसानलाई संरक्षणका लागि कृषि उत्पादन, उत्पादनका साधन र कृषि सामग्रीमा अनुदान साथै अन्य सेवा सुविधा विस्तार गर्नु पर्दछ। यसरी संरक्षित हुन पाउनु किसानको अधिकार हो।

**ज) राहत, क्षतिपूर्ति, बीमा र वित्तीय अधिकार**

कृषि विशुद्ध रूपमा प्रकृतिसंग जोडिएको पेशा भएकोले वातावरणीय प्रभाव र प्राकृतिक हिसाबले कृषि अत्यन्त जोखिमयुक्त पेशा हो। वातावरणीय र प्राकृतिक प्रकोपका कारणले कृषि बाली वस्तुमा क्षति पुगेमा नोक्सानी हेरी राहत र क्षतिपुर्ति पाउनु किसानको अधिकार हो। राज्यले राहत र क्षतिपुर्तिका लागि विपद् व्यवस्थापन कोषका स्थापना गरी तत्काल क्षतिपुर्ति दिने कार्यलाई

अगाडी बढाउनुपर्ने साथै बाली तथा पशुपन्छी बीमालाई प्रभावकारी बनाउनु पर्छ। किसानको जीवन बीमा अनिवार्य गर्ने व्यवस्था मिलाउनु पर्दछ।

### झ) जलवायु र वातावरणीय प्रभावमा न्यायिक अधिकार

जलवायु परिर्वतनका कारणले अतिवृष्टि, अनावृष्टि, बाढी पहिरो आदिको प्रकोपबाट किसानहरू बढी प्रभावित हुने गरेका छन। त्यस्ता किसानलाई राज्यले उचित क्षतिपुर्ति उपलब्ध गराउनु पर्दछ। किसान कै कृषि कर्मले वातावरणीय सन्तुलनमा योगदान पनि पुगी राखेको हुन्छ। यसरी वातावरणीय सन्तुलनमा योगदान पुऱ्याउने किसानलाई न्याय संगत थप सेवा सुविधा र अनुदानको व्यवस्था राज्यले मिलाउनु पर्दछ। कृषिलाई वातावरणीय अनुकुलनका आधारमा थप कार्यक्रमहरू संचालनमा ल्याउनु पर्दछ।

### ञ) स्वास्थ्य सेवाको अधिकार

स्वस्थ जीवन बाँच्न पाउने किसानको अधिकार हो। किसान स्वस्थ नभएमा उसको योगदान गर्ने क्षमतामा कमी आई कृषि वस्तु उत्पादन कम हुँदै जान्छ। तसर्थ किसानलाई नि:शुल्क स्वास्थ्य सेवाको व्यवस्था राज्यले मिलाउनु पर्दछ। किसानलाई परिचयपत्रका आधारमा स्वास्थ्य बीमा तथा उपचार प्रकृयामा सहजता, निःशुल्क विशेषज्ञ सेवाको व्यवस्था मिलाई आवश्यकता अनुसार सेवामा प्राथमिकता हुनु पर्दछ।

### ट) खाद्य सम्प्रभुताको अधिकार

पोषणयुक्त, सांस्कृतिक परम्परा र वैयक्तिक रूचि अनुसारको भरपेट खान पाउने खाद्य अधिकार सबै नागरिकको नैसर्गिक अधिकार हो। राज्यले नागरिकको खाद्यान्नको प्रत्याभूति गर्नु पर्दछ। नेपालको संविधान, २०७२ ले यसलाई प्रत्याभूत गरेको छ। संविधानमा खाद्य सम्प्रभुता सुनिश्चित गर्न नेपालका विभिन्न राजनीतिक पार्टीसँग सम्बद्ध किसान संघ/संगठन सन्जालहरूको अहम भुमिका रहन्छ ।

### ठ) सम्मान र परिचयको अधिकार

समग्र नागरिकको खाद्य तथा पोषणको जिम्मेवारी बोकेको किसान वर्ग आफैंमा मर्यादित वर्ग हो। तर हाम्रो विद्यमान परम्पराले किसानलाई अपहेलित गरेको छ। सरकारी कार्यालय लगायत अन्य विभिन्न कार्यालय तथा संस्थाहरूमा किसानको उचित मर्यादा हुने अवस्था नभएकाले उनीहरू पनि स्वाभिमानका साथ अन्य वर्गका मानिसहरू जस्तै मर्यादित हुन पाउने अधिकारका व्यवस्था गरिनु पर्दछ। किसानलाई कृषि कर्म मार्फत राज्यलाई योगदान गरे वापत विशिष्ट नागरिकको सम्मान प्राप्त हुने कानुनी व्यवस्था गर्न पर्दछ।

### ड) सहभागिताको अधिकार

कृषि विकास रणनीति (सन् २०१५-२०३५) ले कृषिको हरेक नीति निर्माण तहमा किसानको सहभागितालाई अनिवार्य गरेको छ। अहिले देश संघीय, प्रदेश र स्थानीय तह गरी तीन तहमा व्यवस्थित छ। यी तीनै तहबाट गरिने कृषि विकास र खाद्य पोषण नीति निर्माण, कार्यान्वयन र अनुगमन तहमा किसान प्रतिनिधिको सहभागिता अनिवार्य हुनु पर्दछ। यसरी आफ्ना लागि तयार तथा तर्जुमा हुने नीति तथा कार्यक्रमहरूमा किसानको सहभागी हुन पाउने अधिकार किसान अधिकारको महत्वपूर्ण पाटो हो।

### ढ) सामाजिक सुरक्षा र निवृत्तिभरणको अधिकार

किसानहरूलाई राज्यका सरकारी सेवा लगायत अन्य सेवामा भएका व्यवस्था बमोजिम सामाजिक सुरक्षा र निवृतिभरणका अधिकारका लागि लामो अवधिसम्म कृषि पेशामा लागेका श्रम गर्न नसक्ने, आयस्रोतको कुनै विकल्प नभएका किसानहरूलाई राज्यले तिनीहरूलाई सामाजिक सुरक्षा र निवृतिभरणको अधिकार सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्नुपर्दछ।

परिच्छेद ३

# आर्थिक वर्ष २०८०/८१ को कार्यक्रम र प्रगति विवरण

## ३. स्वीकृत वार्षिक कार्यक्रम र प्रगति विवरण

राष्ट्रिय किसान आयोगको बजेट उपशिर्षक नं. ३१२२१०११ अन्तर्गत आर्थिक वर्ष २०८०/८१का लागि नेपाल सरकारको स्रोतबाट वार्षिक जम्मा रू ४ करोड ३५ लाख २३ हजार बजेट विनियोजन रहेको थियो। आर्थिक वर्ष २०७९/८० मा विनियोजित वार्षिक बजेट रू ४ करोड ९० लाखको तुलनामा आर्थिक वर्ष २०८०/८१को वार्षिक बजेट करिब ११ प्रतिशतले कम रहेको थियो। आर्थिक वर्ष २०८०/८१को शुरूमा आयोगका लागि बजेट शुन्य रहेको अवस्था थियो र करिब २ महिना आयोगबाट कार्यक्रमहरू संचालन हुन नसकेको र २०८० साल असोज महिनाबाट मात्र कार्यक्रमहरू संचालन गर्न शुरू गरिएको अवस्था थियो।

## ३.१. वार्षिक तथा त्रैमासिक विनियोजित बजेट

आयोगको आर्थिक वर्ष २०८०/८१को वार्षिक स्वीकृत बजेट रू ४ करोड ३५ लाख २३ हजारको पूँजिगत र चालु तर्फ र त्रैमासिक विभाजन देहाय अनुसार रहेको थियो।

**बजेट रू हजारमा**

| क्र.सं. | विवरण | बजेट | भार प्रतिशत |
|---|---|---|---|
| १ | पूँजिगत | १०,००.०० | २.३० |
| २ | चालु | ४,२५,२३.०० | ९७.७० |
| | **जम्मा** | **४,३५,२३.००** | **१००.००** |
| **क्र.सं.** | **त्रैमासिक** | **बजेट** | **भार प्रतिशत** |
| १ | पहिलो | १,१५,५३.०० | २६.५४ |
| २ | दोस्रो | १,०६,१२.०० | २४.३८ |
| ३ | तेस्रो | १,०८,८२.०० | २५.०१ |
| ४ | चौथो | १,०४,७६.०० | २४.०७ |
| **५** | **वार्षिक** | **४,३५,२३.००** | **१००.००** |




**चित्र १: आर्थिक वर्ष २०८०/८१ को बजेट र त्रैमासिक भार**

## ३.२. कार्यक्रम संचालन कार्ययोजना

आर्थिक वर्ष २०८०/८१को सुरुवातमा आयोगको बजेट शुन्य रहेकाले पहिलो त्रैमासिकको अन्तिम महिना असोजबाट मात्र कार्यक्रम संचालन शुरू गरिएको थियो। तसर्थ आर्थिक वर्ष २०८०/८१ को स्वीकृत कार्यक्रमको कार्ययोजना दोस्रो त्रैमासिक देखि तयार गरी कार्यक्रम संचालन गरिएको थियो।

| क्र.सं. | कार्यक्रम | प्रस्तावित समय | स्थान |
|---|---|---|---|
| **क.** | **दोस्रो त्रैमासिकका लागि स्वीकृत कार्यक्रमको कार्ययोजना** | | |
| १ | राष्ट्रिय कृषि नीति, २०८०को मस्यौदामा राय/सुझाव सङ्कलनका लागि अन्तरक्रिया कार्यक्रम | पौष पहिलो हप्ता | आयोगको सभाहल |
| २ | नेपालमा विद्यमान रहेका कृषि उपज बजारहरूमा किसानहरूको पहुँच वृद्धिका लागि समस्या पहिचान गरी समाधानका उपायहरू सिफारिस गर्ने | पौष दोस्रो हप्ता | सिन्धुली |
| ३ | किसान हक, हित र अधिकार संरक्षण एवं प्रवर्द्धन सम्बन्धी अन्तरक्रिया | पौष अन्तिम हप्ता | सुनसरी |
| ४ | दुग्ध क्षेत्रमा देखिएको विद्यमान समस्या समाधान सम्बन्धी सरोकारवाला निकायसँग छलफल तथा अन्तरक्रिया | पौषको अन्तिम हप्ता | आयोगको सभाहल |

| क्र.सं. | कार्यक्रम | प्रस्तावित समय | स्थान |
|---|---|---|---|
| ५ | राष्ट्रिय जैविक दिवस कार्यक्रम | पौष अन्तिम हप्ता | कृषि विभाग |
| **ख.** | **तेस्रो त्रैमासिकका लागि स्वीकृत कार्यक्रमको कार्ययोजना** | | |
| ६ | नेपालमा विद्यमान रहेका कृषि उपज बजारहरूमा किसानहरूको पहुँच वृद्धिका लागि समस्या पहिचान गरी समाधानका उपायहरू सिफारिस गर्ने | माघ र फागुन महिना | आवश्यकतानुसार |
| ७ | कृषिक्षेत्रसँग सम्बन्धित नीति/ऐन/ नियमावलीहरू सम्बन्धी नीतिगत छलफल | चैत्र महिना | आयोगको सभाहल |
| ८ | किसान सूचीकरण सम्बन्धमा समन्वयात्मक छलफल/ सहजीकरण गर्ने | फागुन पहिलो हप्ता | आयोगको सभाहल |
| ९ | कृषि क्षेत्रमा संचालित विभिन्न आयोजना/ परियोजनाहरूको संयुक्त अनुगमन गरी अन्तरक्रिया गर्ने | चैत्र महिना | सोलुखुम्बु, ओखलढुङ्गा र खोटाङ |
| १० | किसान हक हित अधिकार संरक्षण एवं प्रवर्द्धन सम्बन्धी अन्तरक्रिया | फागुन दोस्रो हप्ता | धनुषा र चितवन |
| ११ | सरोकारवाला निकायहरूसँग छलफल तथा अन्तरक्रिया | फागुन दोस्रो हप्ता | आयोगको सभाहल |
| १२ | आयोगको स्थापना दिवस | २०८० साल माघ ७ गते | आयोगको सभाहल |
| १३ | कृषि क्षेत्रमा नेपालपक्ष भएर गरिएका अन्तर्राष्ट्रिय सन्धि संझौतामा भएका प्रतिबद्धताहरूको कार्यान्वयनको अवस्था बारे छलफल तथा अन्तरक्रिया | चैत्र अन्तिम हप्ता | आयोगको सभाहल |
| **ग.** | **चौथो त्रैमासिकका लागि स्वीकृत कार्यक्रमको कार्ययोजना** | | |
| १४ | किसान सूचीकरण सम्बन्धमा समन्वयात्मक छलफल तथा सहजिकरण गर्ने | बैशाख अन्तिम हप्ता | पाल्पा र डडेलधुरा |
| १५ | सरोकारवाला निकायहरूसँग छलफल तथा अन्तरकृया:<br>१. मौरीपालक किसानका समस्या सम्बन्धमा<br>२. बंगुरपालक किसानका समस्या सम्बन्धमा | बैशाख दोस्रो हप्ता | आयोगको सभाहल |

| क्र.सं. | कार्यक्रम | प्रस्तावित समय | स्थान |
|---|---|---|---|
| १६ | कृषि क्षेत्रमा संचालित विभिन्न आयोजना/ परियोजनाहरुको संयुक्त अनुगमन गरी अन्तरक्रिया गर्ने | बैशाख तेस्रो हप्ता र जेठ पहिलो हप्ता | मुस्ताङ्, स्याङ्जा र कास्की मधेश प्रदेश |
| १७ | विभिन्न दिवस कार्यक्रमः राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सव | असार तेस्रो हप्ता | काभ्रे |
| १८ | नेपालमा विद्यमान रहेका कृषि उपज बजारहरूमा किसानहरूको पहुँच वृद्धिका लागि समस्या पहिचान गरी समाधानका उपायहरू सिफारिस गर्ने | जेठ पहिलो हप्ता | आयोगको सभाहल |
| १९ | कृषि क्षेत्रमा नेपालपक्ष भएर गरिएका अन्तर्राष्ट्रिय सन्धी संझौतामा भएका प्रतिबद्धताहरूको कार्यान्वयनको अवस्था बारे छलफल तथा अन्तरक्रिया | जेठ अन्तिम हप्ता | आयोगको सभाहल |
| २० | निर्वाचित जनप्रतिनिधि, कृषि संचारकर्मी, कृषि अधिकार कर्मी, सहकारी कर्मी, उत्पादक किसान व्यवसायीहरू सँग किसान हक हित अधिकार सुनिश्चितताका लागि बहस कार्यक्रम | जेठ अन्तिम हप्ता | सुनसरी |
| २१ | कृषिक्षेत्रसँग सम्बन्धित नीति/ऐन/नियमावलीहरू सम्बन्धी नीतिगत छलफल | जेठ अन्तिम हप्ता | आयोगको सभाहल |

## ३.३. वार्षिक तथा त्रैमासिक प्रगति

आयोगको आर्थिक वर्ष २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसारको वार्षिक र त्रैमासिक अवधिको प्रगति विवरण देहाय अनुसार रहेको छ।

### ३.३.१. वार्षिक प्रगति विवरण

आर्थिक वर्ष २०८०/८१का लागि स्वीकृत वार्षिक बजेट रू ४ करोड ३५ लाख २३ हजार मध्ये वार्षिक रूपमा जम्मा रू ३ करोड ८ लाख १३ हजार खर्च भएको जस अनुसार वार्षिक वित्तीय प्रगति जम्मा ७०.८१ प्रतिशत भएको थियो। वार्षिक बजेट मध्ये पूँजीगत तर्फ रू १० लाख विनियोजित भएकोमा करिब रू ९ लाख ७७ हजार खर्च भई पूँजिगत तर्फ जम्मा ९७.७० प्रतिशत वित्तीय प्रगति र चालु तर्फ विनियोजित बजेट रू ४ करोड २५ लाख २३ हजार मध्ये रू २ करोड ९८ लाख ३६ हजार खर्च भई चालु तर्फ जम्मा ७०.१६ प्रतिशत वित्तीय प्रगति भएको थियो।

**बजेट रू हजारमा**

| क्र.सं. | विवरण | वार्षिक विनियोजित बजेट | वार्षिक खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | पूँजीगत | १०,००.०० | ९,७७.०० | ९७.७० |
| २ | चालु | ४,२५,२३.०० | २,९८,३६.०० | ७०.१६ |
| ३ | **वार्षिक** | **४,३५,२३.००** | **३,०८,१३.००** | **७०.८१** |

आर्थिक वर्ष २०८०।८१का लागि तोकिएको लक्ष्य भार १०० प्रतिशत अन्तर्गत एकमुस्ट भारित प्रगति जम्मा ८५.३४ प्रतिशत हासिल भएको थियो।

### ३.३.२. त्रैमासिक प्रगति विवरण

आर्थिक वर्ष २०८०/८१का लागि स्वीकृत वार्षिक बजेट अनुसार विनियोजित त्रैमासिक बजेट अनुसारको भारित र वित्तीय प्रगति तलको तालिकामा उल्लेख गरिएको छ। पहिलो, दोस्रो, तेस्रो र चौथो त्रैमासिकका लागि विनियोजित बजेटको तुलनामा वित्तीय प्रगति क्रमशः ६१.१०, ५५.३९, ७५.७० र ८९.४८ प्रतिशत रहेको र भारित प्रगति क्रमशः ७५.२३, ७५.५४, ८३.६१ र ८५.७७ रहेको थियो।

**रकम रू हजारमा**

| क्र.सं. | त्रैमासिक | विनियोजित बजेट | खर्च रकम | खर्च प्रतिशत | भारित प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| १ | पहिलो | १,१५,५३.०० | ७०,६१.०० | ६१.१० | ७५.२३ |
| २ | दोस्रो | १,०६,१२.०० | ५८,८०.०० | ५५.३९ | ७५.५४ |
| ३ | तेस्रो | १,०८,८२.०० | ८२,४०.०० | ७५.७० | ८३.६१ |
| ४ | चौथो | १,०४,७६.०० | ९३,७७.०० | ८९.४८ | ८५.७७ |
| ५ | **वार्षिक** | **४,३५,२३.००** | **३,०८,१३.००** | **७०.८१** | **८५.३४** |




चित्र २: आर्थिक वर्ष २०८०।८१को प्रगति विवरण

## ३.४. आयोगका लागि विनियोजित बजेट र खर्च विवरण

राष्ट्रिय किसान आयोगको स्थापनाकाल देखि हालसम्म आयोगका लागि वार्षिक रूपमा विनियोजित बजेट र वार्षिक खर्च रकम र प्रतिशत र प्रत्येक आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्षमा विनियोजित बजेटको तुलनामा थप/घट भएको विनियोजित बजेटको प्रतिशत देहायको तालिकामा उल्लेख गरिएको छ। समग्रमा आर्थिक वर्ष २०८०/८१ सम्म आयोगका लागि ३७ करोड ७४ लाख ३९ हजार बजेट विनियोजन भई करिब २८ करोड ४८ लाख ६१ हजार रकम खर्च भई करिब ७५ प्रतिशतको हाराहारीमा वित्तीय प्रगति रहेको आयोगमा रहेको अभिलेखबाट देखिन्छ।

**रकम रू हजारमा**

| क्र.सं. | आर्थिक वर्ष | वार्षिक विनियोजित बजेट | वार्षिक खर्च रकम | खर्च प्रतिशत | अघिल्लो वर्षको विनियोजित बजेटसँगको तुलनामा थप/घट बजेट प्रतिशत |
|---|---|---|---|---|---|
| १ | २०८१।८२ | ३९०००.०० | - | - | -१०.३९ |
| २ | २०८०।८१ | ४३५२३.०० | ३०८१३.०० | ७०.८० | -११.१८ |
| ३ | २०७९।८० | ४९०००.०० | ३३५९५.०० | ६८.५६ | ५.६० |
| ४ | २०७८।७९ | ४६४००.०० | ३३१८६.०० | ७१.५२ | २६.७८ |
| ५ | २०७७।७८ | ३६६००.०० | २४१८१.०० | ६६.०७ | -२७.६७ |
| ६ | २०७६।७७ | ५०६००.०० | ३४७६३.१९ | ६८.७० | -१०.९२ |
| ७ | २०७५।७६ | ५६८००.०० | ४६५२७.२० | ८१.९१ | -३९.९० |
| ८ | २०७४।७५ | ९४५१६.०० | ८१७९६.०० | ८६.५४ | - |
| जम्मा (आ.व. २०८०/८१ सम्म) | | ३७७४३९.०० | २८४८६१.३९ | ७५.४७ | |

## ३.५. आ.व. २०८०/८१ मा सम्पादित कार्यक्रम

आर्थिक वर्ष २०८०/८१ मा आयोगबाट पहिलो त्रैमासिकमा ३ वटा, दोस्रो त्रैमासिकमा ६ वटा, तेस्रो त्रैमासिकमा १० वटा र चौथो त्रैमासिकमा १० वटा कार्यक्रम गरी वार्षिक रूपमा २९ वटा कार्यक्रम संचालन गरिएको थियो। यी कार्यक्रमहरू अन्तर्गत किसान सूचीकरण कार्यक्रमको कार्यान्वयन सम्बन्धी अन्तरक्रिया कार्यक्रम; जनप्रतिनिधि तथा कृषि अधिकारकर्मीसँग किसान हक, हित र अधिकार सुनिश्चितताका लागि बहस कार्यक्रम, राष्ट्रिय कृषि नीति-२०८०को मस्यौदामा सुझाव तथा पृष्ठपोषणका लागि अन्तरक्रियात्मक छलफल, कृषि बजारमा किसानको पहुँच वृद्धि सम्बन्धमा स्थलगत अध्ययन तथा सरोकारवालासँग अन्तरक्रिया र समसामयिक विषय अन्तर्गत दुग्ध उत्पादक किसानका समस्या समाधान सम्बन्धी छलफल तथा अन्तरक्रिया, कृषि कर्जामा किसानको पहुँच सम्बन्धी छलफल तथा अन्तरक्रिया, मौरीपालक किसानको समस्या समाधान सम्बन्धी छलफल तथा अन्तरक्रिया, बंगुरपालक किसानका समस्या समाधान सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम र दिवस कार्यक्रमहरू अन्तर्गत विश्व खाद्य दिवस, कृषि जैविक विविधता दिवस, आयोगको स्थापना दिवस र २१औं राष्ट्रिय धान दिवस रहेका थिए। उल्लिखित कार्यक्रमहरू आयोगको सभाहल काठमाडौंमा र उपत्यका बाहिरका जिल्लामा संचालन गरिएका थिए। आयोगको सभाहल, काठमाडौंमा १२ वटा र ललितपुरमा १ र काठमाडौं स्थित कृषि बजारमा एक पटक गरी जम्मा १४ वटा कार्यक्रम काठमाडौं उपत्यकामा र काठमाडौं उपत्यका बाहिर जम्मा १५ वटा कार्यक्रम संचालन गरिएको थियो। प्रदेश अनुसार हेर्दा सुदूरपश्चिममा १, कर्णाली १, लुम्बिनी ३, गण्डकी ३, बागमती १८ (आयोगको सभाहलमा संचालन गरिएका १२ वटा कार्यक्रम सहित), मधेश १ र कोशी प्रदेशमा ४ वटा कार्यक्रम संचालन गरिएको थियो। एउटै कार्यक्रम संचालन गर्दा एक भन्दा बढी प्रदेश समेटिएकाले कूल संख्या बढी आएको देखिएको हो। आर्थिक वर्ष २०८०/८१ मा आयोगबाट संचालन गरिएका मुख्य कार्यक्रमहरू देहाय अनुसार रहेका छन्।

| क्र.सं. | कार्यक्रम | मिति | स्तर | स्थान |
|---|---|---|---|---|
| | | | केन्द्रीय/प्रदेश | |
| **पहिलो त्रैमासिक** | | | | |
| १ | निर्वाचित जनप्रतिनिधि, कृषि संचारकर्मी, कृषि अधिकारकर्मी, सहकारीकर्मी, उत्पादक कृषक र व्यवसायीहरूसँग किसान हक, हित र अधिकार सुनिश्चितताको लागि बहस कार्यक्रम | २०८०।०६।१८ | कर्णाली | सुर्खेत |
| २ | संघ र प्रदेशबाट संचालित कृषि विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयन सम्बन्धमा राष्ट्रियस्तरको कार्यशाला गोष्ठी | २०८०।०६।२१ र २०८०।०६।२२ | केन्द्रीय | आयोगको सभाहल |
| ३ | ४३औं विश्व खाद्य दिवसको सन्दर्भमा कृषि सहकारी संस्थानमा आबद्ध कृषकहरू बीच अन्तरक्रिया कार्यक्रम | २०८०।०६।३० | बागमती | ललितपुर |

| क्र.सं. | कार्यक्रम | मिति | स्तर | स्थान |
|---|---|---|---|---|
| | | | केन्द्रीय/प्रदेश | |
| **दोस्रो त्रैमासिक** | | | | |
| ४ | राष्ट्रिय कृषि नीति, २०८०को मस्यौदामा अन्तरक्रिया कार्यक्रम | २०८०।०९।०३ | केन्द्रीय | आयोगको सभाहल |
| ५ | किसान हक, हित र अधिकार संरक्षण एवं प्रवर्द्धन सम्बन्धी अन्तरक्रिया कार्यक्रम | २०८०।०९।२६ | कोशी | सुनसरी |
| ६ | नेपालमा विद्यमान कृषि उपज बजारमा किसानहरूको पहुँच वृद्धिका लागि समस्या पहिचान गरी समाधानका उपायहरू सिफारिस गर्ने सम्बन्धी कार्यक्रम | २०८०।०९।०६ देखि २०८०।०९।११ | बागमती | सिन्धुली |
| ७ | | २०८०।०९।२३ देखि २०८०।०९।२७ | लुम्बिनी र गण्डकी | रूपन्देही र नवलपुर |
| ८ | | २०८०।०९।२४ देखि २०८०।०९।२७ | कोशी | सुनसरी र मोरङ |
| ९ | | २०८०।०९।२९ देखि २०८०।१०।०६ | गण्डकी र बागमती | कास्की, स्याङ्जा र चितवन |
| **तेस्रो त्रैमासिक** | | | | |
| १० | राष्ट्रिय किसान आयोगको सातौं स्थापना दिवसका सन्दर्भमा अन्तरक्रिया कार्यक्रम | २०८०।१०।०७ | केन्द्रीय | आयोगको सभाहल |
| ११ | दुग्ध क्षेत्रको समस्या र समाधानका विषयमा सरोकारवाला निकायसँग अन्तरक्रिया कार्यक्रम | २०८०।१०।१८ | केन्द्रीय | आयोगको सभाहल |
| १२ | नेपालमा विद्यमान कृषि उपज बजारमा किसानहरूको पहुँच वृद्धिका लागि समस्या पहिचान गरी समाधानका उपायहरू सिफारिस गर्ने सम्बन्धी कार्यक्रम | २०८०।१०।२० देखि २०८०।१०।२४ | लुम्बिनी | बाँके |
| १३ | किसान सूचीकरणको कार्यान्वयनका सम्बन्धमा छलफल तथा अन्तरक्रिया कार्यक्रम | २०८०।११।०२ | केन्द्रीय | आयोगको सभाहल |

| क्र.सं. | कार्यक्रम | मिति | स्तर | स्थान |
|---|---|---|---|---|
| | | | केन्द्रीय/प्रदेश | |
| १४ | नेपालमा विद्यमान कृषि उपज बजारमा किसानहरूको पहुँच वृद्धिका लागि समस्या पहिचान गरी समाधानका उपायहरू सिफारिस गर्ने सम्बन्धी कार्यक्रम | २०८०।११।०५ देखि २०८०।११।०९ | बागमती | काठमाडौं |
| १५ | कृषि कर्जामा किसानको पहुँच सम्बन्धमा छलफल तथा अन्तरक्रिया कार्यक्रम | २०८०।११।११ | केन्द्रीय | आयोगको सभाहल |
| १६ | किसान हक, हित र अधिकार संरक्षण एवं प्रवर्द्धन सम्बन्धी अन्तरक्रिया कार्यक्रम | २०८०।११।२० | मधेश | धनुषा |
| १७ | | २०८०।११।२० | बागमती | चितवन |
| १८ | आ.व. २०८१/८२ को नीति तथा कार्यक्रममा छलफल, अन्तरक्रिया तथा पृष्ठपोषण | २०८०।१२।१८ | केन्द्रीय | आयोगको सभाहल |
| १९ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट संचालित कार्यक्रमको संयुक्त अनुगमन | २०८०।१२।२२ देखि २०८०।१२।२८ | कोशी | सोलुखुम्बु, ओखलढुङ्गा र खोटाङ |
| **चौथो त्रैमासिक** | | | | |
| २० | मौरीपालक किसानका समस्या समाधान सम्बन्धी सरोकारवाला निकायसँग अन्तरक्रियात्मक छलफल कार्यक्रम | २०८१।०१।१४ | केन्द्रीय | आयोगको सभाहल |
| २१ | नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजनाबाट संचालित कार्यक्रमको संयुक्त अनुगमन | २०८१।०१।१७ देखि २०८१।०१।२३ | गण्डकी | कास्की, मुस्ताङ् र स्याङ्जा |
| २२ | बंगुरपालक किसानका समस्या समाधान सम्बन्धी सरोकारवाला निकायसँग अन्तरक्रियात्मक छलफल कार्यक्रम | २०८१।०१।१८ | केन्द्रीय | आयोगको सभाहल |
| २३ | किसान सूचीकरण कार्यक्रमको कार्यान्वयनका सम्बन्धमा अन्तरक्रियात्मक छलफल कार्यक्रम | २०८१।०१।२५ | लुम्बिनी | पाल्पा |
| २४ | | २०८१।०१।२७ | सुदूरपश्चिम | डडेल्धुरा |
| २५ | कृषि बजारमा किसानहरूको पहुँच सम्बन्धमा परामर्श कार्यक्रम | २०८१।०२।०९ | केन्द्रीय | आयोगको सभाहल |
| २६ | कृषि क्षेत्रमा नेपाल पक्ष भएर गरिएका अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएका प्रतिबद्धताहरूको कार्यान्वयनको अवस्था बारे छलफल तथा अन्तरक्रिया कार्यक्रम | २०८१।०२।२२ | केन्द्रीय | आयोगको सभाहल |

| क्र.सं. | कार्यक्रम | मिति | स्तर | स्थान |
|---|---|---|---|---|
| | | | केन्द्रीय/प्रदेश | |
| २७ | किसान हक, हित र अधिकार सुनिश्चितताको लागि जनप्रतिनिधि लगायत सरोकारवालासँग बहस कार्यक्रम | २०८१।०२।२५ | कोशी | सुनसरी |
| २८ | २१औं राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सव, २०८१ कार्यक्रम | २०८१।०३।१५ | बागमती | काभ्रे |
| २९ | KISAN-2 प्रसार मोडलको नतिजा र कृषि, पर्यटन र यातायात (कृपया) अवधारणा सम्बन्धी ज्ञान तथा सीप आदान प्रदान छलफल कार्यक्रम | २०८१।०३।१६ | केन्द्रीय | आयोगको सभाहल |

## ३.६. सम्पादित मुख्य मुख्य कार्यक्रमहरू विस्तृत रूपमा

माथि तालिकामा उल्लिखित कार्यक्रमहरूको विस्तृत विवरण तल उल्लेख गरिएको छ।

### ३.६.१. किसान सूचीकरण कार्यक्रम

कृषि विकास कार्यक्रमलाई वैज्ञानिक, पारदर्शी र प्रभावकारी बनाउन; कृषि क्षेत्रमा किसानलाई प्रवाह भएका सेवा, सुविधाहरूलाई व्यवस्थित गरी राष्ट्रिय तथ्याङ्क प्रणालीलाई मजबुत बनाउनुका साथै आम किसानको मनोबल उच्च बनाउँदै कृषि पेशामा आकर्षित र कृषि विकासमा उत्प्रेरित गरी समग्रमा कृषि सुशासन प्रवर्द्धन गर्ने उद्देश्यका साथ वि.सं. २०७७ साल देखि किसानहरूको सूचीकरण गर्ने कार्यक्रम भइराखेको अवस्था छ। कृषि गणना-२०७८ अनुसार नेपाल भर कुल जम्मा ४१ लाख ३१ हजार किसान परिवार रहेको र आर्थिक वर्ष २०८१/८२मा सबै किसान घरधुरीको विवरण किसान सूचीकरणका लागि विकास गरिएको सफ्टवेयरमा प्रविष्टी गरी सक्ने लक्ष्य रहेको छ। वास्तविक किसानको पहिचान हुन किसान सूचीकरण कार्यक्रम एक महत्त्वपूर्ण कार्यक्रम हो। आयोगको स्वीकृत वार्षिक कार्यक्रम अनुसार आयोगको सभाहल, काठमाडौंमा र लुम्बिनी प्रदेशको पाल्पामा र सुदूरपश्चिम प्रदेशको डडेलधुरामा १/१ दिने किसान सूचीकरण कार्यक्रमको प्रभावकारी कार्यान्वयन सम्बन्धमा अन्तरक्रियात्मक छलफल कार्यक्रम संचालन गरिएको थियो।

क) किसान सूचीकरण कार्यक्रम कार्यान्वयनको वर्तमान अवस्था, कार्यान्वयनमा देखिएका समस्या र यसको समाधान बारे छलफल गर्ने र किसान सूचीकरण कार्यक्रममा स्थानीय तहको भूमिका प्रभावकारी बनाउन आगामी कार्यदिशा बारे छलफल गर्ने उद्देश्यका साथ सञ्चालन गरिएको अन्तरक्रियात्मक कार्यक्रम मिति २०८० साल फागुन २ गतेका दिन आयोगका अध्यक्ष डा. प्रेम प्रसाद दंगालको अध्यक्षता र संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयका माननीय मन्त्री डा. बेदुराम भुसालको प्रमुख आतिथ्यता, आयोगका सदस्यहरूको उपस्थिति विभिन्न

पालिकाका ८ जना प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्ष, कृषि तथा पशुपन्छी विकास मन्त्रालय र मातहत निकायका सहसचिव, किसानका पेशागत संघ/संगठन/सञ्जाल र प्रत्यक्ष किसानहरूको सहभागितामा आयोगको सभाहल कीर्तिपुर, काठमाडौंमा १ दिने "किसान सूचीकरणको कार्यान्वयनका सम्बन्धमा छलफल तथा अन्तरक्रिया कार्यक्रम" संचालन गरिएको थियो। कार्यक्रममा किसान सूचीकरण कार्यक्रमको जिम्मेवार निकाय कृषि सूचना तथा प्रशिक्षण केन्द्रका प्रमुख (सहसचिव) श्री प्रकाशकुमार संजेलबाट "किसान सूचीकरण कार्यक्रम: वर्तमान अवस्था, चुनौती/सबाल तथा आगामी कार्यदिशा" सम्बन्धी कार्यपत्र प्रस्तुती भएको थियो। छलफलको क्रममा अधिकांश स्थानीय तहले किसान सूचीकरणको औचित्य र यसको महत्त्व केन्द्रले बुझाउन नसक्दा यो कार्यक्रमलाई प्राथमिकता दिन नसकिएको र आगामी दिनमा यस कार्यक्रमलाई प्राथमिकतामा राखी सम्पन्न गर्ने विषय व्यक्त भएको थियो। किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ मा तोकिएको विवरण सफ्टवेयरमा प्रविष्टी कार्यमा विविध समस्याहरू देखिएकाले तथ्याङ्क प्रविष्टीमा ढिला हुन गएको उपस्थित सहभागीहरूबाट जानकारी प्राप्त भएको थियो। किसान सूचीकरण कार्यक्रम सम्पन्न गरी किसानहरूको वर्गीकरणका साथै किसान परिचयपत्र वितरण गरी कृषि पेशालाई व्यावसायिक र मर्यादित बनाउने, किसानहरूले पाउने सम्पूर्ण सेवा सुविधा किसान परिचयपत्रका आधारमा अघि बढाउने र किसान सूचीकरणको बाँकी कार्य आर्थिक वर्ष २०८१/८२ भित्र सक्ने लक्ष्य रहेको कृषि सूचना तथा प्रशिक्षण केन्द्रबाट जानकारी गराइएको थियो।

ख) स्थानीय तहबाट किसान सूचीकरण कार्यक्रमलाई प्राथमिकता दिई सम्पन्न गर्न प्रेरित गर्ने उद्देश्यले मिति २०८० साल फागुन २ गते काठमाडौंमा भएको अन्तरक्रियाबाट स्थानीय तहमा किसान सूचीकरणको महत्त्व र औचित्य स्पष्ट पार्न आवश्यक रहेको सुझाव प्राप्त भए बमोजिम लुम्बिनी प्रदेशको पाल्पा र सुदूरपश्चिम प्रदेशको डडेलधुरामा स्थानीय तहका जनप्रतिनिधि, पालिकाका सम्बन्धित कर्मचारी र सरोकारवाला निकाय तथा किसान संघ/संगठन सम्मिलित १/१ दिने प्रदेशस्तरीय छलफल तथा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गरिएको थियो। मिति २०८० साल बैशाख २५ गते लुम्बिनी प्रदेशको पाल्पामा किसान सूचीकरण कार्यक्रमको प्रभावकारी कार्यान्वयनका सम्बन्धमा आयोगका सदस्य श्री पुष्पा भुसालको अध्यक्षतामा अन्तरक्रिया कार्यक्रम संचालन गरिएको थियो। उक्त कार्यक्रममा आयोगको तर्फबाट २ वटा प्रस्तुती गरिएको थियो। आयोगका सदस्य श्री पुष्पा भुसालबाट 'राष्ट्रिय किसान आयोग र किसानका अधिकार' सम्बन्धमा र आयोगका सदस्य सचिव डा. रामनन्दन तिवारीबाट 'किसान सूचीकरण कार्यक्रम: वर्तमान अवस्था, चुनौती, सबाल तथा आगामी कार्यदिशा' सम्बन्धमा प्रस्तुती भएको थियो।

यससँगै किसान सूचीकरण कार्यक्रमको प्रभावकारी कार्यान्वयनका सम्बन्धमा मिति २०८० साल बैशाख २७ गतेका दिन आयोगका सदस्य श्री जीवन्ती पौडेलको अध्यक्षता र सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय टिका थापाको प्रमुख आतिथ्यता, र जिल्ला समन्वय समितिका प्रमुख (डडेलधुरा, डोटी र बैतडी) को विशेष आतिथ्यता र विभिन्न पालिकाका प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्ष, सरोकारवाला निकायबाट प्रतिनिधि, किसानका पेशागत संघ/संगठन र प्रत्यक्ष किसानहरूको सहभागितामा

डडेलधुरामा १ दिने अन्तरक्रियात्मक कार्यक्रम संचालन गरिएको थियो। उक्त कार्यक्रममा समेत आयोगका सदस्य श्री जीवन्ती पौडेलबाट 'राष्ट्रिय किसान आयोग र किसानका अधिकार' सम्बन्धमा र आयोगका सदस्य सचिव डा. रामनन्दन तिवारीबाट 'किसान सूचीकरण कार्यक्रम: वर्तमान अवस्था, चुनौती, सबाल तथा आगामी कार्यदिशा' सम्बन्धमा २ वटा प्रस्तुती भएको थियो।

लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा संचालित छलफल तथा अन्तरक्रिया कार्यक्रमबाट प्राप्त सुझावहरू देहाय अनुसार रहेका थिए।

- छलफलमा उपस्थित सहभागीहरूले सफ्टवेयरमा तथ्याङ्क प्रविष्टीमा समस्या आएको, गणकले पाउने सेवा सुविधा न्यून रहेको र किसान सूचीकरण सम्बन्धमा तीनै तहका सरकारको जिम्मेवारी तोकी सचेतनामुलक कार्यक्रम संचालन गर्नुपर्ने। यसै गरी उक्त कार्यक्रममा किसान सूचीकरणको महत्त्वबारे प्रकाश पार्न आवश्यक रहेको महशुस हुनुका साथै किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा संचालन निर्देशिका, २०८०को संशोधित मस्यौदा यथासक्य छिटो स्वीकृत गरी कार्यान्वयनमा लैजानुपर्ने,
- किसान सूचीकरण कार्य सम्पन्न गर्नका लागि आवश्यक दक्ष जनशक्ति सहित छुट्टै नयाँ आधिकारिक संगठन संरचना तोकिनु पर्ने वा कृषि सूचना तथा प्रशिक्षण केन्द्र, ललितपुरलाई आवश्यक दक्ष जनशक्ति तथा स्रोत साधन सहित किसान सूचीकरण कार्यक्रम कार्यान्वयन कार्ययोजनाको मन्त्रालयबाट स्वीकृत गरी समयमा सम्पन्न गर्ने गरी परिचालन गरिनु पर्ने,
- तीनै तहका सरकार तथा सरोकारवालाको स्पष्ट जिम्मेवारी सहित किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा संचालन निर्देशिका, २०८० को संशोधित मस्यौदा यथाशिघ्र स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्ने,
- हालसम्मको तथ्याङ्कलाई हेर्दा किसान सूचीकरणको सफ्टवेरमा तथ्याङ्क प्रविष्टी र प्रमाणिकरण बीच ठूलो अन्तर रहेको, वर्गीकरणको आधारमा किसान परिचयपत्र वितरण हुन नसकेको, धेरै पालिकामा यस सम्बन्धी जानकारी नभएको तथा तालिम प्राप्त जनशक्ति नभएका गुनासो प्राप्त भएकोले संघ/प्रदेशका निकायबाट सम्बन्धित पालिकाहरूको क्षमता विकास गरी किसान सूचीकरण कार्यक्रम कार्यान्वयनमा आवश्यक सहयोगका लागि पहल गरिनु पर्ने,
- किसान सूचीकरण भई पहिचान भएका किसानहरूको वर्गीकरण, खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली, २०८० बमोजिम वर्गीकरण प्रक्रियालाई शुरु गरी किसान परिचयपत्र वितरण गर्ने र किसान परिचयपत्रलाई कृषि कर्जा, बीमा, अनुदान, बीउ बिजन, नश्ल, मल लगायत राज्यको सेवा सुविधासँग आबद्ध गरिनुपर्ने,
- व्यक्तिको गोपनियताको हकको सुनिश्चितताका लागि सरकारले किसानका व्यक्तिगत सूचनाको सुरक्षा प्रदान गर्ने व्यवस्थापन मिलाई कार्यान्वयनमा लैजानुपर्ने,

- किसान सूचीकरणको प्रभावकारी कार्यान्वयनमा राष्ट्रिय किसान आयोगले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने लगायतका सुझावहरू रहेका थिए।

यसै सन्दर्भमा मिति २०८१ साल जेठ १ गतेका दिन बसेको आयोगको ५२औं बैठकमा किसान सूचीकरण कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आयोगले नेतृत्वदायी भूमिका निर्वाह गर्ने समेत निर्णय भएको थियो।

### ३.६.२. किसान हक, हित र अधिकार संरक्षण एवं प्रवर्द्धन सम्बन्धी अन्तरक्रिया तथा बहस कार्यक्रम

किसान र कृषि क्षेत्रको समस्या पहिचान तथा समस्याहरूको समाधानका लागि आयोगले काम गर्दै आइराखेको र कृषि क्षेत्रको विकास र किसानहरूलाई अधिकार सम्पन्न बनाउनका लागि जनप्रतिनिधि लगायत सरोकारवालसंग किसान हक, हित र अधिकार सुनिश्चितता सम्बन्धी बहस तथा अन्तरक्रियात्मक कार्यक्रम संचालन गरिएको थियो। कर्णाली र कोशी प्रदेशमा १/१ पटक गरी जम्मा २ वटा बहस कार्यक्रम संचालन गरिएको थियो भने किसान हक, हित र अधिकार संरक्षण एवं प्रवर्द्धन सम्बन्धी अन्तरक्रिया कार्यक्रम कोशी, बागमती र मधेश प्रदेशमा गरी ३ वटा अन्तरक्रियात्मक कार्यक्रम गरी जम्मा ५ वटा कार्यक्रम संचालन गरिएको थियो।

क) **२०८० साल असोज १८ गतेका दिन कर्णाली प्रदेशको सुर्खेत**मा आयोगका सदस्य श्री टेक बहादुर बोगटीको अध्यक्षतामा कर्णाली प्रदेशका प्रमुख राजनीतिक दलका प्रमुख सचेतकहरू, विभिन्न पालिकाका प्रमुख/उपप्रमुख तथा अध्यक्ष/ उपाध्यक्ष, सरोकारवाला निकाय, किसानका पेशागत संघ/संगठन/सञ्जाल र प्रत्यक्ष किसानहरूको सहभागितामा निर्वाचित जनप्रतिनिधि, कृषि संचारकर्मी, कृषि अधिकारकर्मी, सहकारीकर्मी, उत्पादक कृषक र व्यवसायीहरूसँग किसान हक, हित र अधिकार सुनिश्चितताका लागि १ दिने बहस कार्यक्रम संचालन गरिएको थियो। कार्यक्रममा उपस्थित सहभागीहरूबाट आफ्ना विषय सहज तरिकाले राख्न प्रेरित गर्ने उद्देश्यले पत्रकार महासंघ, सुर्खेत जिल्लाका सचिवबाट कार्यक्रम संचालन गरिएको थियो। सहभागीबाट कृषि उत्पादन सामग्रीको सहज र सर्वसुलभ उपलब्धता हुनु पर्ने, किसानका उत्पादनले उचित मूल्य प्राप्तिका लागि बजारको व्यवस्था, कृषिसँग सम्बन्धित नीति तथा कार्यक्रम तर्जुमामा किसानको सहभागिता, प्राङ्गारिक खेती प्रवर्द्धन, खेतबारीमा प्राविधिक सेवा र कृषिसँग सम्बन्धित अनुदानमा वास्तविक किसानको पहुँच हुनुपर्ने विषय उठेका थिए। बहस कार्यक्रममा उपस्थित प्रदेश सभाका माननीयहरूबाट कृषि वस्तुमा आत्मनिर्भर र आयात प्रतिस्थापनका लागि प्रदेश तहमा आवश्यक नीति कार्यक्रम तर्जुमा गरी वार्षिक कार्यक्रममा समावेश गर्नु पर्ने, बाँझो जग्गा उपयोगका लागि आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गर्नु पर्ने, युवाहरूलाई कृषि पेशामा आकर्षित गराउनका लागि विशेष कार्यक्रम ल्याउनु पर्ने, किसान सूचीकरण कार्यक्रमलाई छिटो सम्पन्न गरी किसान परिचयपत्रका आधारमा कृषिको अनुदान वास्तविक किसानमा पुऱ्याउने, प्राङ्गारिक खेती प्रवर्द्धनका लागि विशेष कार्यक्रम ल्याउने र सम्भावनाका आधारमा अन्य उच्च मूल्यका कृषि वस्तुहरूको उत्पादनमा विशेष जोड दिने प्रतिबद्धता भएका थिए।

**ख) मिति २०८१ साल जेठ २५ गतेका दिन कोशी प्रदेशको सुनसरी जिल्लाको तरहरामा** आयोगका अध्यक्ष डा. प्रेम प्रसाद दंगालको अध्यक्षता, संघीय कृषि तथा पशुपन्छी विकास मन्त्री माननीय ज्वाला कुमारी साहको प्रमुख आतिथ्यता, आयोगका सदस्यद्वय श्री मञ्जु धिमाल र श्री टेक बहादुर बोगटीको उपस्थिति र विभिन्न पालिकाका प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्ष, सरोकारवाला निकाय, किसानका पेशागत संघ/संगठन र प्रत्यक्ष किसानहरूको सहभागितामा किसान हक, हित र अधिकार सुनिश्चितताका लागि जनप्रतिनिधि लगायत सरोकारवालासँग १ दिने बहस कार्यक्रम संचालन गरिएको थियो। किसानले आफ्ना जिज्ञासा, समस्या र गुनासो उपस्थित जनप्रतिनिधि तथा सेवा प्रदायक निकायलाई राखेका थिए भने सेवा प्रवाह गर्ने निकायबाट आफ्ना नीति कार्यक्रम बारे किसानलाई जानकारी गराइएको थियो। जनप्रतिनिधिले कृषि तथा किसानका सबालका विषयमा आफ्नो धारणा तथा प्रतिबद्धता समेत जनाएका थिए। कार्यक्रममा उपस्थित सहभागीहरूबाट प्राप्त सुझावहरू देहाय अनुसार रहेका थिए।

१. सुनसरी जिल्लामा सुपारी खेतीको प्रवर्द्धनका लागि कृषि ज्ञान केन्द्र, सुनसरीमा बजेट विनियोजन गरिनुपर्ने। सो सँगै सुपारी खेती सम्बन्धी तालिम र रोग कीरा व्यवस्थापनका लागि प्राविधिकहरूको उपलब्धताका साथै आवश्यक मात्रामा बिरूवाको व्यवस्था गरिनुपर्ने।

२. कृषिसँग सम्बन्धित नीति तथा कार्यक्रम र योजनाहरू माथिल्लो तहबाट निर्माण गरी आउने गरेको जसका कारण किसानहरूको आवश्यकता अनुसार योजनाहरू निर्माण नभएकाले योजना निर्माणमा किसानहरूलाई पनि सहभागिता गराउनुपर्ने र किसानहरूको माग सङ्कलन गरी किसानका मागका आधारमा योजना तर्जुमा गरिनुपर्ने।

३. कृषि क्षेत्रको विकासका लागि कृषिमा अनुदान भन्दा पनि न्यून ब्याजदर र बिना धितो कृषि ऋणको व्यवस्था हुन सकेमा बढी प्रभावकारी हुने।

४. प्रत्येक किसानहरूलाई सिंचाईको व्यवस्था गरी सहुलितयपूर्ण कृषि मिटरको व्यवस्था गरिनुपर्ने।

५. उत्पादित कृषि वस्तुलाई उद्योगसँग जोड्नुपर्ने आजको मूख्य आवश्यकता हो। धेरै उद्योगहरू सञ्चालन गर्न सक्ने अवस्था नभएकाले बन्द गर्नुपर्ने अवस्थामा पुगेका र कति उद्योगहरू बन्द नै भै-सकेको अवस्थामा सरकारले यस्ता उद्योगहरू पुनसंचालनमा पहलकदमी लिनुपर्ने।

६. कृषि खेती गरिने माटोमा अत्याधिक मात्रामा विषादी र रासायनिक मलको प्रयोगका कारण माटोको उर्वराशक्तिमा ह्रास आएकाले माटोलाई स्वच्छ बनाउनका लागि प्राङ्गारिक मल र जैविक विषादीको प्रयोगमा जोड दिइनुपर्ने।

७. हिमाल र पहाडी क्षेत्रबाट बढ्दो बसाइ सराइका कारण खेती योग्य जमिन बाँझो रहने अवस्था रहेको र उत्पादित कृषि बालीमा समेत बाँदर लगायत अन्य जङ्गली जनावरहरूको आतङ्कका कारण बालीनालीमा निकै धेरै क्षति हुने गरेको र जङ्गली जनावरबाट हुने क्षति न्यूनिकरणका लागि विशेष योजना ल्याइनुपर्ने।

८. रैथाने बालीहरूको बीउ मासिँदै गएकाले यस्को संरक्षण एवं पोष्टिक मात्रा धेरै भएको यस्ता बालीहरूको प्रवर्द्धनका लागि आर्थिक वर्ष २०८१।८२ मा स्थान विशेष कार्यक्रमहरू तर्जुमा गरिनुपर्ने।

९. लामो समय देखि पीडित रहेका दूध उत्पादक किसानहरूको बक्यौता रकम यथासक्य चाडै भुक्तानी गरिनुपर्ने। साथै अफ्रिकन स्वाइन फिवरका कारण धरासय बनेको बंगुर व्यवसाय पुनर्स्थापनाका लागि पहलकदमी लिइनुपर्ने।

१०. स्थानीयतहमा कृषि खेतीको सम्भाव्यता अध्ययन तथा माटो जाँच समेत गरी सो को आधारमा बृहत्तर रूपमा तोकिएको बालीहरू खेती गरी उत्पादन बढाइ आयात प्रतिस्थापन तर्फ जोड दिइनुपर्ने।

११. भूमिको वर्गीकरण किसान मैत्री नभएको। जग्गा बाँझो राख्न नपाउने व्यवस्था गरिनुपर्ने र करको दायरा बढाउनुपर्ने। स्थानीय तहबाट खेती योग्य जमिनलाई आवासीय भनेर वर्गीकरण गरिएकाले उक्त विषय सच्याउनुपर्ने।

१२. कृषि क्षेत्रको विकासका लागि प्रदेश र स्थानीय तहबाट न्यून रकम छुट्याउने गरेकाले कृषि विकासका लागि लगानी वृद्धि गरिनुपर्ने।

१३. विभिन्न प्राकृतिक प्रकोपका कारण वर्षेनी किसानहरूले धेरै क्षति बेहोर्नुपर्ने भएकाले कृषि, पशुपन्छी र मत्स्य बीमा कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडी बढाउनुपर्ने। बीमा सरल र तुरून्त भुक्तानी पाउने व्यवस्था मिलाउनुपर्ने।

१४. नयाँ प्रविधि विकास बारे समय मै जानकारी गराउने कार्यक्रम, प्रविधिको प्रसार र कृषि यान्त्रीकरणमा कृषकको पहुँचमा हुनुपर्ने।

१५. एक पालिका एक कृषि बजार र एक पालिका एक शित भण्डारको व्यवस्था गरी स्थानीय कृषकहरूलाई कृषि पेशा तर्फ प्रोत्साहन गरिनुपर्ने।

ग) **मिति २०८० साल पुस २६ गते कोशी प्रदेश अन्तर्गत सुनसरीको तरहरा**मा किसान हक, हित र अधिकार संरक्षण एवं प्रवर्द्धन सम्बन्धी १ दिने अन्तरक्रिया कार्यक्रम आयोगका सदस्य श्री टेक बहादुर बोगटीको अध्यक्षता र आयोगका सदस्य श्री मञ्जु धिमालको उपस्थितिमा सम्पन्न भएको थियो।

घ) **मिति २०८० साल फागुन २० गते मधेश प्रदेश अन्तर्गत धनुषाको जनकपुर**मा आयोगका अध्यक्ष डा. प्रेम प्रसाद दंगालको अध्यक्षता र आयोगका सदस्य श्री पुष्पा भुसालको उपस्थितिमा किसान हक, हित र अधिकार संरक्षण एवं प्रवर्द्धन सम्बन्धी १ दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो।

ङ) **मिति २०८० साल फागुन २० गते बाग्मती प्रदेश अन्तर्गत चितवनको भरतपुर**मा आयोगका सदस्य श्री सूर्य प्रसाद खनालको अध्यक्षता र आयोगका सदस्य श्री टेक बहादुर बोगटीको उपस्थितिमा किसान हक, हित र अधिकार संरक्षण एवं प्रवर्द्धन सम्बन्धी १ दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो।

उक्त कार्यक्रमहरूमा उपस्थित सहभागीहरूसँगको छलफल तथा अन्तरक्रियाबाट किसानका हक, हित र अधिकार संरक्षण एवं प्रवर्द्धनका सम्बन्धमा प्राप्त सुझावहरू देहाय अनुसार रहेका छन्।

- कृषि यन्त्र तथा उपकरण र सामग्रीमा भन्सार छुटको व्यवस्था गरिनुपर्ने।
- कृषि खेतबारीमा बाँदर, निल गाई, बँदेल लगायत जंगली जनावरको हानी नोक्सानीलाई व्यवस्थापन गर्नका लागि स्थानीय तहबाट तारबारको व्यवस्था गरिनुपर्ने र बाँदर नियन्त्रणका लागि उपयुक्त उपायको खोजी गरी छिटो किसानलाई सहयोग गर्नुपर्ने।
- बाली वस्तुको ३ सिजन नै उत्पादन गर्न तथा उत्पादकत्त्व वृद्धिका लागि पर्याप्त सिंचाइ सुविधाको व्यवस्था गरिनुपर्ने।
- किसान सूचीकरण कार्यक्रम छिटो सम्पन्न गरी किसानको वर्गीकरण गरी किसान परिचयपत्र यथासक्य चाँडै वितरण गरी कृषिसँग सम्बन्धित सम्पूर्ण सेवा सुविधा र अनुदानलाई किसान परिचयपत्रसँग आबद्ध गरिनुपर्ने।
- नेपाली कृषि वस्तुहरूको उत्पादन लागत बढी भएका कारण आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न कठिनाइ भएकाले बजारीकरणमा समस्या देखिएको र परिणाम स्वरूप किसानका उपजहरू विक्री हुन नसकी किसान मारमा परेको अवस्थालाई व्यवस्थापन गर्न सरकारका निकायहरूबाट बिक्री नभएका वस्तुहरू उचित मूल्यमा खरीद गरिदिने व्यवस्था वा उत्पादक र खरिदकर्ता बीच अग्रिम खरीद बिक्री सम्झौता गरी बजारीकरणको सुनिश्चितता गरिनुपर्ने।
- कृषिमा नगद वा वस्तुगत अनुदानको सट्टा सहुलियतपूर्ण कृषि कर्जाको सरल तथा सहज पहुँचको व्यवस्था गरिनुपर्ने।
- कृषिमा संलग्न व्यवसायी वा उद्यमीलाई कृषि मिटरको व्यवस्था गरी विद्युत महशुलमा सहुलियत व्यवस्था गरिनुपर्ने।
- हालसम्म संचालनमा आउन नसकेका तथा निर्माण सम्पन्न हुन नसकेका कृषिका पूर्वाधारहरूको पहिचान गरी पुनर्निर्माण र संचालन गर्नुपर्ने व्यवस्था मिलाइनुपर्ने।
- किसानका सन्ततीलाई उच्च शिक्षामा विशेष कोटाको व्यवस्था गरिनुपर्ने।
- कृषि उपजको सहज ओसार-पसारका लागि सवारी साधनको छुट्टै नम्बर प्लेटको व्यवस्था तथा कृषि एम्बुलेन्सको व्यवस्था गरिनुपर्ने।
- संघ, प्रदेश र स्थानीय तहबाट संचालन हुने कार्यक्रममा हुने दोहोरोपनालाई हटाउन सरकारका निकायहरूले समन्वयात्मक प्रणाली विकास गरी कार्यान्वयन गर्नुपर्ने।
- स्थानीय तहबाट कार्यक्रम तर्जुमा गर्दा किसानको सहभागिता अनिवार्य गराइनुपर्ने र मागमा आधारित कृषि कार्यक्रमलाई प्राथमिकता दिई संचालन गरिनुपर्ने।
- कृषि, पशुपन्छी र मत्स्य बीमा प्रभावकारी रूपमा संचालन गरिनुपर्ने। बीमाको दाबी भुक्तानी प्रक्रिया सहज तथा तोकिएको समयमा भुक्तानी हुने व्यवस्थाको कडाइका साथ कार्यान्वयन हुनु पर्ने ।

- सरकारी तथा गैर सरकारी निकायबाट छिटो छरितो प्राविधिक सेवा उपलब्ध गराइनुपर्ने।
- बाँझो कृषि भूमि उपयोगका लागि भूमि बैंकको अवधारणा कार्यान्वयन गर्दै स्थानीय तहबाट जमिन उपलब्ध गराइनुपर्ने।
- विषादीको बढ्दो प्रयोग र यसले मानव स्वास्थ्यमा पुऱ्याउने असरलाई ध्यानमा राखी प्राङ्गारिक खेती प्रणाली तर्फ प्रेरित गर्ने गरी तिनै तहका सरकारका निकायहरूले योजना निर्माण गर्नुपर्ने लगायतका सुझावहरू रहेका थिए।

### ३.६.३. कृषि उपज बजारमा किसानको पहुँच सम्बन्धी कार्यक्रम

कृषि क्षेत्रको समग्र विकासका लागि बजारको उचित प्रवर्द्धन गर्नु पहिलो शर्त हो। किसानले उत्पादन गरेको वस्तुको उचित मूल्य दिलाउनका लागि दिगो बजार प्रणाली विकासमा जोड दिन सकिए मात्र कृषि पेशालाई मर्यादित तथा सम्मानजनक तथा आकर्षक पेशाका रूपमा स्थापित गर्न सहज अवस्थाको सिर्जना गर्न सकिन्छ। विगत केही दशक देखि नै किसानले उत्पादन गरेको वस्तुहरूको उचित मुल्य नपाएको गुनासो सुनिंदै आएको र विभिन्न संचार माध्यममा उचित मूल्य नपाएकै कारणले किसानले उत्पादित वस्तुहरू खेतबारीमा नै जोत्नुपर्ने बाध्यता वा सडकमा फालेको समाचार आइराखेको अवस्था समेत छ। दूध उत्पादक किसानले बिक्री गरेको दूधको भुक्तानी नपाएका कारण चितवनको भरतपुर महानगरपालिका, नवलपुर लगायतका स्थानमा दूध सडकमा फालेको समाचार संचार माध्यममा आएका थिए। यस्ता किसिमका समस्याका कारण कृषि व्यवसायमा नकारात्मक असर परेकाले हाल रहेका कृषि बजारमा किसानको पहुँच वृद्धि गर्दा किसानले उचित मूल्य पाउन सक्ने अवस्था रहन्छ । यसको आधारमा बजारमा किसानको पहुँच वृद्धिका लागि देखिएका समस्या पहिचान गरी समाधानका उपायहरू सिफारिस गर्ने उद्देश्यका साथ देहायका बजारहरूमा स्थलगत अध्ययन, अनुगमन तथा छलफल गरिएको थियो। यसका साथै आयोगको अन्य अनुगमनका क्रममा धनुषाको ढल्केबरमा स्थित कृषि बजार व्यवस्थापन समितिमा आयोगका अध्यक्ष र विज्ञ सदस्यबाट अनुगमन गरिएको थियो। तत् पश्चात आयोगको सभाहलमा सम्बन्धित विज्ञ तथा सरोकारवालाहरूसंग परामर्श कार्यक्रम सञ्चालन गरिएको थियो ।

| क्र.सं. | मिति | अनुगमन गरिएको बजार/ठेगाना | अनुगमन गर्ने मुख्य पदाधिकारी |
|---|---|---|---|
| १. | २०८०/०८/१२ - ०८/१४ | कृषि बजार व्यवस्थापन समिति, अत्तरीया, कैलाली | डा. प्रेम प्रसाद दंगाल |
| २. | २०८०/०९/०६ - ०९/११ | कृषि बजार व्यवस्थापन समिति, सिन्धुली | डा. रामनन्दन तिवारी |
| ३. | २०८०/०९/२३ - ०९/२७ | कृषि बजार व्यवस्थापन समिति, रूपन्देही र नवलपुर | सूर्य प्रसाद खनाल र पुष्पा भुसाल |

| क्र.सं. | मिति | अनुगमन गरिएको बजार/ठेगाना | अनुगमन गर्ने मुख्य पदाधिकारी |
|---|---|---|---|
| ४. | २०८०/०९/२९ - १०/०६ | कृषि बजार व्यवस्थापन समिति, कास्की र सहकारी, नीजि र पालिकाबाट संचालित बजारहरू, चितवन | जीवन्ती पौडेल |
| ५. | २०८०/०९/२४ - ०९/२७ | कृषि बजार व्यवस्थापन समिति, धरान, सुनसरी | मञ्जु धिमाल |
| ६. | २०८०/१०/२० - १०/२४ | कृषि बजार व्यवस्थापन समिति, कोहलपुर, बाँके | जीवन्ती पौडेल |
| ७. | २०८०/११/०५ - ११/०९ | रैथाने एगृ प्रोडक्टस, दरबारमार्ग र बुढानिलकण्ठ; कालिमाटी फलफूल तथा तरकारी बजार विकास समिति, कालिमाटी | जीवन्ती पौडेल र पुष्पा भुसाल |

विभिन्न स्थान र सरोकारवाला निकायसँग गरिएको स्थलगत अध्ययन अन्तरक्रिया कार्यक्रमबाट प्राप्त सुझावहरू देहाय अनुसार रहेका छन्।

- नेपाल सरकारको स्वामित्त्वमा संचालित कृषि बजारमा प्राविधिक सहितको दक्ष जनशक्तिको व्यवस्थापन गरिनुपर्ने। कृषिका पूर्वाधार निर्माणमा सहज हुनेगरी कृषि इन्जिनियरिङ्गको जनशक्ति व्यवस्थापनमा जोड दिनुपर्ने।
- बजारमा कोल्ड च्याम्बर सहितको भण्डारण सुविधाका लागि पूर्वाधार निर्माण गरिनुपर्ने।
- कृषि उपज बजारमा स्थापना गरिएका विषादी अवशेष द्रुत विश्लेषण एकाईमा दक्ष तथा तालिम प्राप्त प्राविधिक कर्मचारीको व्यवस्थापन र विषादी परीक्षणको दायरा र क्षमता समेत बढाइनुपर्ने।
- कृषि उपजको सहज ढुवानीका लागि छुट्टै नम्बर प्लेट र कृषि एम्बुलेन्स संचालनमा ल्याइनुपर्ने।
- कृषि बजारमा कृषि वस्तुहरूको मूल्य निर्धारणमा किसानहरू समेतको सहभागितामा गरिनुपर्ने र निर्धारण गरिएको मूल्य सबै उपभोक्ता र किसानहरूले सजिलै देख्न सक्ने गरी प्रदर्शन बोर्ड (Digital Display) राखिनुपर्ने।
- स्वस्थकर कृषि उपज तथा पशुपन्छी, मत्स्यजन्य पदार्थको खपत वृद्धि गर्ने गरी सचेतना बढाउनु पर्ने।
- सार्वजनिक निकाय, विद्यालय र कार्यालयको दिवा खाजामा स्वदेशी कृषि उत्पादनलाई प्रोत्साहन गरिनुपर्ने।

- देशकै ठूलो बजार कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिलाई प्रयाप्त मात्रामा उचित पूर्वाधारको व्यवस्थापन सहित व्यवस्थित ढङ्गले नमुना बजारको रूपमा संचालन गरिनुपर्ने। उत्पादक किसान, समूह र सहकारी वा नीजि फर्मलाई स्टल उपलब्ध गराइनुपर्ने।
- किसानका लागि छुट्याइएको स्टल संख्यामा किसान बीच मात्र प्रतिस्पर्धा गराइनुपर्ने र त्यस्ता स्टल संख्या कम्तिमा कुल संख्याको ४० प्रतिशत छुट्याइनुपर्ने।
- रैथाने बाली तथा उपजहरूको संरक्षण एवं प्रवर्द्धन कार्यमा संलग्न रही कार्य गरिरहेका व्यवसाय फर्मको मनोबल उच्च राख्न नेपाल सरकारले उचित ध्यान दिनुपर्ने।
- कृषि बजारमा रैथाने बाली तथा उपजहरूको समेत गुणस्तर परीक्षण र विषादी परीक्षण कार्य गरिनुपर्ने।
- सहुलियतपूर्ण कृषि कर्जामा बजारमा संलग्न उत्पादक किसान तथा व्यापारीको समेत पहुँच वृद्धिमा सहजिकरण गरिनुपर्ने।
- कृषि उपजको लेबलिङ् र प्याकिङ्मा सहजिकरण गरिनुपर्ने।
- अर्गानिक कृषि वस्तुको उत्पादनमा संलग्न किसानहरूलाई सहुलियतको व्यवस्था गरिनुपर्ने।

### ३.६.४. समसामयिक विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम

### क. दुग्ध क्षेत्रमा देखिएका समस्या समाधान सम्बन्धी अन्तरक्रियात्मक छलफल कार्यक्रम

मिति २०८० साल माघ १८ गतेका दिन आयोगको सभाहलमा आयोगका अध्यक्ष डा. प्रेम प्रसाद दंगालको अध्यक्षता र कृषि तथा पशुपन्छी विकास मन्त्रालयका श्रीमान् सचिव डा. रेवती रमण पौडेलको विशेष उपस्थितिमा लामो समय देखि दूध उत्पादक किसानले बिक्री गरेको दूधको मूल्य भुक्तानी नपाएको र दुग्ध क्षेत्रमा देखिएको समस्या समाधान सम्बन्धी दूध उत्पादक किसान सहित विभिन्न सरोकारवाला निकाय सम्मिलित १ दिने अन्तरक्रियात्मक छलफल कार्यक्रम सम्पन्न गरिएको थियो। कार्यक्रम, आयोगका सदस्यहरूको समेत उपस्थितिमा प्रभावकारी ढङ्गले सम्पन्न गरिएको थियो। सहभागीहरूबाट प्राप्त सुझाव र मिति २०८० साल फागुन १३ गते बसेको आयोगको ४७औं बैठकले देहायका सुझाव कार्यान्वयन गर्न निर्णय भए अनुसार आयोगको मिति २०८०/११/१५, च.नं. १९८ र १९९ को पत्र मार्फत निर्णय कार्यान्वयनका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय र गृह मन्त्रालयमा पठाइएको थियो।

- नेपाल सरकारको स्वामित्त्वमा रहेको दुग्ध विकास संस्थान र निजीस्तरका डेरी उद्योगहरूबाट किसानहरूको लामो समय देखि बक्यौता रहेको दूधको रकम यथाशिघ्र सम्बन्धित निकायबाट भुक्तानी हुन पहल गर्नुपर्ने।
- दुग्ध विकास संस्थान र निजीस्तरका डेरी उद्योगहरूबाट साविक बमोजिम नियमित रूपमा दूध खरिद, सङ्कलन तथा भुक्तानी कार्य निरन्तर रूपमा हुन पहल गर्नुपर्ने।

- विभिन्न बहानामा घोषित वा अघोषित Milk Holiday को अन्त्य गर्नका लागि स्थायी पहल गर्नुपर्ने।
- दूध तथा दुग्धजन्य पदार्थहरूको अवैध कारोबारको नियन्त्रणमा पहल गर्नुपर्ने।
- अवैध रूपमा आयात भएका तथा गुणस्तरहीन दूध तथा दुग्धजन्य पदार्थहरूको नियमन गरी सम्बन्धितलाई कानुनी कारबाही गर्नुपर्ने।

**ख. कृषि कर्जामा कृषकको पहुँच सम्बन्धमा अन्तरक्रियात्मक छलफल कार्यक्रम**

मिति २०८० साल फागुन ११ गतेका दिन आयोगको सभाहलमा आयोगका अध्यक्ष डा. प्रेम प्रसाद दंगालको अध्यक्षता, आयोगका सदस्यहरूको उपस्थिति, कृषि तथा पशुपन्छी विकास मन्त्रालयका श्रीमान् सचिव डा. गोविन्द प्रसाद शर्माको विशेष उपस्थितिमा कृषि क्षेत्रमा उपलब्ध हुने सहुलियत ब्याजदरको कृषि कर्जामा किसानको पहुँच सम्बन्धमा उत्पादक किसान, नेपाल राष्ट्र बैंकको निर्देशक र सेवा प्रदायक निकायबाट कार्यपत्र प्रस्तुती सहित विभिन्न सरोकारवाला निकाय सम्मिलित १ दिने अन्तरक्रियात्मक छलफल कार्यक्रम सम्पन्न गरिएको थियो। कार्यक्रममा उपस्थित सहभागीहरूबाट प्राप्त सुझाव र मिति २०८१ साल बैशाख १६ गते बसेको आयोगको ५०औं बैठकले देहायका सुझाव कार्यान्वयन गर्ने निर्णय भए अनुसार आयोगको मिति २०८१/०१/२०, च.नं. २६७, २६८ र २७० को पत्र मार्फत निर्णय कार्यान्वयनका लागि नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय र संघीय मामिला तथा सामान्य प्राशासन मन्त्रालय (स्थानीय तहमा पत्राचार प्रयोजन) मा पठाइएको थियो।

- कृषि व्यवसाय प्रर्वद्धन नीति, २०६३ को दफा ३.३ मा किटान गरिएका कृषि उत्पादन क्षेत्रहरूमा कृषि व्यवसाय ऋण सम्बन्धित सरकारी, गैरसरकारी, सहकारी तथा नीजि क्षेत्रको सहकार्यमा एकिकृत रूपमा सुनिश्चित गरिनेछ भन्ने विषयलाई कार्यान्वयन गर्ने गरी एकिकृत कोष निर्माणका लागि आधिकारीक बैंक तोकी प्रभावकारी ढंगले संचालन गर्नुपर्ने।
- कृषि क्षेत्रले राज्यको कुल ग्राहस्थ उत्पादनमा २४.१ प्रतिशत योगदान पुऱ्याउनुका साथै यो क्षेत्र राज्यको प्राथमिकता क्षेत्र समेत भएको हुनाले यस क्षेत्रमा बैंकहरूबाट अनिवार्य १५ प्रतिशत लगानी गर्ने नीति बनाई प्रभावकारी कार्यान्वयन गर्ने।
- सहुलियत दरको कृषि कर्जामा दिइदै आएको ब्याज अनुदानलाई निरन्तरता दिइनु पर्ने र सरकारको लगानी दोब्बर वृद्धि गरिनु पर्ने। बैंकहरुबाट सहुलियत दरको कृषि कर्जा प्रवाह गर्दा उत्पादन वा प्रशोधन उद्योग कुन क्षेत्र हो एकीन गरी उत्पादन क्षेत्रमा कुल लगानीको २ तिहाई कर्जा प्रवाह गर्नु पर्ने। सहुलियतपूर्ण कृषि कर्जा कार्यक्रममा साना तथा मध्यम उत्पादक किसान केन्द्रित गरिनु पर्ने।
- सम्पूर्ण बैंक तथा वित्तीय संस्थाका शाखाहरूबाट साना, मध्यम तथा ठुला उत्पादन किसानलाई केन्द्रीत गरी कृषि कर्जाको प्रभावकारी प्रवाह हुनुपर्ने। यसका साथै लघुवित्त तथा सहकारीबाट समेत सहुलियतपूर्ण कृषि कर्जा प्रवाह हुने व्यवस्था हुनुपर्ने।प्रशोधन तथा कृषि जन्य उद्यमीलाई पनि कृषि कर्जाको पहुँच दिनुपर्ने।
- सिमान्तकृत तथा साना विपन्न, मध्यम किसानका लागि न्यूनतम २ प्रतिशत ब्याजदरमा कृषि कर्जा उपलब्ध गराइनु पर्ने।

- सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकिकृत कार्यविधि, २०७५ को दफा १ मा भएको बैंक तथा वित्तीय संस्थाहरूले व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा प्रदान गर्दा १० लाख रूपैया सम्म एकाघर परिवारका सदस्यको व्यक्तिगत जमिनका आधारमा र त्यस भन्दा बढी कर्जाको लागि व्यावसायिक परियोजना धितोमा कर्जा प्रवाह गर्न सक्ने प्रावधानको प्रभावकारी कार्यान्वयन हुनुपर्ने।
- यसका साथै कृषि ऋण प्रवाह गर्दा समेत व्यावसायिक परियोजना धितोमा कर्जा प्रवाह गर्न सक्ने प्रावधानको प्रभावकारी कार्यान्वयन हुनु पर्ने।
- कृषि व्यवसाय प्रर्वद्धन नीति, २०६३ को दफा ३.९ मा कृषि व्यवसायमा कर्जा लगानी गर्दा कृषि व्यवसायबाट आय प्राप्त हुन सक्ने (Gestation Period) सम्भावनाका आधारमा कर्जा भुक्तानी हुने नीतिगत व्यवस्था अनुसार नै बाली वा पशु वस्तुको उत्पादन भई प्रतिफलको आधारमा कृषि कर्जाको भुक्तानी तालीका सहित लगानी प्रवाह गर्नुपर्ने।
- बैंकहरूबाट कृषि क्षेत्रमा लगानी भएका कर्जाहरूमा यदि हर्जाना साँवासँग जोड्ने गरिएको छ भने त्यस्तो व्यवस्था सुधार गरी हर्जानालाई साँवामा नभई ब्याजमै हिसाब मिलान गर्ने व्यवस्था सहितको नीति बनाई लागु गर्नुपर्ने ।
- झंझटिलो भएको भन्ने किसानहरूबाट पटक पटक आएको गुनासोमा बैंकको कागजात र प्रक्रिया आएकोमा यसको समाधानमा बैंकहरूको नियामक निकाय नेपाल राष्ट्र बैंकले सरल र सहज रूपमा किसानले बुझ्नेगरी कागजात र प्रक्रिया सहज अवलम्बन गर्नु पर्ने। बैंकहरूमा कृषि कर्जा सहजिकरणका लागि एउटा छुट्टै हेल्प डेस्कको स्थापना गर्नुपर्ने।
- कृषि सम्बन्धी प्रदेशका जिल्ला स्थित कार्यालय तथा स्थानीय तहका कृषि तथा पशुपन्छी विकास शाखामा कार्यरत प्राविधिकहरूको कार्य जिम्मेवारीमा किसानलाई कृषि कर्जा तथा बीमा कार्यक्रम संचालनमा सहजिकरण गर्ने गरी तोक्नका लागि सम्बन्धित निकायहरूलाई अनुरोध गर्ने।
- बैंकहरूबाट किसान वा व्यवसायीले कर्जा लिँदाको बखतको ब्याजदर स्थिर नभई बढ्ने जोखिमबाट किसान वा व्यवसायीलाई संरक्षण गर्ने गरी बैंकहरूले नीतिगत सुधार गर्नुपर्ने।
- पहिचानका आधारमा व्यावसायिक ठूला किसानका लागि कृषि कर्जाको सिमा १० करोड सम्म पुऱ्याउने र भुक्तानी अवधि ५ वर्षको हुनु पर्ने तथापि कृषिका कतिपय क्षेत्रमा भएका लागानीको प्रतिफल ढिला प्राप्त हुने हुनाले वस्तुपरक तथा यथार्थको आधारमा भुक्तानी अवधि थप ५ वर्ष नविकरण हुनु पर्ने।यस प्रविधि मार्फत उर्जा सदुपयोगको स्थानीय स्तरमा सम्पूर्ण अनुगमन गरिनु पर्ने ।
- दैवी प्रकोप अथवा महामारीजन्य रोगका कारण कृषि व्यवसायमा भएको क्षतिको मूल्याङ्कन गरी त्यस्ता किसान वा कृषि व्यवसायीहरूलाई पुन: कर्जाको व्यवस्था मिलाउनका लागि सरोकारवालासँग छलफल गरी तत्काल कार्यक्रमहरू बनाइनुपर्ने।
- कृषि कर्जाको प्रभावकारी सदुपयोगको लागि प्रत्येक स्थानीय तह स्तरमा सम्बन्धित स्थानीय तहको प्रमुखको संयोजकत्वमा समन्वय तथा अनुगमन समिति गठन गरिनु पर्ने तथा कृषि

ऋणको प्रभावकारिताको बारेमा अनुगमन गरी वार्षिक रूपमा नेपाल राष्ट्र बैंक तथा कृषि क्षेत्रसँग सम्बन्धित मन्त्रालयमा प्रतिवेदन बुझाउने व्यवस्था गर्नु पर्ने।

- किसान सूचीकरण कार्यक्रम यथाशिघ्र सम्पन्न गरी किसान वर्गीकरण गरी किसान परिचयपत्र वितरण गरिनु पर्ने। कृषि कर्जा र बीमा राज्यका सेवा सुविधालाई किसान परिचयपत्रसँग आबद्ध गरिनु पर्ने, आदी रहेका थिए।

**ग. मौरीपालक किसानका समस्या समाधान सम्बन्धी अन्तरक्रियात्मक छलफल कार्यक्रम**

मिति २०८१ साल बैशाख १४ गतेका दिन आयोगको सभाहलमा मौरीपालक किसानका समस्या समाधान सम्बन्धी अन्तरक्रियात्मक छलफल कार्यक्रम आयोजना गरिएको थियो। आयोगका अध्यक्ष डा.प्रेम प्रसाद दंगालको अध्यक्षता र आयोगका सदस्यहरूको उपस्थितिमा नेपाली मह विक्री नभई स्टक रहेको र भारतीय महले बजार पाइराखेकाले मौरीपालक किसान मारमा परेको विषयमा केन्द्रित रही उत्पादक किसानको तर्फबाट नै प्रस्तुती गराई विभिन्न सरोकारवाला निकाय सम्मिलित १ दिने अन्तरक्रियात्मक छलफल कार्यक्रम सम्पन्न गरिएको थियो। कार्यक्रममा नेपाल मौरीपालक महासंघका अध्यक्ष श्री शुभाष चन्द्र घिमिरेबाट 'मौरीपालक उत्पादक कृषक/व्यवसायको चुनौती/सबाल र अपेक्षा' विषयक कार्यपत्र प्रस्तुती र संघीय कार्यालय मौरी विकास केन्द्र, गोदावरी, ललितपुरका प्रमुख श्री तीर्थ कुमार श्रेष्ठबाट 'मौरीपालन क्षेत्रको वर्तमान अवस्था, चुनौती/सबाल तथा आगामी कार्यदिशा' विषयक कार्यपत्र प्रस्तुती भएको थियो। मौरी व्यवसायीका तर्फबाट आफ्नो व्यवसायको सम्भावना, समस्या, चुनौती र राज्यबाट गरिएका अपेक्षाका बारेमा प्रस्तुती भएको थियो। कार्यक्रममा उपस्थित सहभागीहरूबाट प्राप्त सुझाव र मिति २०८१ साल जेठ १ गते बसेको आयोगको ५२औं बैठकले देहायका सुझाव कार्यान्वयन गर्ने निर्णय भए अनुसार आयोगको च.नं. २९६, मिति २०८१/०२/०९ को पत्र मार्फत कृषि तथा पशुपन्छी विकास मन्त्रालय, अर्थ मन्त्रालय, गृह मन्त्रालय, प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र, कृषि तथा पशुपन्छी विकास क्षेत्र हेर्ने ७ वटै प्रदेश मन्त्रालय, भन्सार विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, यातायात व्यवस्था विभाग, वन तथा भुसंरक्षण विभाग, सामुदायिक वन उपभोक्ता महासंघ, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभाग र संघीय मामिला तथा सामान्य प्राशासन मन्त्रालय (स्थानीय तहमा पत्राचार प्रयोजन) मा निर्णय कार्यान्वयनका लागि पठाइएको थियो ।

- मौरीपालक किसानहरूले सामुदायिक वनको छेउछाउमा मौरी चरन गराउँदा केही स्थानीय तहमा सामुदायिक वन उपभोक्ता समूह/समितिले रोयल्टीको नाममा मौरी किसानहरूबाट रकम लिने गरेको हुनाले उक्त व्यवस्थाको तत्काल अन्त्य गरिनुपर्ने।
- वन कार्यालय, सामुदायिक वन उपभोक्ता समितिहरूले मौरीघार बनाउनका लागि आवश्यक पर्ने काठ सहुलियत दरमा प्राथमिकताका साथ उपलब्ध गराउनुपर्ने तथा मौरी चरनमा उपयुक्त वनस्पतिहरू रोपण गरी चरन क्षेत्रको संरक्षण गर्नुपर्ने।
- मौरीपालक किसानलाई नाफा सुनिश्चित हुने गरी मौरी तथा मौरीजन्य पदार्थको न्यूनतम खरीद मूल्य तोकी प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने।
- मौरी सम्वेदनशील कीट भएकोले ढुवानी गर्दा चेक जाँचको क्रममा लामो समयसम्म सवारी साधन रोकेर राख्दा घारभित्र रहेका मौरी बाफिएर मर्ने र किसानलाई ठुलो क्षति हुने हुनाले

यस्ता मौरी बोकेका सवारी साधनलाई प्राथमिकताका साथ बिना रोकटोक/अवरोध नगरी अत्यावश्यक कृषि वस्तुको रूपमा ढुवानीमा सहजता प्रदान गरिनुपर्ने।

- स्वदेशी मौरीपालक किसानहरूको उत्पादित मह बिक्री वितरणलाई प्रतिस्पर्धी बनाउन आयातित महमा भन्सार दर तथा कृषि सुधार शुल्कमा वृद्धि गरी स्वदेशी मह उत्पादनलाई प्रोत्साहन गर्ने। उत्पादित महको मान्यता प्राप्त प्रयोगशालाबाट गुणस्तर प्रमाणिकरण गरी निर्यातमा सरकारले प्रोत्साहन गर्नुपर्ने ।
- महको उत्पत्तिको स्थल सहित लेबलिङ गरी बिक्री वितरण गर्नुपर्ने। महको गुणस्तरको आधारमा ट्रेडमार्क र ब्रान्डिङ गरी बजारीकरणमा सहजिकरण गर्ने। देशका प्रमुख शहरहरूमा हनी मार्टको स्थापना र सञ्चालन गरी नेपालको आधिकारिक ब्राण्डको मह बिक्री गरिने व्यवस्था हुनुपर्ने। महको दीर्घकालिन बजार व्यवस्थाका लागि स्वदेशमै खपत वृद्धि हुनेगरी प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्नुपर्ने।
- आयातित तथा नेपाली महको प्रभावकारी नियमन गरी गुणस्तरको प्रत्याभूति गरिनुपर्ने।
- मौरीपालक किसानहरूलाई व्यावसायिक क्षमता अभिवृद्धि, एकिकृत मह बिक्रि केन्द्रको स्थापना तथा बजारको प्रवर्द्धनमा सम्बन्धित निकायले पहल गर्नुपर्ने।
- किसानको हितमा हुनेगरी मौरीपालन व्यवसायको क्षतिबाट संरक्षण गर्न मौरी बीमा कार्यक्रमको प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नुपर्ने। बीमाको दाबी भुक्तानीलाई सरलिकृत तथा तोकिएको समयमा हुनुपर्ने।
- नेपाल असल मौरीपालन अभ्यास कार्यान्वयन निर्देशिका, २०७४ तथा मौरी प्रवर्द्धन नीति, २०७३ का प्रावधानहरूको अविलम्ब प्रभावकारी कार्यान्वयन गरिनुपर्ने।
- मौरीपालक किसानहरूलाई परियोजना धितोमा समेत शुलभ कृषि कर्जा प्रवाह गराउनुपर्ने।
- मौरी विकास फर्मलाई **Excellence Centre** को रूपमा स्थापना गरिनुपर्ने तथा हरेक प्रदेशमा सरकारी वा नीजिस्तरमा मौरी स्रोत केन्द्रको स्थापना गर्नुपर्ने।
- कृषिमा प्रयोग हुने विषादीहरूको अनियन्त्रित बिक्री वितरणको नियमन गर्ने तथा नेपाल सरकारले सिफारिस नगरेका विषादीहरूको गैरकानुनी आयातमा नियन्त्रण गरी मह तथा महजन्य पदार्थको शुद्धतामा अभिवृद्धि गर्नुपर्ने।
- नेपालमा पाइने विभिन्न रैथाने प्रजातीका मौरीहरूको संरक्षण प्रवर्द्धनात्मक कार्यक्रम तथा मौरीको नश्ल सुधार कार्यक्रम प्रभावकारी रूपमा संचालन गर्नुपर्ने रहेका थिए।

### घ. बंगुरपालक किसानका समस्या समाधान सम्बन्धी अन्तरक्रियात्मक छलफल कार्यक्रम

मिति २०८१ साल बैशाख १८ गतेका दिन आयोगको सभाहलमा आयोगका अध्यक्ष डा. प्रेम प्रसाद दंगालको अध्यक्षता, आयोगका सदस्यहरूको उपस्थिति र कृषि तथा पशुपन्छी विकास मन्त्रालयका श्रीमान् सचिव डा. रेवती रमण पौडेलको विशेष उपस्थितिमा अफ्रिकन स्वाइन फिवरको प्रकोपका कारण भएको क्षति र व्यवसाय पलायन हुने जोखिम जस्ता विषयमा केन्द्रित रही उत्पादक बंगुरपालक किसानको तर्फबाट छलफल गराई विभिन्न सरोकारवाला निकाय

सम्मिलित १ दिने बंगुरपालन किसानका समस्या समाधान सम्बन्धी अन्तरक्रियात्मक छलफल कार्यक्रम सम्पन्न गरिएको थियो। कार्यक्रममा बंगुर व्यवसायी संघका महासचिव श्री डिल्लीराज पौडेलबाट 'बंगुर व्यवसायको विकास, व्यवसायीका समस्या तथा सरकारसँगको अपेक्षा' विषयक कार्यपत्र र राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय, ललितपुरका वरिष्ठ पशु विकास अधिकृत डा. आभाष पौडेलबाट 'बंगुरपालन क्षेत्रः अवस्था, चुनौती तथा आगामी कार्यदिशा' विषयक कार्यपत्र प्रस्तुती भएको थियो। कार्यक्रममा उपस्थित सहभागीहरूबाट प्राप्त सुझाव र मिति २०८१ साल बैशाख २० गते बसेको आयोगको ५१औं बैठकले देहायका सुझाव कार्यान्वयन गर्न निर्णय भए अनुसार आयोगको च.नं. २७३, मिति २०८१/०२/०१ गतेको पत्र मार्फत निर्णय कार्यान्वयनका लागि आयोगको सिफारिश सहित कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पठाइएको थियो।

- अफ्रिकन स्वाइन फिवर (ASF- African Swine fever) जस्तो प्रकोपबाट के कति बंगुर मरेका छन् तथा त्यसबाट किसान र राज्यलाई के कति आर्थिक क्षति भएको सो को एकीन तथ्याङ्क संकलन गर्ने। संकलित तथ्याङ्कको आधारमा पीडित बंगुरपालक किसानहरूलाई यथाशिघ्र उचित राहत प्रदान गर्ने तथा किसानहरूको समस्याको दिगो समाधानका लागि पुनःस्थापना गर्ने। बंगुरपालन व्यवसायको पलायन रोक्न युवा लक्षित विशेष कार्यक्रम संचालन गरिनु पर्ने।
- बंगुरमा आएको प्रकोपजन्य रोग जस्तै खोरेत तथा क्लासिकल स्वाइन फिवरका खोप सम्पूर्ण बंगुरमा लगाएको एकिन हुने गरी संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा सम्बन्धित निकायले प्रभावकारी कार्यान्वयन गर्ने गराउने । देशैभरि वा देशको कुनै क्षेत्र बंगुरपालन रोगमुक्त जोन वा कम्पार्टमेन्ट विकास गरी स्वस्थ बंगुर उत्पादन गरी निर्यात प्रवर्द्धन गर्ने।
- अफ्रिकन स्वाइन फिवर रोगको प्रकोपबाट पहिचान भएमा पीडित किसान लक्षित शुलभ कृषि कर्जा, सहुलियतपूर्ण कृषि कर्जा तथा पुनर्कर्जाको व्यवस्थापन गरी सम्बन्धित निकायबाट पुनस्थापना कार्यक्रम संचालन गर्ने ।
- सबै उमेरका बंगुरमा बीमाको प्रावधानका लागि बंगुरको अलग्गै बंगुर बीमालेख जारी गर्ने तथा बीमा गरिएका किसानहरूको दाबी, भुक्तानी यथाशिघ्र सहज तरिका अवलम्बन गरी प्रदान गर्नुपर्ने ।
- स्वदेशका उपभोक्तामा स्वच्छ गुणस्तरीय मासुको आपूर्ति गर्न आवश्यक रहेको तथा निर्यात प्रवर्द्धनका लागि स्वच्छ गुणस्तरीय मासुको निर्यात गरी आपूर्ति हुनु पर्ने हुनाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट तयार गरिएको बंगुरपालन असल अभ्यास, २०८० (GHP) को प्रभावकारी कार्यान्वयन हुनुपर्ने।
- संघ तथा प्रदेश सरकारको सम्बन्धित निकायको समन्वय तथा सहकार्यमा हरेक स्थानीय तहले दिगो तथा व्यावसायिक बंगुरपालन प्रवर्द्धनका लागि शहरी र घना क्षेत्रभन्दा बाहिर प्राविधिक दृष्टिकोणले उपयुक्त निश्चित स्थानमा बंगुरपालन औद्योगिक गाँउ (Pig Industrial Village) निर्माण गर्ने। हरेक स्थानीय तहले यस प्रकृतिका व्यावसायीक बंगुरपालन क्षेत्रमा आवश्यक पूर्वाधार निर्माण सहित प्रविधिको अनुसरणमा पहल गर्ने।

- रैथाने जातका बंगुर लगायत पशुपन्छीको जातको कानुन बमोजिम दर्ता वा रजिष्ट्रेशन हुने व्यवस्था गर्न तथा ती रैथाने जातको पशुपन्छीको नश्ल सुधार संरक्षण प्रवर्द्धन गर्दै व्यावसायीकरण मार्फत किसानहरूको आयस्तरमा सुधार पुऱ्याउन आवश्यक पहल गर्ने।
- अफ्रिकन स्वाइन फिवर लगायत संक्रामक रोग देखा परेको क्षेत्रबाट बंगुर प्रजातीका पाठापाठी, संक्रमित मासु र दानाको ओसारपसार नगर्न नगराउन अनुरोध हुन तथा अनिवार्य रूपमा स्वास्थ्य प्रमाण-पत्र लिएर मात्र स्वस्थ सुंगुर/बंगुर तथा बंगुरजन्य मासुको ओसारपसार गर्न तथा स्वस्थताको प्रमाणपत्र सहित निसंक्रमित ढुवानी साधनबाट हुने ढुवानीमा बाधा व्यवधान नगर्न सम्बन्धित निकायमा अनुरोध गर्ने।
- बंगुरको मासुको स्वदेशमा प्रभावकारी बजारीकरणका लागि नीजि सरकारी मोडेलमा स्रोत केन्द्र, बजार पूर्वाधारको निर्माण तथा बधस्थल सञ्चालन गर्ने। पशु बधशाला तथा मासु जाँच ऐनको कार्यान्वयन गरी बधस्थल वा बधशालामा मात्र बध गर्ने व्यवस्था गर्ने ।तयारी मासुको ब्रान्डिङ गरी बजारीकरणको प्रवर्द्धन गर्ने।
- बंगुरका पाठापाठी तथा तयारी बंगुरको न्यूनतम मुल्य निर्धारण गर्ने। बंगुर तथा बंगुरजन्य उत्पादन र बजारको संजालको विकास तथा विस्तार गर्ने।
- किसानका समस्यामा आधारित अनुसन्धान र विकास कार्यलाई प्राथमिकताका साथ संचालन गर्ने।
- किसान र व्यवसायीको क्षमता विकास कार्यक्रममा प्रविधि अनुसरण हुने गरी संचालन गर्ने ।

### ३.६.५. राष्ट्रिय कृषि नीति, २०८०को मस्यौदामा राय/सुझाव

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको च.नं. २५, मिति २०८० साल मंसिर १७ को पत्र मार्फत राष्ट्रिय कृषि नीति, २०८० को मस्यौदामा राय सुझाव माग भए बमोजिम आयोगको सभाहलमा आयोगका अध्यक्ष डा. प्रेम प्रसाद दंगालको अध्यक्षता, आयोगका सदस्यहरूको उपस्थिति र कृषिसँग सम्बन्धित विषय विज्ञ, उत्पादक किसान समूह, सहकारी, किसान संघ/संगठन/संजाल र सरोकारवाला निकाय सम्मिलित १ दिने अन्तरक्रिया कार्यक्रम मिति २०८० साल पुस ३ गतेका दिन सञ्चालन गरिएको थियो। राष्ट्रिय कृषि नीति, २०८० को मस्यौदा तयार गर्ने मन्त्रालयमा रहेको नीति समन्वय शाखाका प्रमुख डा. प्रदिप चन्द्र भट्टराईबाट मस्यौदाको प्रस्तुती भएको थियो र कार्यक्रमका सहभागीहरूबाट प्राप्त सुझाव मिति २०८० साल पुस २२ गते बसेको आयोगको ४४औं बैठकमा छलफल गरी अन्तिम रूप दिइएको सुझाव समावेशका लागि आयोगको सिफारिश सहित च.नं. १०५, मिति २०८०/०९/२२ को पत्र मार्फत कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पठाइएको थियो।

**सुझाव तथा पृष्ठपोषणः**

- **पृष्ठभूमिमा समावेश गरिनुपर्नेः** देशको भौगोलिक परिवेशले उपलब्ध गराएको अवसर र किसानहरूको अनुभव तथा आधुनिक कृषि प्रविधिहरूको सदुपयोगबाट दीगो आर्थिक वृद्धि

तथा उत्पादनमा आधारित खाद्य सुरक्षा सुनिश्चित गर्न सकिने सम्भावना विद्यमान रहेको छ ।

- नेपाली नागरिकको खाद्य सुरक्षाको आधार साथै समग्र अर्थतन्त्रको मेरूदण्ड कृषि हो। विभिन्न प्रकोपसंग सामना गर्दै, उर्वरा कृषि भूमिको संरक्षण, परम्परागत ज्ञान, सीपको सदुपयोग गर्दै, पर्यावरण मैत्री कृषिको प्रवर्द्धन गर्दै उत्पादक किसानको सम्मान र कृषि उद्यमशीलताको प्रवर्द्धनले नेपाली कृषिलाई दिगो बनाउन सकिन्छ।
- **चुनौती तथा समस्या खण्डमा -** प्राविधिक जनशक्तिको विदेश पलायन साथै भएका जनशक्तिको परिचालन र व्यवस्थापनमा भएको कमी
- राष्ट्रिय कृषि नीतिको कार्यान्वयनका लागि तिनै तहका सरकारका निकायहरूले विभिन्न कार्यक्रमहरू बनाउनु पर्ने र नीति कार्यान्वयनको मूल्याङ्कन तेस्रो पक्षले तिनै तहका सरकारबाट गर्ने व्यवस्था गर्नुपर्नेछ
- कृषि तथा पशु विज्ञान सम्बन्धी विषयका विभिन्न तहमा अध्ययन सम्पन्न गरी सकेपछि नीजि वा सरकारी निकायका व्यावसायिक फार्म, अनुसन्धान केन्द्र, प्रयोगशाला, अस्पताल लगायतमा तोकिएको अविधिसम्म प्राविधिक सेवा गर्नु पर्ने।
- विभिन्न बालीवस्तुको न्यूनतम समर्थन मूल्य निर्धारण गरिनुका साथै न्यूनतम समर्थन मूल्य निर्धारण गरिएका बाली तथा वस्तुहरूको खरीद गर्ने व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्न सार्वजनिक, नीजि तथा सहकारीहरूलाई संलग्न गराउनु पर्ने व्यवस्था मिलाउनु पर्ने।
- कृषि, पशुपन्छी तथा मत्स्यपालनमा प्राकृतिक प्रकोप, मानवीय वा वन्यजन्तुबाट हुने क्षति, बालीनाली र पशुमा आइपर्ने महामारी लगायतबाट हुने क्षतिको लागि संघ, प्रदेश र स्थानीयतहमा किसान कल्याणकारी कोषको व्यवस्था गरी राहत तथा पुनर्स्थापनाको व्यवस्था गर्नुपर्ने।
- भूक्षय, बाढी पहिरो, डुबानबाट प्रभावित किसानको भूमिलाई खेतियोग्य भूमिमा परिणत गर्ने व्यवस्थाका लागि राज्यबाट सहयोग र सहजिकरण गर्ने ।
- खाद्य संकट र महामारीमा आवश्यक पर्ने खाद्यान्न भण्डारणका लागि सामुदायिक खाद्य बैंकको स्थापना गरिनुपर्ने |
- भूमिहीन किसानलाई कृषिजन्य व्यवसाय संचालन गर्न करारमा जमिन उपलब्ध गराई प्रोत्साहन गरी सहुलियत दरको कर्जा समेत उपलब्ध गरिनुपर्ने।
- संविधानत मौलिक हकको संरक्षणका लागि संकटासन्न परिवार जस्ता साना किसान र गरिब नागरिकलाई खाद्यन्न सहयोग सहायता कार्डको व्यवस्था गरिनुपर्ने | साना किसानलाई रासन कार्डको व्यवस्था गरी कृषि सहकारी पसलहरूको माध्यमबाट सस्तोमा दैनिक उपभोग्य वस्तुहरू उपलब्ध गराउने व्यवस्था गरिनुपर्ने ।
- किसान हक हित अधिकार संरक्षण र प्रवर्द्धनका लागि किसान कल्याणकारी योजना तर्जुमा गर्दा राष्ट्रिय किसान आयोगसँग समन्वय गरिनुपर्ने |

- किसान पहिचान र किसान सूचीकरण पश्चात किसान वर्गीकरण गरी किसान परिचयपत्र वितरण गरिनेछ। किसान वर्गीकरणका आधारमा सबै तहका सरकारले प्रवाह गर्ने सेवा सुविधा, सहुलियत दरको कर्जा, क्षतिपूर्ति तथा राहत उपलब्ध गराईनेछ। ऋण, बिमा, अनुदानलाई किसान सूचिकरणमा आबद्ध गरिने छ ।
- किसान परिचयपत्र (किसान कार्ड ) का आधारमा राज्यका निकायहरूबाट शिक्षा, औषधी उपचार, यातायात लागयत क्षेत्रमा किसानहरूलाई प्रोत्साहन तथा सहुलियत प्रदान गरिनेछ।
- किसान परिवारका सन्ततीलाई कृषि अध्ययनमा प्राथमिकता दिई प्रोत्साहन गर्ने।
- किसान परिचयपत्रको आधारमा ६० वर्ष उमेर पुगेका किसानलाई पेन्सनको व्यवस्था र २० वर्ष सक्रिय कृषिमा कार्यरतलाई सामाजिक सुरक्षा भत्तामा समावेश गरिनु पर्ने।
- किसानलाई सीप, ज्ञान तथा प्रविधि प्रदान गर्न सरकारको तर्फबाट हुने वैदेशिक अध्ययन अवलोकन भ्रमणमा किसानको पनि प्राथमिकताका साथ प्रतिनिधित्व हुनुपर्ने।
- राज्यका निकायहरूले किसानलाई कृषि कर्जा उपलब्ध गराउँदा किसान वर्गीकरणलाई आधार मानेर निर्धारण गर्ने साथै बाली तथा वस्तुका उत्पादन हुने समयलाई समेत आधार मानी कृषि ऋणको समय निर्धारण गरिनु पर्ने ।
- साना किसानलाई २ प्रतिशत ब्याजमा कृषि कर्जा प्रदान गरिनुपर्ने। धितो नहुने किसानलाई सामूहिक जमानीमा सहुलियत ब्याजमा ऋण दिई ऋणको ब्याज वार्षिक किस्तावन्दिमा तिर्ने व्यवस्था गरिनुपर्ने। परियोजना धितो राखेर किसानले ऋण प्राप्त गर्ने व्यवस्था गर्नुपर्ने।
- मिटर ब्याज सुदखोर जस्ता शोषणजन्य प्रवृत्तिको अन्त गरिनुपर्ने।
- व्यावसायिक खेती गर्ने किसान/किसान समूह/सहकारीलाई कृषि मिटरमा हुने विद्युत महसुल छुटका व्यवस्था मिलाउनु पर्ने।
- कृषि मेशिनरी औजार तथा उपकरणको आयात गर्दा ९० प्रतिशत भन्सार छुट हुनुपर्ने। कृषिजन्य उपज आयातका लागि निश्चित भन्सार नाका तोकिनुपर्ने।
- मुलुकका विभिन्न भागहरूमा शितभण्डार निर्माण गरिनुपर्ने तथा अपूर्ण शितभण्डारको मर्मत सम्भार गरी संचालनमा ल्याउनु पर्ने। शितभण्डारमा प्रयोग हुने विद्युतमा ७५ प्रतिशत अनुदान प्रदान गरिनुपर्ने ।
- राष्ट्रिय किसान आयोगको गठन आदेश संशोधन गरी कृषिक्षेत्रमा देखिएका समस्याहरू समाधान गर्न सक्ने गरी अधिकार सम्पन्न, उच्चस्तरीय र स्थायी प्रकृतिको किसान आयोग गठन गरिनुपर्ने साथै किसानका पेशागत संघ/संगठनलाई राष्ट्रिय किसान आयोगमा सूचिकृत गरी तिनका क्षमता अभिवृद्धि गर्न सक्ने गरी राष्ट्रिय किसान आयोगको शसक्तिकरण गरिनुपर्ने।
- कृषि क्षेत्रमा भएका अध्ययन/अनुसन्धानमा दोहोरोपना हटाउन र अध्ययन/अनुसन्धान भईसकेका कागजातहरूलाई सहज रूपमा प्राप्त गरी उपयोग गर्न कृषि तथ्याङ्क केन्द्र (Agriculture Data Center) को स्थापना गरिनेछ।

- एकिकृत कृषि सुचना प्रणालीको विकास गर्ने। किसानलाई आवश्यक जानकारी तथा सूचना सहज रूपमा प्राप्त गर्ने गरी किसान एप्सको विकास गरी लागु गर्नुपर्ने।
- सिमान्तकृत र भूमिहीन किसानको रोजगारी सुनिश्चितता गर्न कृषिमा आधारित उद्योग स्थापना गर्ने र उद्योग संचालनमा आवश्यक जनशक्तिका लागि उनीहरूलाई प्राथमिकताका साथ संलग्न गराउने व्यवस्था गरिनु पर्ने।
- मुलुकको कृषि विकासलाई प्राथमिकतामा राखी आगामी एक दशक कृषि क्रान्तिको दशक घोषणा गरी सोही अनुसार राज्यका नीति कार्यक्रम र योजनाहरू निर्माणका साथ अभियानको रूपमा लागु गरिनुपर्ने ।
- संघ, प्रदेश तथा स्थानीय तहका सरकारहरूले कुल बजेटको कम्तिमा ७ प्रतिशत कृषि क्षेत्रमा लगानी गरिनु पर्ने ।
- कृषि क्षेत्रको विकासमा संलग्न रहेका अन्तर्राष्ट्रिय/राष्ट्रिय गैरसरकारी संस्थाहरूले राज्यले तय गरेको नीतिमा सहयोगीको रूपमा कार्य गर्न सम्बद्ध सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्नुपर्नेछ।
- पालिकाहरूले आफ्नो कार्यक्षेत्रमा भएका बाँझो कृषि जमिनको प्रयोग र उपयोगमा जग्गाधनीसँग सम्पर्क र समन्वय गरी करार सम्झौता गर्न सक्ने ।
- कृषि क्षेत्रको अवस्था आंकलन गरी योजना निर्माण र उत्पादित वस्तुको वितरणलाई व्यवस्थित बनाउँन मुख्य मुख्य कृषि बाली तथा वस्तुको वासलात तयार गरिनु पर्नेछ।
- कृषि प्रयोजनमा रहेका र खेती योग्य भूमिको संरक्षणको लागि कृषि भूमिको मूल्याङ्कन गरी कृषि भूमिमा कर छुटको व्यवस्था गरिनुपर्ने ।
- भूमिको वर्गीकरण गरी कृषियोग्य भूमिको खण्डीकरण र अधिकरण रोक्नुपर्ने। भूमि बैंक मार्फत भूमिको उपयोग गर्ने व्यवस्था लागु गरिनुपर्ने ।
- धान, गहुँ, मकै, कोदो, फापर, मात्र नभइ अन्य रैथाने बालीलाई पनि खाद्यान्नको रूपमा पहिचान र प्राथमिकतामा राख्ने।
- मौलिक ज्ञान, सीपलाइ बढावा दिने खालका कृषि कार्यलाई संरक्षण गर्ने व्यवस्था गर्ने।
- संयुक्त राष्ट्र संघबाट जारी भएको किसान अधिकार घोषणापत्रको पक्ष राष्ट्रको रूपमा नेपाली किसानको हक र अधिकार सुनिश्चित गर्नुपर्ने गरी किसानको प्राकृतिक साधन र स्रोत माथि अधिकार स्थापित गर्नुपर्ने ।
- कृषि पेशालाई सम्मानित र मर्यादित बनाउन संघ, प्रदेश र स्थानीयतहमा उत्कृष्ट किसानहरूलाई आवधिक रुपमा सम्मानित र पुरस्कृत गरिनु पर्ने।
- कृषि उत्पादनको सामूहिक खेति, करार खेती तथा सहकारी मार्फत कृषि उत्पादनको सामूहिकीकरण अवधारणामा बालीवस्तुको चक्लाबन्दी गर्नुपर्ने ।
- कृषि नीति कार्यान्वयनका लागि प्रत्येक पालिकाले कृषि गुरुयोजना निर्माण गरी लागु गर्नुपर्ने।

- कृषि उपजहरूको बजार व्यवस्थापनका लागि तिनै तहका सरकारले क्षेत्रगत कार्य जिम्मेवारी तोकी तिनैतहको समन्वयमा किसानका उपजहरूको सहज बजार व्यवस्थापन गर्ने व्यवस्था मिलाउनु पर्ने।
- उच्च मूल्य भएका जडिबुटी तथा कृषि उत्पादनहरूलाई प्रवर्द्धन गर्ने र मूल्य श्रृखंलामा आधारित भई निर्यातलाई प्राथमिकतामा राखिनुपर्ने ।
- विदेशबाट विना रोकतोक कृषि तथा कृषिजन्य उत्पादनहरू भित्रिने अवस्थाको अन्त्य गर्दै विदेशी उत्पादित वस्तुको हस्तक्षेपबाट नेपाली उत्पादनको रक्षा एवं संरक्षण गरिनुपर्ने ।
- स्थानीय तहले कृषि सम्बन्धी यन्त्रशाला (कृषि औजारहरूको लाईवेरी) वा कस्टम हायरिङ सेन्टर (Custom Hiring Centre) स्थापना गरी सेवा प्रदान गर्ने साथै बीउ बिजन, नश्ल, खोप औषधी, विषादीको उपलब्धता सम्बन्धित वडा तथा पालिकामा हुने व्यवस्था मिलाउने र उत्पादन हुने कृषि तथा कृषिजन्य वस्तुहरूको वस्तुपरक सूचना अध्यावधिक राख्ने।
- कृषि बीमा तथा कृषि ऋणलाई प्रभावकारी बनाउने ।
- जल, जंगल, जमिन, जडिबुटी र जैविक विविधता माथि किसानको नैसर्गिक अधिकार स्थापित गरिनुपर्ने।
- साना, मझौला तथा ठूला योजना मार्फत कृषि भूमिमा अनिवार्य सिंचाइको व्यवस्था गरिनुपर्ने।
- वनमा आधारित कृषि उत्पादनको प्रवर्द्धन समेत हुनेगरी बहुउपयोग कार्यक्रम संचालन गरिनु पर्ने। कृषि वन मार्फत फलफूल खेति, जडिबुटी खेति, पशु आहारा, माछापालन, वन्यजन्य खाद्य कन्दमूलको उत्पादनबाट खाद्य सुरक्षा सुनिश्चितताको लागि काम गर्नुपर्ने ।
- महिलामैत्री कृषि औजार र प्रविधिको अनुसन्धान र विकास गरिनुपर्ने। कृषि रोजगारीमा संलग्न रहेका महिलाका हक हितलाई ध्यानमा राख्दै रोजगारदाताले महिला किसानलाई भत्ता सहित सुत्केरी विदाको व्यवस्था गर्नुपर्ने।
- उत्पादनका श्रोत, साधन, अवसर र नाफामा महिलाको समान हक स्थापित गर्न महिला किसानका लागि विशेष कार्यक्रम लागु गरिनु पर्ने ।
- न्यायीक तथा अर्धन्यायीक किसान ईजलास वा किसान अदालत स्थापना गरी किसान र कृषिसँग सम्बन्धित मुद्धामामिला छिटो छरितो ढंगले सम्पादन गरी किसानलाई न्यायमा सुलभता प्रदान गरिनुपर्ने।
- स्थानीय तह कृषि प्रविधि विस्तारको जिम्मेवार निकाय भएको हुँदा प्रत्येक स्थानीय तहमा किसानहरूलाई प्राविधिक सेवा प्रदान गर्न विभिन्न विषय विशेषज्ञ सहितको जनशक्तिको व्यवस्था हुनुपर्ने साथै पालिकाले प्रत्येक वडामा १ जना कृषि र १ जना पशुसेवा प्राविधिक राख्नुपर्ने व्यवस्था मिलाउनुपर्ने।

- हरेक जिल्लामा कृषि परामर्श केन्द्र स्थापना गरी किसानलाई निःशुल्क टेलिफोन, इन्टरनेट लगायत विद्युतीय सेवा मार्फत प्राविधिक परामर्श उपलब्ध गराइनुपर्ने।
- कृषि उत्पादनमा प्रयोग भइरहेका मानव स्वास्थ्यलाई हानी पुऱ्याउने विषादीको पूर्णरुपमा नियन्त्रण गरिनु पर्ने साथै प्रतिबन्दित विषादिको प्रयोग र यसबाट हुने हानीलाई रोक्नका लागि राज्यबाट अनुगमन गरी आयात र बिक्री गर्नेलाई कडा कारवाही गर्नुपर्ने
- जैविक तथा प्राङ्गारिक मल र विषादी उत्पादनमा नीजि तथा सहकारी मार्फत प्रवर्द्धन गर्ने।
- स्थानीय बीउ बिजन तथा नश्लहरूको संरक्षण तथा उन्नत जातका बीउ बिजन तथा नश्ल स्वदेशमा उत्पादन र सहज वितरणको व्यवस्था मिलाउदै बीउमा भइरहेको परनिर्भरता घटाउदै यथाशिघ्र आत्मनिर्भर बन्ने गरी काम गर्नुपर्ने ।
- प्रत्येक जिल्लामा उत्पादन हुने मुख्य कृषि उपजहरूको मुल बीउ तथा उन्नत गुणस्तरीय बीउ उत्पादनको पकेट क्षेत्र तोकी कार्यान्वयनको जिम्मा स्थानीय तह मार्फत नीजि कम्पनी, कृषि समूह तथा सहकारीहरूलाई दिनु पर्दछ साथै रैथाने खाद्य बालीहरूको बिज वृद्धिलाई समेत विशेष प्राथमिकता दिनुपर्ने।
- सहकारी तथा नीजि क्षेत्रबाट स्थापना हुने प्राङ्गारिक मल उद्योग स्थापनामा शुलभ कर्जा अनुदान तथा मेशिनरीमा कर छुटको व्यवस्था गरिनु पर्ने ।
- किसानको सहभागितामा कृषि अनुसन्धान गरिनु पर्ने।
- राष्ट्रिय कृषि विकास समितिमा नेपाल राष्ट्र बैंकको प्रतिनिधित्व हुनुपर्ने।

**दफावार थप वा संशोधन हुनुपर्ने विषयहरू**

- **"उद्देश्य क":** कृषि क्षेत्रका उत्पादन र उत्पादकत्व वृद्धि गरी आत्मनिर्भरता हुने।
- **बुदा ८.३ मा थप गर्नु पर्नेः** कृषि कर्ममा संलग्न किसान, कृषिको विकास र किसान अधिकारमा कार्यरत संस्थाहरू राष्ट्रिय किसान समूह, महासंघ लगायत सरोकारवालाहरूको सहभागितामा सहभागितामुलक रुपमा कृषि...............
- **९.१.२. माः** NARC लाई निजामती सेवा अन्तर्गत राखी समस्या समाधान गर्ने नीति अनुरूप अनुसन्धान केन्द्र र किसानको खेति/बारी/गोठमा रहेको उत्पादकत्वको अन्तरलाई कम गरिने छ।
- रणनीति ९.१.४ मा व्यक्ति, <u>समूह</u>, समुदाय, सहकारी र सरकारी निकाय मार्फत जमिनको <u>उत्पादन</u> चक्लावन्दी र विकास गर्ने नीतिगत तथा कानुनी व्यवस्था गरी बृहत उत्पादन प्रणाली विकास गरिनेछ।
- रणनीति ९.१.६ थप गर्नेः सिमान्तकृत समुदायको सहभागितामा सरकारी तथा सामुदायिक वन तथा खेर गएको जग्गा उपयोग गरी कृषि वन प्रवर्द्धन मार्फत जीविकोपार्जन गरिनेछ।
- **९.२.३ माः** कृषिको व्यावसायीकरणमा चक्लाबन्दिका लागि करार, सामूहिक वा सहकारी खेती प्रवर्द्धन गर्ने र तीनै तहमा एकीकृत भूमि व्यवस्थापन प्रणालीको विकासलाई प्रोत्साहन गरिनेछ।

- ९.२.४ खाली, बाँझो, र पर्ति जग्गामा कृषि-वन प्रणालीलाई प्राथमिकता दिइनेछ। कृषि-वन प्रणालीको उपयुक्त मोडेलको विकास गरी रेशम खेतीको लागि किम्बु र फलफूल, जडिबुटी, रबर साथै पशुपालनकालागि डाले घाँस लगायतका सम्भावित उत्पादनमा जोड दिइनेछ।
- ९.२.५ माः सिमान्तकृत जग्गाहरू जस्तै नदी उकास र बगर आदिमा कृषि-वन प्रणाली लगायत संभावनाका आधारमा स्थानीय तहको समन्वयमा उपयुक्त बाली/वस्तु उत्पादनका लागि नीजि समूह तथा सहकारीहरूलाई उपलब्ध गराईनेछ ।
- **९.२.६ माः** करार प्रवर्द्धन गरी कृषि भूमिको उपयोग गर्न तथा करारलाई सहजीकरण गर्न संभावना र आवश्यकता अनुसार स्थानीय तहमा भूमि करार सूचना केन्द्र स्थापना गरिनेछ। बाढी नियन्त्रण गर्न स्थायी प्रकृतिका तटबन्ध तथा ड्यामहरू बनाईनेछ।
- नीति ९.३ माः प्रांगारिक तथा रासायनिक मल कारखाना स्थापना गर्नका लागि देश भित्रै उपलब्ध श्रोतहरू मै आधारित रही रासायनिक मल उत्पादन गर्ने उपयुक्त प्रविधिको खोजी गरी मल कारखाना स्थापनाका लागि पहल गरिनेछ।
- **९.४.७ माः** न्यून आय भएका तथा सिमान्तकृत किसान समुदायको पहुँच अभिवृद्धि गर्न विद्युत महसुल, पूर्वाधार, मेशिनरी औजार तथा साना सिंचाईहरूमा अनुदानको व्यवस्था गरिनेछ। अनुदान रकम किसानको खातामा भुक्तानी गरिने छ।
- **९.५.**७ माः कृषि प्रसारका कार्यहरू स्थानीय तहबाट प्रभावकारी रूपमा सञ्चालन गर्न क्षमता विकास गरी किसान स्वयमसेवकको रूपमा अगुवा किसानलाई परिचालन गरिने छ।प्रत्येक वडामा सामुदायिक कृषि तथा पशुपन्छी प्रसार सेवा केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ।आवश्यक भएको ठाउमा मत्स्य प्रसार केन्द्र समेतको व्यवस्था गरिने छ।
- कृषि अनुसन्धानलाई नेपाल कृषि अनुसन्धान परिषद्को नियामक परिधि भित्र राखी विश्वविद्यालय, नेपाल सरकारका विभागहरू र निजिक्षेत्रले समेत नेपाल कृषि अनुसन्धान परिषदको समन्वय, सहकार्य र सहयोगमा संचालन गर्ने व्यवस्था गरिनेछ।
- ९.६.२ माः सरकारी फर्म, किसान, किसान समूह, सहकारी र निजी क्षेत्रलाई प्राविधिक सेवा तथा सहुलियत प्रदान गरी पर्याप्त मात्रामा गुणस्तरीय बीउ, बेर्ना, पशुपन्छी नश्ल तथा मत्स्य बीज उपलब्ध हुने व्यवस्था गरिनेछ। संघ, प्रदेश र स्थानीय तहबीचको समन्वयमा बीउ, बेर्ना, नश्ल, चल्ला र भुराको माग र आपूर्तिलाई डिजिटल प्लेटफर्म मार्फत यिनको वासलात व्यवस्थित गर्नुको साथै यस्ता उत्पादन सामग्रीको गुणस्तरीय उत्पादन तथा बिक्रीका लागि नियमन गर्न नर्सरी सम्बन्धी ऐन, पशु तथा मत्स्य प्रजनन ऐन र नियमवालीहरू तर्जुमा गरी लागु गरिनेछ।
- ९.७.७ माः उत्पादनमा संलग्न नीजि तथा सहकारीहरूको बजारीकरण, सीप तथा क्षमता अभिवृद्धि गरी सबै स्तरका कृषि तथा पशुपन्छीजन्य उत्पादनलाई मूल्य वा आपूर्ति श्रृंखलामा जोड्न सहकारीलाई र कम्पनीलाई प्रमुख माध्यम बनाइनेछ। सम्भव भएका ठाउँमा कम्पनी मोडल मार्फत उत्पादित बाली तथा वस्तुहरूको बजार तथा मूल्य सुनिश्चित गरिनेछ।

- ९.७.८ माः बजारीकरणमा संलग्न नीजि मध्यस्थकर्तालाई स्थानीय तहमा दर्ता गर्ने व्यवस्था गरी उनीहरूको कार्य र अतिरिक्त नाफालाई नियमन र व्यवस्थित गरिनेछ।
- नीति ९.८ माः कृषि क्षेत्रबाट थप रोजगारी सिर्जना हुने गरी कृषि क्षेत्रको आधुनिकीकरण र व्यावसायिकरण गरिनेछ ।
- ९.८.१ माः कृषि क्षेत्रको प्रतिस्पर्धी क्षमता वृद्धि गर्न व्यावसायिक किसान, मूल्य श्रृंखलाका पात्रहरू लगायत कृषि क्षेत्रका आवश्यकता पहिचान गरी सम्बोधन गरिने छ।
- ९.८.१० माः स्वदेशमा कृषि कार्यमा संलग्न तथा विदेशबाट फर्केका युवा लक्षित कृषि उत्पादनका प्याकेज कार्यक्रम तयार गरी कार्यान्वयनमा ल्याईनेछ। यस अन्तर्गत जग्गा भाडादेखि सिंचाई संरचना, यान्त्रिकरण, प्रशोधन र बजारीकरणसम्मका कार्यक्रम समावेश गर्ने र त्यसका लागि लगानीको आधारमा निश्चित प्रतिशत सहुलियतपूर्ण कृषि ऋण उपलब्ध गराईनेछ ।
- ९.९.१ माः नीजि क्षेत्र, किसान समूह, सहकारी तथा व्यक्तिगत किसानहरूलाई कृषि क्षेत्रमा आकर्षित गर्न लगानीमैत्री वातावरण सिर्जना गरिने छ। यसका लागि कृषि ऋण तथा बीमा सेवाको सहज उपलब्धता सुनिश्चित गर्नुका साथै बीमाको प्रभावकारिता वृद्धि गर्न उपयुक्त पद्धति निर्माण र संरचनागत सुधार गरिनेछ।
- रणनीति ९.९.६ थप गर्नुपर्नेः उत्पादक किसान समूह, पशुसेवा समुहलाई वार्षिक लेखापरीक्षण, कर, प्यान भन्दा पनि सामाजिक लेखापरीक्षण गर्न प्रोत्साहित गरिनेछ।
- ९.१०.९ माः खाद्य वस्तुहरूको स्वच्छता र स्वस्थ उत्पादन, प्रशोधन, भण्डारण र वितरण गर्ने क्रममा नै कायम गर्न मापदण्ड तोक्ने र स्थानीय निकायद्वारा नियमित अनुगमन गर्ने व्यवस्था गरिनेछ। उत्पादक किसानहरूले उत्पादन गरेका स्वच्छ उत्पादनको लागि सहभागितामुलक सुनिश्चितता प्रणाली वा अन्य सरल विधि प्रयोग गरी लोगो उपलब्ध गराईनेछ।
- रणनीति ९.१०.१० थप गर्नु पर्नेः कृषि उपज तथा उत्पादनको स्वच्छताको सहभागिमुलक गुणस्तर प्रणाली (GAP, GHP,GMP) लागु गरी कृषि उपज तथा उत्पादनको प्रमाणिकरण गरिनेछ।
- ९.११.२ माः संभाव्यताका आधारमा कृषि वस्तुहरूको उत्पादन विद्युतीय (डिजीटल) बजार विकासका लागि बजारीकरणको अध्ययन, नियमन तथा प्रवर्द्धनमा आवश्यक संस्थागत र संरचनागत सुधार गरिनेछ।
- ९.१२.७ माः व्यावसायिक उत्पादनका लागि गरिने खाद्यान्न, बिउ, तरकारी, फलफूल, पशुपन्छी तथा मत्स्य बीमाको दायरा बढाउंदै अनिवार्य गर्ने व्यवस्था गरिनेछ । कृषि उत्पादक किसानको उत्पादन तथा स्वयं किसानको बीमा अनिवार्य गरिनेछ।
- ९.१४.१ माः माटोको उर्वराशक्ति परीक्षणलाई सर्व सुलभ बनाईने र परीक्षण नतिजाको आधारमा माटोको स्वास्थ्य कार्ड (Soil health card) उपलब्ध गराउनुका साथै सो जमिनमा लगाइने बालीको बाली पात्रो समेत दिने तयार गरी किसानलाई सुसूचित गर्ने व्यवस्था मिलाइनेछ।

- ९.१४.५ माः मलहरूमा दिइएको अनुदानको प्रभाव मूल्याङ्कन गरी अनुदानमा प्रवाह हुने मलको प्रकार तथा सो अनुदानको सीमा सहित उपयुक्त अनुदान पद्धति निर्माण गरिनेछ। पशुपालक किसानलाई मलमुत्र व्यवस्थापन र उपयोगको लागि प्रोत्साहन गरिनेछ।
- ९.२३.८ माः स्थानिय स्तरका विभिन्न प्राकृतिक स्रोत व्यवस्थापन तथा उपयोगमा संलग्न किसान समूह, सिंचाई जल उपभोक्ता समूह, सामुदायिक वन उपभोक्ता समूह र जल उत्पन्न प्रकोप व्यवस्थापन समितिहरूको क्षमता वृद्धि गरी कृषि विकासका विभिन्न आयामहरूमा सदुपयोग गरिने छ।
- १०.१ माः राष्ट्रिय कृषि विकास समितिमा किसान संघ/संगठनहरूको प्रतिनिधित्व हुनुपर्दछ।

  यस नीतिको कार्यान्वयनमा समन्वयका लागि निम्नानुसारको राष्ट्रिय कृषि विकास समिति रहने छ ।

  अध्यक्ष - उपप्रधानमन्त्री, कृषि तथा पशुपन्छी विकास मन्त्रालय

  ४ नं. मा राख्ने उपकुलपति / कृषि तथा वन विज्ञान विश्वविद्यालय

  सदस्य - कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद् (विभाग)
- १३. अनुगमन, मूल्याङ्कन र समिक्षाः कृषि नीति २०८० को प्रत्येक ५ वर्ष पछि प्रभाव मूल्याङ्कन तेस्रो पक्षद्वारा गराईनेछ। सो मूल्याङ्कनको आधारमा नीतिमा संशोधन गरिनेछ।

### ३.६.६. संयुक्त अनुगमन कार्यक्रम

आर्थिक वर्ष २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रममा विभिन्न सरोकारवाला निकाय सम्मिलित टोलीबाट कृषि विकासको क्षेत्रमा संचालित आयोजना/परियोजनाहरूको २ पटक संयुक्त अनुगमन गर्ने कार्यक्रम रहेको थियो। जस अन्तर्गत आर्थिक वर्ष २०८०।८१ को तेस्रो त्रैमासिक र चौथो त्रैमासिकमा आयोगबाट संयुक्त अनुगमन कार्यक्रम संचालन गरिएको थियो।

क. स्वदेशी र वैदेशिक लगानीमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत संचालनमा रहेका कृषि क्षेत्र विकाससँग सम्बन्धित आयोजना तथा परियोजनाहरूको विभिन्न सरोकारवाला निकाय सम्मिलित संयुक्त अनुगमन कार्यक्रम अनुसार कृषि क्षेत्रलाई मार्गनिर्देश गर्ने २० वर्षे कृषि विकास रणनीति (२०१५-२०३५) कार्यान्वयनको सहयोगी परियोजनाको रूपमा नेपाल सरकारको स्रोतबाट कृषिलाई व्यावसायीकरण, औद्योगिकीकरण र आधुनिकीकरण गर्न कृषि रूपान्तरणकारी आयोजनाको रूपमा संचालित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (PMAMP) अन्तर्गत संचालित सुपरजोन, जोन, ब्लक र पकेट क्षेत्रको आयोगको नेतृत्वमा कृषि विभाग, नेपाल कृषि अनुसन्धान परिषद्, किसान र पत्रकार सम्मलित ८ जनाको टोलीबाट मिति २०८० साल चैत्र २२ गतेदेखि २०८० साल चैत्र २८ गतेसम्म कोशी प्रदेशको सोलुखुम्बु, ओखलढुङ्गा र खोटाङ जिल्ला र बागमती प्रदेशको काभ्रेपलाञ्चोक जिल्लामा संयुक्त अनुगमन कार्यक्रम संचालन गरिएको थियो। उक्त संयुक्त अनुगमन कार्यक्रमको नेतृत्व आयोगका सदस्यद्वय श्री मञ्जु धिमाल र पुष्पा भुसालबाट भएको थियो।

ख. यसै गरी वैदेशिक लगानीमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत विश्व बैंकको सहुलियतपूर्ण ऋणबाट संचालनमा रहेको नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना (NLSIP) अन्तर्गत गण्डकी प्रदेशको कास्की र मुस्ताङ जिल्लामा संचालन भएका विभिन्न कार्यक्रमहरू र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट स्याङ्जा जिल्लामा संचालित कार्यक्रमको अनुगमनका लागि आयोगको नेतृत्वमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, किसान पेशागत संघ/संगठनका प्रतिनिधि र पत्रकार सम्मलित ८ जनाको टोलीबाट मिति २०८१ साल बैशाख १७ गते देखि २०८१ साल बैशाख २३ गतेसम्म मुख्यतयाः आयोजनाबाट संचालित बाख्रा, पश्मिना र डेरी प्रवर्द्धन कार्यक्रमको स्थलगत संयुक्त अनुगमन कार्यक्रम संचालन गरिएको थियो। संयुक्त अनुगमन कार्यक्रमको नेतृत्व आयोगका सदस्यद्वय श्री सूर्य प्रसाद खनाल र जीवन्ती पौडेलबाट भएको थियो।

संयुक्त अनुगमन कार्यक्रमको मुख्य उद्देश्य परियोजनाबाट संचालित विभिन्न कार्यक्रम कार्यान्वयनको अवस्था र यसको प्रभावबारे अनुगमन गर्नु रहेको थियो। अनुगमनका क्रममा विभिन्न सरोकारवाला निकायसँग गरिएको छलफल तथा अन्तरक्रियाबाट दुबै आयोजनामा देखिएका समग्र समस्या र सबल पक्षहरू देहाय अनुसार रहेका छन्।

**सबल पक्षः**

- कृषकलाई व्यावसायिक खेती प्रणालीमा आबद्ध हुन प्रेरित गरेको।
- परियोजनाले विशेष गरी उत्पादन लागत घटाउने प्रयोजनार्थ कृषि औजार र उपकरणमा सहयोग गरेको जसका कारण विद्यमान जनश्रमको अभावको समस्या समाधानमा टेवा पुऱ्याएको।
- सोलुखुम्बुको पत्तालेमा उच्च घनत्त्व स्याउको व्यावसायिक खेतीको सुरुवात र किवी फलको क्षेत्र विस्तार गरी उत्पादन वृद्धि भएको।
- परियोजनाबाट आलु खेतीको मल्चिङ्का लागि गरिएको सहयोगका कारण आलुको उत्पादन करिब दुई गुणा बढेको र आयात प्रतिस्थापनमा सहयोग पुगेको।

**समस्याः**

- कृषि प्राविधिक जनशक्तिको पदपूर्ति न्यून रहेकाले गुणस्तरीय प्राविधिक सेवा टेवामा कमी।
- कृषि तथा पशुपन्छीको बीमामा सरल पहुँच नरहेको।
- संघ, प्रदेश र स्थानीय तहबाट प्रदान गरिने अनुदानको प्रतिशतमा एकरूपता नहुँदा कार्यक्रम कार्यान्वयनमा कठिनाई रहेको।

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको संयुक्त अनुगमनबाट प्राप्त सुझावहरू देहाय बमोजिम रहेका छन्।**

- कृषिको रूपान्तरणकारी परियोजनाको रूपमा तीनै तहमा संचालनमा रहेको परियोजनामा संलग्न प्राविधिक जनशक्तिको न्यून अवस्था रहेको देखिएकोले जनशक्ति व्यवस्थापनलाई तिनै

तहका सरकारहरूको समन्वयमा कार्यमूलक र प्रभावकारी बनाउने साथै यस परियोजनालाई विश्लेषणात्मक अध्ययन गरी निरन्तरता दिनुपर्ने,

- परियोजनाले लिएको सोच, लक्ष्य र उद्देश्य पुरा गर्ने गरी बजेट विनियोजन साथै यसमा प्रयोग हुने संरचनात्मक सुधारमा जोड दिनुपर्ने,
- व्यावहारिक रूपमा परियोजना कार्यान्वनयमा तिनै तहका सरकारको भूमिका देखिएता पनि कानुनी तहमा तिनै तहका सरकारका निकायहरूसँगको समन्वय र सहकार्यमा आधिकारिकता नहुँदा जिम्मेवारीपन कम देखिएको कारण सरकारका निकायहरू बीचको सम्बन्धलाई मजबुत बनाउने गरी कानुनी बाटो तय गरिनुपर्ने,
- पहाडी तथा हिमाली क्षेत्रमा पकेट, ब्लक, जोन र सुपरजोनको मापदण्ड पुनरावलोकन गरी कार्यक्रम कार्यन्वयनमा सहजता ल्याउने,
- जोन र सुपरजोन क्षेत्रमा प्रशोधन सम्बन्धी कार्यलाई जोड दिँदा उत्पादित वस्तुको क्षेत्रफल वृद्धि हुदै जाने साथै जोन र सुपरजोनको मर्म अनुसार बजेट व्यवस्थापन गरी कार्यक्रम संचालन गरिनुपर्ने,
- कतिपय अवस्थामा परियोजनाका संभागहरूको छनौट प्रक्रियामा भएका व्यवस्थाले वास्तविक किसानको चयनमा कठिनाइ भएको साथै परियोजनाका मापदण्डहरू भुगोल तथा अवस्था विशेष नभएको हुँदा भुगोल विशेष हुने गरी लक्षित वर्ग छनौटका मापदण्ड तय गरिनुपर्ने,
- परियोजनाको मर्म अनुसार पकेट विकास भई ब्ल्क, ब्लक विकास भई जोन र जोन विकास भई सुपरजोन हुनुपर्नेमा प्रदेश र स्थानीय पालिकाहरूमा भएका कार्यक्रमहरूमा दोहोरोपना देखिएकोले लक्ष्य अनुसार कार्यान्वयनमा जोड दिनुपर्ने।

### ३.६.७. अन्तर्राष्ट्रिय सन्धि, सम्झौतामा भएका प्रतिबद्धताहरूको कार्यान्वयन अवस्था

कृषि क्षेत्रको विकासका लागि अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र समझदारीहरू भएका छन् र यी सन्धि, सम्झौता र समझदारीबाट मुलुक र कृषि पेशामा संलग्न किसान व्यवसायी कसरी लाभान्वित भएका छन् र सन्धि सम्झौतामा भएका भिन्नताका विषयमा केन्द्रित रहेर मिति २०८१ साल जेठ २२ गतेका दिन आयोगका अध्यक्ष डा. प्रेम प्रसाद दंगालको अध्यक्षता र आयोगका सदस्यहरूको उपस्थितिमा आयोगको सभाहलमा १ दिने "कृषि क्षेत्रमा नेपाल पक्ष भएर गरिएका अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएका प्रतिबद्धताहरूको कार्यान्वयनको अवस्था बारे अन्तरक्रियात्मक छलफल कार्यक्रम" संचालन गरिएको थियो। कृषि तथा पशुपन्छी विकास मन्त्रालयका वरिष्ठ कृषि अर्थ विज्ञ श्री डाल प्रसाद पुडासैनीबाट कृषि क्षेत्रमा नेपाल पक्ष भएर गरेका महासन्धि, सन्धि, सम्झौता र समझदारी के कस्ता छन् र यिनको हालसम्मको कार्यान्वयन प्रगतिको अवस्थाका बारेमा प्रस्तुतीकरण भएको थियो र कृषि अर्थ विज्ञका रूपमा रहेका अनुभवी व्यक्ति डा. देवेन्द्र गौचनबाट कृषिसँग सान्दर्भिक रहेका अन्तर्राष्ट्रिय महासन्धि, सन्धि र नीतिहरूको नेपालमा कार्यान्वयनको स्थिति सम्बन्धमा प्रस्तुतीकरण भएको थियो। कार्यक्रमबाट कृषि क्षेत्रमा नेपाल पक्ष भएर गरिएका सन्धि सम्झौता के कति रहेछन् सो सम्बन्धमा जानकारी

प्राप्त भएको र कार्यान्वयनमा देखिएका समस्याबारे अवगत हुने अवसर प्राप्त भएको थियो। छलफलका क्रममा उपस्थित सहभागीहरूले राखेका विचार तथा सुझावहरू देहाय अनुसार रहेका छन् ।

- कृषिसँग सम्बन्धित सन्धि सम्झौतामा साझा बुझाईको कमी रहेको।
- कृषिसँग सम्बन्धित सन्धि सम्झौताहरूको कार्ययोजना सहित प्रभावकारी कार्यान्वयन हुन सकेमा कृषि पेशामा संलग्न किसान र व्यवसायी उद्यमीहरूले अन्तर्राष्ट्रिय बजार पाउने र उत्पादित वस्तुको उचित मूल्य पाउने।
- छुर्पि निर्यातका लागि आवश्यक परीक्षणको नतिजा आउन १ देखि ३ महिना लाग्दा निर्यातमा समस्या देखिएको र मुलुकको कुनै तोकिएको क्षेत्रलाई खोरेत मुक्त क्षेत्र घोषणा गर्न आवश्यक कार्यक्रम संचालन गरिनु पर्ने।
- नेपालबाट मुख्य निर्यात हुने वस्तु चियाको निकासीको क्रममा भारतबाट परीक्षणको नाममा लामो समय सम्म गाडी रोक्ने (Hold गरिदिने ) समस्या रहेको।
- कृषि विकासको क्षेत्रमा रहेका मौजुदा विभिन्न कानुन र कृषिसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा सामञ्जस्यता कायम गर्नुपर्ने।
- कृषि क्षेत्रमा नेपाल पक्ष भएर गरिएका सन्धि सम्झौताको आवधिक रूपमा समिक्षा आवश्यक रहेको र नेपाल सरकारले नेपाली उत्पादक किसानलाई अधिकतम लाभ र आत्मसम्मान हुने गरी सन्धि सम्झौता गर्न उपयुक्त हुने।
- अन्तर्राष्ट्रिय बजारमा कृषि वस्तुहरूको निर्यातका लागि आवश्यक पर्ने अनुमति पत्र प्राप्त गर्ने प्रक्रियामा आयोगले सहजिकरण गरिनु पर्ने रहेका थिए।

### ३.६.८. राष्ट्रियस्तरको कार्यशाला गोष्ठी

मिति २०८० साल असोज २१ देखि २०८० साल असोज २२ गते सम्म संघ र प्रदेशबाट संचालित कृषि विकासका कार्यक्रमको प्रभावकारी कार्यान्वयन सम्बन्धमा राष्ट्रियस्तरको कार्यशाला गोष्ठी संचालन गरिएको थियो। गोष्ठीमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रदेश स्थित कृषि क्षेत्र हेर्ने कृषि मन्त्रालय, नेपाल कृषि अनुसन्धान परिषद्, किसान पेशागत संघ/संगठनहरूको उत्साहपुर्ण सहभागिता रहेको थियो। गोष्ठीमा संघ र प्रदेशका संचालित कार्यक्रमका सम्बन्धमा विभिन्न प्रस्तुतीकरण भई प्रभावकारी कार्यान्वयनमा देखिएका देहायका समस्या र समाधानका उपायहरू पहिचान गरिएको थियो।

| क्र.सं. | समस्या | समाधानका लागि सुझाव |
|---|---|---|
| १ | प्राविधिक जनशक्तिको अभाव | प्राविधिक दक्ष जनशक्ति यथाशिघ्र पदपूर्ति गर्ने। |
| २ | प्रतिस्पर्धात्मक कृषि अनुदान प्रक्रियाका कारण अनुदानबाट किसानहरू बञ्चित भएको | सबै किसानलाई कृषि अनुदानको प्रक्रियामा समावेश गर्नका लागि अनुदानको अलगै निर्देशिका तथा नीति कार्यक्रम तर्जुमा गरी जारी गर्ने |

| क्र.सं. | समस्या | समाधानका लागि सुझाव |
|---|---|---|
| ३ | तिन तहको सरकारले संचालन गर्ने कार्यक्रमहरू एकै प्रकृतिको र कार्यक्रममा पनि दोहोरोपना/तेहोरोपनाका कारण सिमित व्यक्ति मात्र सबैतिर बाट लाभान्वित हुने | कार्यक्रम तर्जुमा गर्दा तिन तहको सरकारहरूको समन्वय हुनुपर्ने र अनुदानमा कुनै १ निकायबाट अनुदान प्राप्त गर्ने किसानलाई अन्य निकायबाट अनुदान उपलब्ध नहुने गराउनुपर्ने। संघ, प्रदेश, स्थानीय तहको प्रभावकारी सहकार्य समन्वय गरी कार्यक्रम तर्जुमा गर्ने। |
| ४ | तिन तहका सरकारबाट प्रवाह हुने अनुदान रकममा भिन्नताका कारण प्रभावकारी कार्यक्रम कार्यान्वयनमा समस्या | तिन तहका सरकारबाट प्रवाह गरिने अनुदानलाई व्यवस्थित गर्न एकीकृत कार्यविधिको तर्जुमा गर्नुपर्ने। |
| ५ | प्रदेशमा कृषि क्षेत्रको विकासका लागि धेरै मात्रामा बजेट कटौती गरिएको | कृषि क्षेत्रले देशको कुल ग्राहस्थ उत्पादनमा योगदान गरेको आधारमा कृषि क्षेत्रमा बजेट विनियोजनमा वृद्धि गर्नु पर्ने। |
| ६ | किसान सूचीकरण तथा वर्गीकरण कार्यमा ढिला हुनु | किसान सूचीकरण कार्य चाँडो सम्पन्न गरी वर्गीकरण र किसान परिचयपत्रसँग सम्पूर्ण कृषि सेवा/अनुदान जोडिनुपर्दछ। |
| ७ | अनुसन्धान र प्रयोगशालाको स्तरोन्नती नहुनु | अनुसन्धानको क्षेत्रमा आवश्यक संख्यामा जनशक्ति व्यवस्थापन गरी प्रयोगशालाको स्तरोन्नती गर्ने। |
| ८ | बाँदर, बँदेल लगायतका जंगली जनावरबाट बालीनालीमा नोक्सानी | बाँदर, बँदेल लगायत जंगली जनावर नियन्त्रणमा कानुन संशोधन सहित क्षतिको व्यवस्था गरिनुपर्ने। |
| ९ | प्रादेशिक कृषि नीति तयार नभएको | शुरूमा छाता नीतिको रूपमा संघले कृषि नीति प्रमाणीकरण गर्नुपर्ने र सोही अनुसार प्रदेशलाई तयार गर्न सहजिकरण गरिनु पर्ने। |
| १० | सबै प्रकारका किसानलाई सहुलियत कृषि मिटरमा समान पहुँच नरहेको | सबै किसानलाई सहुलियत कृषि मिटरमा आबद्धका लागि विद्युत प्राधिकरणसँग समन्वय गरी विनियमावली संशोधन गर्नुपर्ने। |
| ११ | स्वाइन फ्लु, बर्ड फ्लु, थुनेलो, लम्पि स्किन जस्ता रोगका कारण पशुपन्छी व्यवसाय नै धरासय | खोप कार्यक्रमलाई तिन तहका सरकारले विशेष प्राथमिकता दिई संचालन गरिनु पर्ने बीमाको प्रभावकारी कार्यान्वयन गरिनुपर्ने। |

### ३.६.९. दिवस कार्यक्रम

### क. ४३ औं विश्व खाद्य दिवस

मिति २०८० साल असोज ३० गतेका दिन ४३औं विश्व खाद्य दिवस 'जीवन र खाद्यको आधार हो पानी' भन्ने नाराका साथ आयोगका अध्यक्ष डा. प्रेम प्रसाद दंगालको अध्यक्षता र आयोगका सदस्यहरूको उपस्थितिमा ललितपुरको चाँपागाउँमा कृषि सहकारीमा आबद्ध किसानहरूसँग

अन्तरक्रिया गरी संचालन गरिएको थियो। आयोगको तर्फबाट आयोगका अध्यक्षबाट "खाद्य सम्प्रभुतामा आधारित खाद्य प्रणाली" सम्बन्धी कार्यपत्र प्रस्तुतीकरण भएको थियो र कार्यक्रममा उपस्थित किसानहरूले खेतिपातीमा देखिएका समस्या र अनुभव आदान प्रदान गरी भव्यताका साथ विश्व खाद्य दिवस मनाइएको थियो।

**ख. राष्ट्रिय कृषि जैविक विविधता दिवस**

राष्ट्रिय किसान आयोगले कृषि विभाग, हरिहरभवनसँग सहकार्य गरी सहआयोजक भई "कृषि जैविक विविधता, हाम्रो अमूल्य सम्पदा; संरक्षण एवं दिगो उपयोग, हाम्रो प्रतिबद्धता" भन्ने नाराका साथ २०८० साल माघ १ गते देखि सप्ताहव्यापी रूपमा विभिन्न कार्यक्रम गरी राष्ट्रिय कृषि जैविक विविधता दिवस, २०८० भव्यताका साथ मनाइएको थियो। दिवसमा मौलिक भान्साघरको सहकार्यमा मौलिक उत्पादन र चौरासी व्यन्जन मेला, कृषि आनुवंशिक स्रोत संरक्षण सम्बन्धी अन्तरक्रिया, रैथाने बाली उपज एवं परिकार विविधिकरण प्रदर्शनी, टेलिभिजनमा सम्वाद कार्यक्रम, मूल समारोहसँगै कृषि जैविक विविधता एवं रैथाने बाली उपज प्रदर्शनी र सम्मान एवं पुरस्कार वितरण तथा रैथाने बाली परिकारको विविधिकरण सम्बन्धी ३ दिने तालिम कार्यक्रमहरू संचालन भई सप्ताहव्यापी रूपमा भव्यताका साथ मनाइएको थियो।

**ग. आयोगको स्थापना दिवस**

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७३ साल माघ ६ गतेको निर्णयानुसार स्वीकृत भएको राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ बमोजिम राष्ट्रिय किसान आयोग स्थापना भएको माघ ६ गते लाई सालबसाली रूपमा आयोगको स्थापना दिवसको रूपमा मनाउँदै आइरहेको र आर्थिक वर्ष २०८०/८१ मा आयोगको सातौं स्थापना दिवस २०८० साल माघ ७ गते (उक्त दिन सार्वजनिक बिदा भएकाले सो को भोलि पल्ट) का दिन आयोगको सभाहलमा आयोगका अध्यक्ष डा. प्रेम प्रसाद दंगालको अध्यक्षता, आयोगका सदस्यहरूको उपस्थिति र कृषि तथा पशुपन्छी विकास मन्त्रालयका श्रीमान् सचिव डा. रेवती रमण पौडेलको विशेष उपस्थितिमा सरोकारवाला निकायसँग कृषिका समसामयिक विषयमा १ दिने अन्तरक्रिया कार्यक्रम संचालन गरिएको थियो। कार्यक्रममा आयोगबाट हाल सम्म भए गरेका कार्य विवरण र प्रगति समेटिएको विषय आयोगका सदस्य श्री पुष्पा भुसालबाट प्रस्तुतीकरण भएको थियो। कार्यक्रममा उपस्थित सहभागीबाट कृषि पेशामा देखिएका समस्या तथा चुनौतीका विषयमा चर्चा गरिएको र कृषि क्षेत्रमा भएका राम्रा र सफल परियोजनाबारे सिकाइ आदान प्रदान सहित कार्यक्रम भव्यताका साथ प्रभावकारी ढङ्गले सम्पन्न भएको थियो।

**घ. राष्ट्रिय धान दिवस तथा रोपाईं महोत्सव**

नेपालको सातौं कृषि गणना, २०७८ अनुसार नेपालका ६२ प्रतिशत घरपरिवार कृषि कार्यमा संलग्न र कुल जनसंख्याको करिब ६७ प्रतिशत जनसंख्या कृषि पेशामा प्रत्यक्ष रूपमा संलग्न रहेका छन्। कृषि पेशामा संलग्न घरपरिवार र जनसंख्या अघिल्लो गणनाबाट प्राप्त नतिजा अनुसार कम रहेको पाइयो। नेपालमा धान एक मुख्य खाद्यान्न बालीको रूपमा रहेको र वर्ष २०८०

मा नेपालमा करिब १४ लाख ३८ हजार ९८९ हेक्टर क्षेत्रफलमा धान खेती गरी करिब ५७ लाख २४ हजार २३४ मेट्रिक टन धान उत्पादन भएको र उत्पादकत्त्व ३.९८ रहेको तथ्याङ्कले देखाउँदछ। धानले राष्ट्रको कुल ग्राहस्थ उत्पादनमा ३.२५ प्रतिशत र कृषि कुल ग्राहस्थ उत्पादनमा करिब १३.६ प्रतिशत योगदान गर्दछ। कृषि विभागबाट जारी सूचना अनुसार वर्ष २०८१ मा करिब १३ लाख ९८ हजार ८३६ हेक्टर क्षेत्रफलमा धान खेती गर्ने लक्ष्य रहेकोमा २०८१ साल असार १४ गतेसम्म करिब १० प्रतिशत अर्थात १ लाख ३६ हजार हेक्टरमा धान रोपाईं सम्पन्न भएको थियो।

राष्ट्रिय किसान आयोग, काठमाडौं; कृषि विकास कार्यालय, काभ्रे; पशु सेवा कार्यालय, काभ्रे र मण्डनदेउपुर नगरपालिका, काभ्रेको संयुक्त आयोजनामा मिति २०८१ साल असार १५ गतेका दिन २१औं राष्ट्रिय धान दिवस तथा रोपाईं महोत्सव २०८१ मण्डनदेउपुर नगरपालिकाको वार्ड नं. ९ ढाइटारमा सम्पन्न गरिएको थियो। नगर प्रमुख श्री टोक बहादुर वाइबाको अध्यक्षता र बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका माननीय मन्त्री डा. राजेन्द्रमान श्रेष्ठको प्रमुख आतिथ्यता, आयोगका सदस्यहरूको उपस्थिति, जिल्ला समन्वय समिति काभ्रेका प्रमुखको विशेष आतिथ्यता र उल्लेखनीय संख्यामा किसानहरू र अन्य सरोकारवाला निकायको उपस्थितिमा सेमिअटोमेटिक (Semi-automatic) धान रोप्ने मेशिनको प्रयोगबाट धान रोपाईं कार्य र सहभागीबाट हातले धान रोपाईं गरी हर्ष उल्लास सहित राष्ट्रिय धान दिवस कार्यक्रम भव्यताका साथ सम्पन्न गरिएको थियो।

### ३.६.१०. KISAN-II प्रसार मोडेलको नतिजा र कृषि, पर्यटन र यातायात (कृपया) अवधारणा सम्बन्धी ज्ञान आदान प्रदान

USAID को प्राविधिक सहयोगमा संचालित KISAN-II ले कृषि विकास रणनीतिले तोकेका लक्ष्यहरूमा योगदान पुऱ्याउने कार्य गरेको छ । यस आयोजनाबाट हासिल गरिएका उपलब्धी र विकास गरिएका नतिजा बारे ज्ञान आदान प्रदान गर्न यस आयोगमा दर्ता भएका किसानका संघ/संगठन/सञ्जालका प्रतिनिधि लगायत सरोकारवालाको सहभागितामा अन्तरक्रियात्मक छलफल कार्यक्रम २०८१ साल असार १६ गते आयोगको सभाहलमा संचालन गरिएको थियो ।

यस सँगै विश्वास ईनोभेसन सेण्टर प्रा.लि.का कार्यकारी निर्देशक हिम्मत सिंह लेकालीबाट देशमा विद्यमान कृषिको अवस्था र सुधारका लागि विश्वास ईनोभेसन सेण्टरले प्रतिपादन गरेको कृषि, पर्यटन र यातायात विकास प्रवर्द्धन सहित स्वरोजगारको वृहत प्याकेज अवधारणा (कृपया मोडल) का बारेमा प्रस्तुती भएको थियो। मिति २०८१ साल असार १६ गतेका दिन आयोगको सभाहलमा संचालित १ दिने ज्ञान, सीप र अनुभव आदान प्रदान कार्यक्रममा आयोगमा दर्ता भएका संघ/संगठन, र अन्य सरोकारवाला नियकाहरूको सहभागितामा संचालन गरिएको थियो। प्रस्तुतिकरणका महत्वपुर्ण पक्षमा देशमा युवाहरु पलायन हुने क्रम अत्याधिक वृद्धि हुदै जाँदा यसबाट राष्ट्रलाई पर्न गएको असर, भएका युवाहरु पनि गाउँ छाडेर शहरमा रमाउँदा भएको बेरोजगार, गाउँका पीडाजन्य अवस्था, भएका केही घरहरूमा खेतबारी पुर्णरुपमा बाँझो हुँदा खाद्यान्न र तरकारी लगायतका वस्तु बाहिरबाट आयात गरी खानु पर्ने, बजारबाट खरीद गरी ल्याएको खाद्यवस्तुमा अत्याधिक विषादीको प्रयोगले मानसिक तथा शारिरीक रोगको प्रकोप, तिब्र वृद्धि जटिल र गम्भीर

भएको अवस्थालाई मध्यनजर राखी राष्ट्रको समग्र विकासको पहिलो आधार कृषिलाई प्रवर्द्धन गर्न 'कृपया' अवधारणा विकास गरी स्थानीय सरकारसँगको सहकार्यमा प्रवर्द्धन गर्दै आएको विषयमा केन्द्रीत रहेको थियो। कृषि क्षेत्रको समग्र एवं दिगो विकासका लागि 'कृपया' मोडल जस्ता निजी क्षेत्रमा गहकिला अवधारणा महत्त्वपुर्ण रहने सहभागीहरूको प्रतिक्रिया रहेको थियो।

## ३.७. आयोगबाट भएका पहलकदमी र उपलब्धीहरू

**आर्थिक वर्ष २०८०/८१ मा गरिएका पहलकदमी र प्रमुख उपलब्धीहरूः**

- किसान सूचीकरण कार्यक्रमको कार्यान्वयनको सम्बन्धमा आयोगको सभाहलमा केन्द्रीयस्तरको र लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशमा प्रदेशस्तस्तरको छलफल तथा अन्तरक्रियामा स्थानीय तहलाई किसान सूचिकरणको औचित्य र महत्व बारे जानकारी गराइएको र आगामी दिनमा स्थानीय तहबाट किसान सूचीकरण कार्यक्रमलाई विशेष महत्त्व दिई यथाशिघ्र सूचिकरण कार्य सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त भएको। किसान सूचिकरण कार्यक्रमलाई प्राथमिकताका साथ सम्पन्न गर्नका लागि आयोगबाट समेत नेतृत्वदायी भूमिका निर्वाह गरिने गरी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्न थालिएको ।
- कर्णाली प्रदेशको सुर्खेत र कोशी प्रदेशको सुनसरीमा किसानका हक, हित र अधिकार सुनिश्चितताका सम्बन्धमा संचालन गरिएको बहस कार्यक्रमबाट नेपालका प्रमुख राजनीतिक दलका जनप्रतिनिधि तथा सेवा प्रदायक निकायका प्रमुखले सार्वजनिक निकायबाट नीति कार्यक्रमहरू तर्जुमा गर्दा प्रत्यक्ष रूपमा किसानमा प्रवाह हुने गरी थप प्रभावकारी ढङ्गले संचालन गर्ने र आर्थिक वर्ष २०८१/८२ को कार्यक्रम तर्जुमा गर्दा कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिई किसानका हक, हित र अधिकार संरक्षण एवं प्रवर्द्धन हुने गरी कार्यक्रम तर्जुमा गरिने प्रतिबद्धता व्यक्त भएको थियो।
- कृषि क्षेत्रको समसामयिक विषय तथा किसानहरूले भोग्नुपरेका समस्याका सन्दर्भमा दूध उत्पादक किसानले बिक्री गरेको दूधको भुक्तानी नपाएको विषयमा; कृषि कर्जामा किसानको पहुँच नपुगेको विषयमा; मौरीपालक किसानका समस्याका विषयमा; बंगुरपालक किसानका समस्याका विषयमा सरोकारवाला निकाय सम्मिलित अन्तरक्रियात्मक छलफल कार्यक्रमबाट प्राप्त महत्त्वपूर्ण सुझावहरू कार्यान्वयनका लागि आयोगको सिफारिश सहित सम्बन्धित मन्त्रालय र निकायमा पठाइएको । दूध उत्पादक किसानहरूको बक्यौता रकम भुक्तानीका लागि आंशिक रकम निकासा समेत भएको तथा मौरीजन्य पर्दाथको व्यापारमा सहजताका लागि नेपाल सरकारबाट केही समयका लागि आयातमा प्रतिबन्ध समेत लगाइएको थियो।
- नेपालमा विद्यमान कृषि उपज बजारमा किसानहरूको पहुँच वृद्धिका लागि संघबाट सञ्चालित ९ वटा बजार, स्थानीय तह र सहकारीबाट सञ्चालित बजार, कालिमाटी फलफूल तथा तरकारी बजार विकास समिति र निजी बजारहरूमा सरोकारवाला निकायसँग स्थलगत अवलोकन तथा अन्तरक्रिया गरी प्राप्त सुझावहरूलाई आयोगमा कृषि बजारसँग सम्बन्धित सरोकारवाला तथा बजार विज्ञहरूसँग छलफल तथा परामर्श कार्यक्रम संचालन गरी कृषि

बजारमा किसानको पहुँच वृद्धिको समस्या पहिचान गरी समाधानका उपायहरू सहित सिफारिस प्रतिवेदन तयार गरिएको ।

- कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट तयार गरिएको राष्ट्रिय कृषि नीति, २०८०को मस्यौदामा किसानका हक, हित र अधिकार संरक्षण एवं प्रवर्द्धन सम्बन्धमा आवश्यक सुझाव समावेशका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पठाइएको।
- नेपाल सरकारको आर्थिक वर्ष २०८१/८२को नीति तथा कार्यक्रममा आयोगको तर्फबाट कृषि विकासको क्षेत्रमा अपनाउनु पर्ने नीति र कार्यान्वयन गर्नुपर्ने कार्यक्रमका सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई लिखित सुझाव प्रदान गरिएको र आ.व. २०८१/८२ को नीति तथा कार्यक्रममा केही कार्यक्रमहरू समावेश पनि भएको।
- स्वदेशी र वैदेशिक लगानीमा संचालित विभिन्न कृषिसँग सम्बन्धित आयोजना/परियोजनाहरूको अनुगमन गरी आयोजनाहरूले आपेक्षित उपलब्धी हासिल गर्न नसक्नुको मुख्य कारण पहिचानका लागि छुट्टै विशेष सघन अध्ययन तथा आवधिक समिक्षाको आवश्यकता औल्याइएको। आयोजनाको लक्ष्य प्राप्तिका लागि आवश्यक सुझाव दिइएको तथा किसानका जिज्ञासा तथा गुनासो बारे जानकारी गराइएको।
- विभिन्न समसामयिक माग सहित कालिमाटी फलफूल तथा तरकारी बजार विकास समितिमा आन्दोलनरत संघ/संगठनको जायज माग सम्बोधनका लागि आयोगले नेतृत्वदायी भूमिका निर्वाह गरेको र आयोगका अध्यक्ष डा. प्रेम प्रसाद दंगालको अध्यक्षतामा संचालन भएको छलफल तथा अन्तरक्रियाबाट समेत प्राप्त सुझावहरू आयोगको च.नं. ४७२, मिति २०८०/०३/२६ को पत्र मार्फत कालिमाटी फलफूल तथा तरकारी बजार विकास समितिमा कार्यान्वयनका लागि पठाइएको र वार्ताका लागि पहलकदमी लिई समस्या समाधानमा पहल गरिएको।

  सुझावहरूः

  - कालिमाटी थोक बजारमा अवस्थित स्टल वितरण गर्दा वैज्ञानिक र पारदर्शी ढंगले वितरण गर्ने व्यवस्था मिलाई नयाँ कृषक र व्यवसायीहरूलाई प्रवेश हुने वातावरण मिलाउन आवश्यक पहल गरिनुपर्ने,
  - कालिमाटी फलफूल तथा तरकारी बजार विकास समितिको मातहतमा रहेका स्टलहरूको भाडा सम्झौताको म्याद सकिदै रहेको अवस्थामा हाललाई पुराना व्यवसायीहरूको स्टललाई तिन महिनाको नवीकरण गरी यथाशक्य विद्यमान बजार विकास समितिको गठन आदेश, नियमावली, कार्यविधि समय सापेक्षरूपमा संशोधन गरी खुल प्रतिस्पर्धाबाट स्टलहरू भाडामा लगाउने व्यवस्था मिलाउने,
  - बजार विकास समितिले उत्पादक किसानलाई संरक्षण गर्नुका साथै तरकारीको बजार मूल्यलाई नियमन गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागसंग नियमित समन्वय गर्ने ।

- नेपाल सरकारबाट प्रत्येक वर्ष तोकिने उखुको खरीद मूल्य अनुसार समय मै उखु उत्पादक किसानले भुक्तानी नपाउने र नेपाल सरकारबाट उपलब्ध हुने प्रोत्साहन भत्ता समेत समयमा

निकासा नहुँदा किसानहरू मर्कामा परेको विषयलाई आयोगको तर्फबाट नेपाल सरकारबाट उपलब्ध गराइने भत्ता यथासक्य समयमै निकासाका लागि अर्थ मन्त्रालयमा पहलकदमी लिएको।

- विभिन्न जिल्लाहरूमा गाई, भैसीमा फैलिएको लम्पी स्किन माहामारी रोगको नियन्त्रण कार्यलाई थप प्रभावकारी बनाउन हरेक स्थानीय तहमा विज्ञहरू खटाई माहामारी नियन्त्रण गर्न साथै हालसम्म मरेका पशु चौपायाको किसानलाई राहत प्रदान हुन, निरोगी उपयुक्त पशुहरूमा खोप लगाउने व्यवस्था हुन एवं बीमा गरिएका पशुहरूको बीमा दाबी भुक्तानी यथाशिघ्र हुने व्यवस्थाका लागि अर्थ मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पत्राचार सहित पहल गरिएको ।

## ३.८. आर्थिक वर्ष २०८१/८२को नीति तथा कार्यक्रममा सुझाव

नेपाल सरकारको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममा कृषि क्षेत्रको समग्र विकासका लागि आयोगको तर्फबाट किसानका हक, हित र अधिकार संरक्षण एवं प्रवर्द्धनका लागि समावेश गर्नुपर्ने सुझावहरू तयार गरिएको थियो। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ६१/४६२२, मिति २०८०/१२/०४, को पत्र मार्फत नेपाल सरकारको नीति तथा कार्यक्रममा सुझाव माग भए अनुसार मिति २०८० साल चैत्र ८ गतेका दिन आयोगको तर्फबाट लिखित सुझावहरू पेश गरिएको। साथै मिति २०८० साल चैत्र १८ गतेका दिन आयोगको सभाहलमा सरोकारवाला निकाय सम्मिलित छलफल कार्यक्रम संचालन गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा समेत सुझावहरू पेश गरिएको थियो।

### आ.व. २०८१/८२ को नीति तथा कार्यक्रममा पेश गरिएका सुझावहरूः

मुलुक एकपछि अर्को सबै हिसाबले पराधीन हुँदैछ। अर्थतन्त्रका आम आयामहरु आत्मनिर्भरता भन्दा पराधीनताको दिशातर्फ उन्मुख भइरहेका छन्। उत्पादन वृद्धि र रोजगारी सिर्जना गरी गरीबी निवारण गर्न सकिएको छैन। नगरिकहरु, विभिन्न पेशा तथा व्यवसायमा आबद्ध नागरिकहरूमा चरम निरासाको अवस्था छ। त्यसैले यतिबेला अर्थतन्त्रको सुदृढीकरण गरी आत्मनिर्भर स्वाधीन अर्थतन्त्र निर्माण गर्न ध्यान दिनु पर्दछ। आम किसान र कृषिक्षेत्रका तत्कालिन, मध्यकालीन र दीर्घकालीन समस्याहरूलाई सम्बोधन गर्न नेपाल सरकारले लिनु पर्ने नीतिका सन्दर्भमा राष्ट्रिय किसान आयोगले निम्न समस्याहरूलाई सम्बोधनका लागि पेश गर्दछ।

१. दूधको बक्यौक्ता भूक्तानी अविलम्ब गरिनु पर्दछ। दूध नियमित रूपमा संकलन गर्ने कार्य गरी दूधको खपत बढाउने योजना अविलम्ब गरिनु पर्दछ। दुग्धजन्य पदार्थ निर्यात गर्न आवश्यक व्यवस्था गरिनु पर्दछ। मुलुकबाट खोरेत रोग उन्मूलन गरी दुग्ध उत्पादनमा विशेष जोड दिन उन्नत जातका पशुपालन व्यवसायलाई प्रोत्साहन गर्ने, पशुमा गरिने कृत्रिम गर्भधारणको कार्यलाई प्रभावकारी गर्ने, उन्नत जातका पशुपन्छीको विकास गरी यो व्यवसायका लागि सहुलियतपूर्ण कर्जाको व्यवस्था गरिनु पर्दछ।

२. लम्पी स्किन रोगको महामारीबाट मरेका पशुचौपायाको उपयुक्त क्षतिपूर्ति गरिनु पर्दछ। बीमित किसानहरूले बीमाको भुक्तानी अविलम्ब पाउनु पर्दछ। महामारीबाट प्रभावित र पीडित पशुपालक किसानलाई निर्ब्याजी कर्जा उपलब्ध गराइनु पर्दछ। लम्पी स्किन रोग

पुनः फैलिने सम्भावना रहेकाले अविलम्ब खोपको व्यवस्था गरी पशुचौपायालाई खोप लगाइनु पर्दछ।

३. मुख्यमुख्य खाद्यबाली, नगदेबाली, तरकारी र फलफूलको कानुनले नै समर्थनमूल्य तोक्ने र राज्य, सहकारी र नीजिक्षेत्रले खरीद गर्ने व्यवस्था मिलाउनु पर्दछ। निर्धारित समर्थन मूल्यभन्दा कम मूल्यमा बिक्री गर्नुपर्दा किसानलाई निर्धारित मूल्य र बिक्री मूल्य बीचको अन्तर बराबरको रकम शोधभर्ना दिने व्यवस्था गर्ने गरिनु पर्दछ।

४. उखु किसानले वर्षे पिच्छे आन्दोलन गर्नुपर्ने अवस्थाको तत्काल अन्त्य गर्न जरूरी छ। उखु उत्पादनमा लागेको लागत र चिनीको मूल्यवृद्धि भएको आधारमा उखुको मूल्य निर्धारण गर्ने। कानुनद्वारा नै उखुको मूल्य निर्धारण हुनु पर्दछ।

५. ठूलो परिमाणमा चामल, दाल, तरकारी, फलफूल आदि जस्ता कृषिजन्य उत्पादन समेत विदेशबाट आयात भइरहेको छ। दैनिक उपभोग्य कृषि जन्य पदार्थ बाहिरबाट आयात गर्नुपर्ने अवस्था उत्पन्न हुनु हाम्रो जस्तो कृषि प्रधान देशको निम्ति बिडम्बनाको विषय हो। त्यसैले उत्पादन र उत्पादकत्व वृद्धि गरी सुदृढ कृषि प्रणाली विकास गरेर यहाँबाट कृषिजन्य पदार्थ निर्यात गर्नुपर्ने परिस्थिति निर्माण गर्न ठोस योजना अगाडि सारी त्यसको कार्यान्वयन गर्न जरूरी छ।

६. देशमै मल कारखाना स्थापना गरेर स्थायी रूपमा कृषि मलको परनिर्भरता अन्त्य गर्न जरूरी छ। नेपालमा ठूलो मात्रामा रासायनिक मलको आवश्यकता हुन्छ तर यसको आपूर्ति वर्षौंदेखि विदेशबाट भइरहनु दुःखको विषय हो। ठूलो परिमाणमा विदेशी मुद्रा भुक्तानी गरेर पनि समयमा मल बीउ नपाउने, मल बीउको हाहाकार हुने अवस्था छ। त्यसैले यहाँ मल कारखाना संचालन गर्दा मलको आपूर्ति सहज बनाउन र कृषि उत्पादकत्व वृद्धि गर्न महत्वपूर्ण योगदान पुग्दछ ।

७. किसानकै नेतृत्वमा व्यवस्थापान गर्ने गरी सरकारी बजारहरु संचालन गर्न जरूरी छ। यस्ता बजारहरूमा उत्पादक किसानका लागि ५० प्रतिशत स्टलहरु छुट्याउनु पर्दछ।

८. अर्थतन्त्रको मुख्य आधारको रूपमा रहेको यहाँको कृषि प्रणालीको आवश्यकता पुरा गर्न भएको आधुनिक कृषि औजार कारखाना सुदृढ गर्नुपर्नेमा उल्टै निजीकरण गरिएको छ। त्यसैले स्वदेशमै राज्यको तर्फबाट आधुनिक कृषि औजार कारखाना स्थापना गरी कृषि उपकरण आपूर्तिको व्यवस्था मिलाउन ध्यान दिनुपर्दछ।

९. पहाडि भेगबाट ठूलो संख्यामा जनसंख्या बसाई सराई गर्ने र रोजगारीको शिलशिलामा मुलुकका विभिन्न शहर तथा राजधानी र विदेशमा समेत नागरिकहरू विस्थापित हुने प्रवृत्ति डरलाग्दो ढङ्गले बढेको छ। यस्तो अवस्थाले कृषि प्रणालीलाई मात्र कमजोर बनाएको छैन कि राष्ट्र, राष्ट्रियताको भावनालाई चोट पुऱ्याएको छ। कृषि प्रणालीको सुदृढीकरणको दृष्टिबाट हेर्ने हो भने पनि खाली भएको पहाडि भू-भागमा जमिन बाँझो नराखेर माटो सुहाउँदो नगदे बाली र अन्य बाली लगाउन ध्यान दिनु पर्दछ। साथै, मुलुकको कुन-कुन स्थानमा बाँझो जग्गा रहेको छ त्यसको यथार्थ पत्ता लगाई त्यसको सदुपयोग गर्नुपर्ने विषयमा ध्यान पुऱ्याउनु पर्दछ।

१०. बसाई सराई बारे सडक विस्तारसँगै सडक किनारमा बस्ती बसोबास र बढी आन्तरिक बसाईसराई बढेको छ भने र आम्दानीको वृद्धिसँगै सदरमुकाम, साना शहर तथा बाह्य जिल्लामा बसाईसराई तिब्र गतिमा भैरहेको छ। बसाई नसरेका घरपरिवारमा पनि युवाहरु

अध्ययन तथा रोजगारीका लागि शहर तथा विदेश जाने क्रम तिब्र रहेका कारण कृषि पेशा जेष्ठ नागरिक, कमजोर आर्थिक स्थिती रहेका परिवार र महिलाहरूद्वारा धानिएको छ। कृषि जमिनहरु बाँझिदै गएका छन्। परम्परागत रूपमा गरिएका कृषि पेशाबाट महंगो नीजि शिक्षा र स्वास्थ्य सेवा प्राप्त गर्न नसकिनुका कारण पनि रोजगारीका वैकल्पिक उपायहरू खोज्दै युवाहरु पलायन हुनुपर्ने बाध्यता रहेको छ ।

११. बाँझो जमिन बारे जमिनको उपलब्धता सहित बाँझो कृषि भूमि उपयोगका लागि भूमि बैंकको अवधारणा कार्यान्वयन गर्दै स्थानीय निकायहरूबाट जमिन उपलब्ध गराउनु पर्दछ।

१२. जलवायु परिवर्तन र यसको प्रभाव सबै जाती जनजाती, आदीवासी, महिला, युवाहरु समेटी नकारात्मक जलवायु परिवर्तनको असरलाई न्यूनिकरण गर्दै जलवायु अनुकुलित जलवायुमैत्री प्रविधिहरू अवलम्बन गर्ने। जलवायु परिवर्तनको नकारात्मक असर यस क्षेत्रमा धेरै देखिन थालेको छ। जसमध्ये लामो खडेरी परी हिउँदे बाली लगाउन नसक्ने र तापमान वृद्धिको कारण बाली तथा पशुपन्छीमा रोग, कीरा तथा परजीवीको असर बढेको आदी छन्। कार्बन व्यापारबाट नेपालले प्राप्त गरेको रकम जलवायु परिवर्तनको अत्याधिक जोखिममा रहेको किसान तथा समुदायमा सिधै वितरण गर्नुपर्दछ।

१३. युवा पलायन, कृषि श्रमको अभाव र कृषिलाई प्रतिष्ठित र सम्मानित पेशाको रूपमा विकास गरेर युवालाई स्वदेशमै रोजगारी सिर्जना गर्न सकियो भने युवाको विदेश पलायनलाई एक हदसम्म रोक्न सकिन्छ।

१४. वन्यजन्तु बारेः पहाडि क्षेत्रमा जङ्गली जनावरहरू विशेष गरी बाँदरको प्रकोपबाट बालीनालीमा भइरहेको अत्यधिक क्षतिलाई कम गर्न बाँदर लगायत अन्य जङ्गली जनावरहरूको नियन्त्रण गर्न नीतिगत र व्यावहारिक निर्णय गर्नुपर्ने देखिन्छ। उदाहरणका लागि बाँदर, बँदेल तथा दुम्सी जस्ता जंगलीजन्तुहरूलाई मासु प्रयोजनका लागि केही समयका लागि स्थानीय सरकारलाई खुला गर्न अनुमति दिने। हाल राष्ट्रिय निकुञ्ज क्षेत्रमा संरक्षित रहेको घडियाल लगायत चिडियाखानामा राखिएका बाघ लगायतका मांसाहारी जनावरको आहाराका रूपमा बाँदर र बँदेललाई प्रयोग गर्ने। बाँदरलाई निर्यात योग्य जनावर घोषणा गरी यसलाई नियन्त्रण गर्न सकिन्छ। बाँदरलाई नियन्त्रण गर्न जंगलमा फलफूलका बिरूवा लगाउनु पर्दछ ।

१५. भू-उपयोगनीतिका आधारमा कृषि भूमिको वर्गीकरण गरी चक्लाबन्दी गरी सहकारी खेती प्रवर्द्धन गर्ने, जमिनको उकास, सुधार र उपयोगमा जोड दिइनुपर्ने। कृषि योग्यभूमिको खण्डीकरण रोकी भूमि बैङ्क मार्फत भूमिको उपयोग गर्ने व्यवस्था लागु गर्ने, सम्पूर्ण गुठी जमिन जोतभोग गर्दै आएका किसानका नाममा रैकर गरिनु पर्दछ।

१६. आगामी एक दशक कृषि क्रान्ति दशक घोषणा गरी राज्यका नीति, कार्यक्रम, योजना र बजेटमा प्राथमिकता दिई सञ्चालन गरिनु पर्दछ।

१७. सङ्घीय, प्रदेश तथा स्थानीय तीनै तहका सरकारहरूले कुल बजेटको १० प्रतिशत कृषि क्षेत्रका लागि विनियोजन गर्नु पर्दछ।

१८. कृषिलाई व्यावसायीकरण, आधुनिकीकरण, विशिष्टीकरण र विविधिकरण गर्दै किसानलाई आधुनिक ज्ञान, सीप र प्रविधिहरूको बारेमा जानकारी सहज रूपमा प्राप्त गर्ने व्यवस्था गर्ने, कृषिमा आधारित उद्योगहरूको स्थापना, संरक्षण र प्रवर्द्धन गर्नु पर्दछ।

१९. स्थानीयतहमा कृषि उत्पादनहरूको विशिष्टीकरण र विविधीकरण गरी पकेट क्षेत्रको रूपमा विकास गर्ने, कोही भोकै पर्दैन कोही भोकले मर्दैन भन्ने नारा साकार पार्न पालिका मार्फत कृषि उत्पादनमा आत्मनिर्भर हुने रणनीति लिनु पर्दछ।

२०. किसानको पहिचान, वर्गीकरण र सूचीकरण गरी किसान परिचयपत्र वितरण गर्ने र त्यसका आधारमा सबै तहका सरकारहरूले प्रवाह गर्ने सेवा, सुविधा र छुटहरू किसानले पाउने व्यवस्था गर्नु पर्दछ।

२१. स्थानीयस्तरका उन्नत बीउ बिजन तथा नश्लहरूको संरक्षण, स्वदेशमा उत्पादन र वितरण गर्दै आत्मनिर्भर बनाउनु पर्दछ।

२२. सहकारीले कृषि सम्बन्धी यन्त्रशाला, बीउ बिजन, विषादीको उपलब्धता, प्राविधिक ज्ञान सीप सम्बन्धी सेवा, सम्बन्धित वडा तथा पालिकामा उत्पादन हुने कृषि तथा कृषिजन्य वस्तुहरूको वस्तुपरक सूचना अध्यावधिक गराउनु पर्दछ।

२३. उत्पादनमा आधारित अनुदानको व्यवस्था गर्नु पर्दछ।

२४. किसानलाई योगदानमा आधारित निवृत्तिभरणको व्यवस्था गर्नु पर्दछ।

२५. सानाकिसानहरूमा वित्तीय पहुँचको सुनिश्चितता, कृषिकर्जाको सीमा निर्धारण खारेज, किसानलाई सहुलियत दरको कृषिकर्जा प्राप्त गर्ने व्यवस्था मिलाई सानाकिसानको कर्जा मिनाहा र चक्रवृद्धि ब्याज र मीटरब्याजको अन्त्य गर्ने, मीटरब्याज जस्तो अपराधिक धन्दा चलाई किसानलाई शोषण गर्ने सुदखोरहरूलाई छानबिन गरी कारबाही गर्ने, धितो नहुने किसानलाई सामूहिक जमानीमा सस्तो ब्याजमा कर्जा दिई कर्जाको ब्याज वार्षिक किस्ताबन्दीमा तिर्ने व्यवस्था गर्ने, भूमिहीन किसानले जमिन खरीद गर्न चाहेमा खरीद गरिने जमिनलाई धितो राखी २ प्रतिशत ब्याजदरमा किस्ताबन्दीमा सहुलियतदरको कर्जा उपलब्ध गराउनु पर्दछ।

२६. कृषि औजार, मेशिन, पम्पिङसेट, ट्याक्टर, थ्रेसर लगायत यन्त्र उपकरण खरीदमा ५० प्रतिशत अनुदानको र ९० प्रतिशत भन्सार छुट गर्नु पर्दछ।

२७. महिलामैत्री कृषिऔजार र प्रविधिको विकास गर्ने, महिला किसानलाई भत्तासहित सुत्केरी बिदाको व्यवस्था गर्नु पर्दछ।

२८. राष्ट्रिय किसान आयोग ऐन निर्माण गरी किसान हकहित र अधिकारको संरक्षण गर्न र कृषि क्षेत्रमा देखिएका समस्याहरू समाधान गर्न सक्ने अधिकार सम्पन्न, उच्चस्तरीय र स्थायी प्रकृतिको किसान आयोग गठन गर्नु पर्दछ।

२९. किसान मैत्री एकीकृत कृषि कानुन निर्माण गरी लागू गर्नु पर्दछ।

३०. खाद्य सम्प्रभुता ऐनको प्रभावकारी कार्यान्वयन गर्ने, राष्ट्रिय खाद्य सम्प्रभुता परिषद्को गठन गरिनु पर्दछ।

३१. कृषि क्षेत्रका उत्पादन विशेष क्षेत्र (तरकारी, आलु, पशुपालन, चिया, कफी, पन्छी, च्याऊ, अलैंची, फलफूल, पुष्प तथा नर्सरी, जडीबुटी, माछा, मसलाबाली, खाद्यबाली आदी) विकासका लागि अलग-अलग अनुसन्धान तथा विकास बोर्ड स्थापित गर्नु पर्दछ।

३२. निःशुल्क कृषि तथा पशुधन बीमा कार्यक्रम प्रभावकारी रूपमा लागू गर्नु पर्दछ।

३३. कृषि उत्पादनमा प्रयोग भईरहेका मानव स्वास्थ्यलाई हानी पुऱ्याउने विषादीको नियन्त्रण गरी जैविक तथा प्राङ्गारिक मल र विषादी उत्पादन र प्रयोगमा जोड दिने, स्वस्थ्य उत्पादन

प्रवर्द्धन मार्फत् निरोगी नेपालको परिकल्पना साकार पार्ने दिशातर्फ कृषि उत्पादनलाई जोड दिइनुपर्ने।

३४. जल, जंगल, जमिन, जडीबुटी र जैविक विविधता माथि किसानको नैसर्गिक अधिकार स्थापित गर्ने, वनमा आधारित कृषि उत्पादनको प्रवर्द्धन समेत गरी वनको बहुउपयोग नीति लागू गर्नु पर्दछ।

३५. उत्पादनका स्रोत, साधन, अवसरमा महिलाको समान हक स्थापित गर्न महिला किसानकालागि विशेष कार्यक्रम लागू गर्नु पर्दछ।

३६. साना, मझौला तथा ठूला योजना मार्फत कृषि भूमिमा सिंचाईको व्यवस्था गर्ने, कृषि मीटरको व्यवस्था गरी कृषि, पशुपालन, मत्स्यपालन प्रयोजनका लागि विद्युत महशुलमा ७५ प्रतिशत छुट गर्नु पर्दछ।

३७. कृषि शिक्षा, अनुसन्धान र प्रसारलाई एकीकृत रूपमा सञ्चालन गर्ने, किसान एप्स मार्फत किसानलाई कृषि सम्बन्धी जानकारी दिनु पर्दछ। आधुनिक प्रविधि, ज्ञान र सीप विकासयुक्त जनशक्ति निर्माणका लागि व्यावसायिक कृषि शिक्षा प्रदान गर्नु पर्दछ।

३८. गाउँ-गाउँमा कृषि सूचना केन्द्र स्थापना गरी कृषकलाई प्राविधिक परामर्शको लागि निःशुल्क टेलिफोन, इन्टरनेट सेवा उपलब्ध गराइनु पर्दछ।

३९. प्राकृतिक, मानवीय वा वन्यजन्तुबाट कृषि क्षेत्रमा भएको क्षतिको क्षतिपूर्ति, राहत र पूनर्स्थापना गर्न किसान कोष स्थापना गरिनु पर्दछ।

४०. विदेशबाट बिना रोकटोक कृषि तथा कृषिजन्य उत्पादनहरू भित्रिने अवस्थाको अन्त्य गर्दै नेपाली उत्पादनको रक्षा गर्नु पर्दछ।

४१. मुलुकका विभिन्न भागहरूमा शितभण्डार निर्माण गरी यसमा प्रयोग हुने विद्युतमा ७५ प्रतिशत अनुदान प्रदान गर्नु पर्दछ।

४२. किसान अधिकारको संवैधानिक संरक्षणको व्यवस्था गरी संघीय, प्रदेश तथा स्थानीय निकायहरूमा किसानको संख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्दै राज्यका हरेक तहका नीति निर्माण प्रक्रियामा किसान संघ/संगठनको सहभागिता गराउनु पर्दछ।

४३. प्रत्येक तहका अदालतमा किसान इजालस स्थापना गरी किसान र कृषिसँग सम्बन्धित मुद्धा मामिला छिटो छरितो ढङ्गले सम्पादन गरी किसानलाई न्यायमा सुलभता प्रदान गर्नु पर्दछ।

४४. भूमिहीन, भूमिहीन दलित, गरिब तथा सिमान्तकृत किसानलाई रासनकार्डको व्यवस्था गरी कृषि सहकारी पसलको माध्यमबाट सस्तो दरमा दैनिक उपभोग्य वस्तुहरू उपलब्ध गराउनु पर्दछ।

४५. उच्चमुल्य भएका जडीबुटी तथा कृषि उत्पादनहरूलाई प्रवर्द्धन गर्ने र मुल्य श्रृंखलामा आधारित भई निर्यातलाई प्राथमिकता दिइनु पर्दछ ।

४६. माछापालनको लागि पोखरी निर्माण, भूरा र दानाका लागि प्रदान गरिने अनुदान वृद्धि गर्नु पर्दछ।

४७. निर्यातजन्य कृषि वस्तुहरू चिया, कफी, अलैंची, अदुवा लगायत उत्पादनको निर्यात अनुदान, बीमा तथा बजार विस्तार र सहुलियत कर्जा उपलब्ध गराइनु पर्दछ।

४८. कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रमा कृषि मिटर उपलब्ध गराई आवश्यक छुट दिइने व्यवस्था मिलाइनु पर्दछ।

४९. देशभित्र उत्पादन भएका कृषि उपजको बिना रोकटोक ढुवानीलाई सहज बनाउने गरी गाडीमा छुट्टै कृषि नम्बर प्लेट राख्ने व्यवस्था गरिनुपर्दछ।

५०. कृषि, पशुपन्छी तथा मत्स्यपालनमा प्राकृतिक प्रकोप, मानवीय वा वन्यजन्तुबाट हुने क्षति, बालीनाली र पशुमा आइपर्ने महामारी लगायतबाट हुने क्षतिको लागि संघ, प्रदेश र स्थानीयतह अन्तर्गत कृषि क्षेत्रका निकायमा किसान कल्याणकारी कोषको स्थापना गरी राहत तथा पूनर्स्थापनाको व्यवस्था गर्ने कार्यलाई अगाडी बढाइनेछ।

५१. कृषि व्यवसाय प्रर्वद्धन नीति, २०६३ को दफा ३.३ मा किटान गरिएका कृषि उत्पादन क्षेत्रहरूमा कृषि व्यवसाय ऋण सम्बन्धित सरकारी, गैर सरकारी, सहकारी तथा नीजि क्षेत्रको सहकार्यमा एकिकृत रूपमा सुनिश्चित गरिनेछ भन्ने विषयलाई कार्यान्वयन गर्ने गरी एकिकृत कोष निर्माणका लागि Dedicated Bank तोकी प्रभावकारी रूमा संचालन गर्नुपर्ने।

५२. कृषि व्यवसाय प्रर्वद्धन नीति, २०६३ को दफा ३.९ मा कृषि व्यवसायमा कर्जा लगानी गर्दा कृषि व्यवसायवाट आय प्राप्त हुन सक्ने (Gestation Period) सम्भावनाका आधारमा कर्जा भुक्तान हुने व्यवस्था गरिने छ भन्ने नीतिगत व्यवस्था अनुसार नै बाली वा वस्तुको उत्पादन लिने अवधि अनुसार लगानी गर्नुपर्ने।

५३. बैंकहरूबाट कृषि क्षेत्रमा लगानी भएका कर्जाहरूमा यदि हर्जाना साँवासँग जोड्ने गरिएको छ भने त्यस्तो व्यवस्था सुधार गरी हर्जानालाई साँवामा नभई ब्याजमै हिसाब मिलान गर्ने व्यवस्था सहितको नीति बनाई लागू गर्नुपर्ने।

५४. किसानहरूबाट पटक पटक आएको गुनासोमा बैंकको कागजात र प्रक्रिया झंझटिलो भएको भन्ने आएकोमा यसको समाधानमा बैंकहरूको नियामक निकाय नेपाल राष्ट्र बैंकले सरल र सहज रूपमा किसानले बुझ्नेगरी कागजात र प्रक्रिया सहज गर्नकालागि सरोकारवालाहरूसँग छलफल गरी निचोडमा पुग्ने अथवा बैंकहरूमा कृषि कर्जा सहजिकरणका लागि एउटा छुट्टै हेल्प डेस्कको स्थापना गर्नुपर्ने।

५५. बैंकहरूबाट सहुलियत दरको कृषि कर्जा प्रवाह गर्दा उत्पादन वा उद्योग कुन क्षेत्र हो स्पष्टता भई उत्पादनका क्षेत्रमा लगानीको २ तिहाइ कर्जा प्रवाह गर्ने व्यवस्था गर्ने।

५६. कृषि क्षेत्रले राज्यको कुल ग्राहस्थ उत्पादन (Gross Domestic Product) मा २४.१ प्रतिशत हिस्सा ओगट्नुका साथै कृषि क्षेत्र राज्यको प्राथमिक क्षेत्र पनि भएको हुनाले यस क्षेत्रमा बैंकहरूबाट अनिवार्य १५ प्रतिशत लगानी गर्ने नीति बनाई प्रभावकारी कार्यान्वयन गर्ने।

५७. दैवी प्रकोप अथवा महामारीजन्य रोगका कारण कृषि व्यवसायमा भएको क्षतिको मूल्याङ्कन गरी त्यस्ता किसान वा कृषि व्यवसायीहरूलाई पुनःकर्जाको व्यवस्था मिलाउनका लागि सरोकारवालासँग छलफल गरी तत्काल कार्यक्रमहरू बनाइनुपर्ने।

५८. बैंकहरूबाट कृषक वा व्यवसायीले कर्जा लिदाँको बखतको ब्याजदर स्थिर नभई बढ्ने जोखिमबाट किसान वा व्यवसायीलाई संरक्षण गर्ने गरी बैंकहरूले नीतिगत सुधार गर्नुपर्ने।

५९. प्रत्येक स्थानीय तहमा सम्बन्धित स्थानीय तहको प्रमुखको संयोजकत्वमा समन्वय तथा अनुगमन समिति बनाई ऋणको प्रभावकारिताको बारेमा अनुगमन गरी वार्षिक रूपमा नेपाल राष्ट्र बैंक तथा सम्बन्धित मन्त्रालयलाई अनिवार्य रूपमा प्रतिवेदन बुझाउने व्यवस्था गर्नुपर्ने।

६०. पालिकाहरूका कृषि तथा पशुपन्छी विकास शाखामा कार्यरत कर्मचारीहरूको कार्य जिम्मेवारीमा किसानलाई कृषि कर्जा कार्यक्रम संचालनमा सहजिकरण गर्ने गरी तोक्नका लागि सम्बन्धित सरोकारवालासँग समन्वय गर्ने।

६१. सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकिकृत कार्यविधि, २०७५ को दफा १ मा भएको बैंक तथा वित्तीय संस्थाहरूले व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा प्रदान गर्दा १० लाख रूपैंया सम्म एकाघर परिवारका सदस्यको व्यक्तिगत जमिनका आधारमा र त्यस भन्दा बढी व्यावसायिक परियोजना धितोमा कर्जा प्रवाह गर्न सक्ने प्रावधानको प्रभावकारी कार्यान्वयन हुनुपर्ने।

## ३.९. समस्या तथा चुनौती

- राष्ट्रिय किसान आयोग हालसम्म गठन आदेशबाट संचालन भई रहेको अवस्थामा ऐनद्धारा आयोगको जिम्मेवारी, कार्यक्षेत्र, पदाधिकारी एंव सचिवालयको काममा प्रभावकारी व्यवस्था मिलाउन ऐनको आवश्यकता रहेको,
- आम किसानको हितमा र कृषि क्षेत्रका समस्या समाधानार्थ नेपाल सरकारबाट विनियोजन गरेको बजेट पर्याप्त नहुनु।
- आयोगद्धारा तयार गरिएको प्रस्तावित ऐन, निर्देशिका, कार्यविधिहरू समयमै स्वीकृत नहुनु,
- किसान हकहित र अधिकार स्थापनाका लागि नीतिगत तथा कानूनी व्यवस्था गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालय; उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय; भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय; अर्थ मन्त्रालय; गृह मन्त्रालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय; वन तथा वातावरण मन्त्रालय; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; नेपाल राष्ट्र बैङ्क; नेपाल बीमा प्राधिकरण लगायतका निकायहरू बीच आवश्यक समन्वयमा कठिनाई हुनु,
- स्वीकृत दरबन्दी अनुरूपका कर्मचारीहरू समयमै पदपूर्ति नहुनु,
- आयोगको कार्यालय केन्द्रमा मात्र भएकोले किसानका स्थानीय समस्या समाधानमा प्रत्यक्ष ध्यान दिन कठिनाई हुनु,

## ३.१०. प्रगति अपुगका कारण

आर्थिक वर्ष २०८०/८१ मा वार्षिक वित्तीय प्रगति ७०.८१ प्रतिशत र भौतिक प्रगति ८५.३४ प्रतिशत भएको थियो। आयोगको स्वीकृत बजेटमा मुख्य गरी प्रशासनिक खर्चको भार बढी रहेको र कार्यक्रम तर्फको बजेट कम रहेको थियो। आर्थिक वर्ष २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रममा स्थायी कर्मचारीको पारिश्रमिक र भत्ताको लक्ष्य भार करिब २५ प्रतिशत भन्दा बढी रहेको र स्वीकृत १२ जना स्थायी दरबन्दीमा ६ जना रिक्त रहेको साथै आयोगबाट मुख्य गरी अन्तरक्रियात्मक कार्यक्रम बढी संचालन भएको र प्रचलित नर्मश अनुसार खर्च गर्दा अधिकांश कार्यक्रमका लागि विनियोजित बजेट भन्दा कम खर्च भएकाले समेत भारित र वित्तीय प्रगति कम हुन गएको अवस्था रहेको।

## ३.११. आ.व. २०८०/८१ को विस्तृत खर्च विवरण

बजेट रू लाखमा

| क.सं. | कार्यक्रम | खर्च शीर्षक | बार्षिक लक्ष्य | | | भारित प्रगति | | खर्च प्रगति | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट | परिमाण | भारित | रकम | प्रतिशत |
| **अ) पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरू** | | | | | | | | | |
| ११.३.२२.७३.१ | कार्यालयमा आवश्यक मेशिनरी औजार खरिद तथा जडान | ३११२२ | १ | २.३० | १०.०० | १ | २.३० | ९.७७ | ९७.७० |
| **क) पूँजीगत खर्च कार्यक्रमको जम्माः** | | | १ | २.३० | १०.०० | १ | २.३० | **९.७७** | **९७.७०** |
| **आ) चालु खर्च अन्तर्गतका कार्यक्रमहरू** | | | | | | | | | |
| २.१.१.१ | धाराको महसुल | २२१११ | १ | ०.५७ | २.४६ | १ | ०.५७ | २.४४ | ९९.१९ |
| १.१.१.४ | रा.प. द्वितीय | २११११ | २ | ४.२४ | १८.४६ | २ | १.०६ | २.६५ | १४.३६ |
| १.१.१.५ | रा.प. तृतीय | २११११ | ३ | ५.७१ | २४.८३ | ३ | १.९० | ७.६२ | ३०.६९ |
| १.१.१.७१ | शाखा अधिकृत | २११११ | १ | १.८१ | ७.८७ | १ | ०.९१ | ४.१६ | ५२.८६ |
| १.१.१.७२ | लेखा अधिकृत | २११११ | १ | १.८१ | ७.८७ | १ | १.८१ | ७.५९ | ९६.४४ |
| १.१.१.९० | रा.प.अनं.प्र.(प्रा) | २११११ | ३ | ४.७६ | २०.७३ | १ | १.५९ | ६.४१ | ३०.९२ |
| १.१.१.९१ | रा.प.अनं.प्र. (प्र) | २११११ | १ | १.५१ | ६.५९ | १ | १.५१ | ५.५२ | ८३.७६ |
| १.१.१.९६ | रा.प.प्रथम्र (प्रा.) | २११११ | १ | २.२८ | ९.९४ | १ | १.३३ | ५.३३ | ५३.६२ |
| २.१.२.१ | बिद्युत महशुल | २२१११ | १ | ०.८५ | ३.७२ | १ | ०.८५ | २.७० | ७२.५८ |
| २.१.३.१ | जारको पिउने पानी | २२१११ | ९० | ०.२१ | ०.९ | ९० | ०.२१ | ०.५३ | ५८.८९ |
| २.१.३.२ | ट्याङ्करको पानी | २२१११ | १ | ०.०९ | ०.४ | ० | ०.०० | ०.०० | ०.०० |
| २.१.३.३ | मिनिरल वाटर | २२१११ | १८० | ०.२१ | ०.९ | १८० | ०.२१ | ०.५८ | ६४.४४ |
| ८.१.४.४ | पदाधिकारीलाई टेलिफोन बिजुली र धारा सुविधा | २११४२ | ७ | ०.४८ | २.१ | ७ | ०.४८ | १.९८ | ९४.२९ |

| क.सं. | कार्यक्रम | खर्च शीर्षक | बार्षिक लक्ष्य | | | भारित प्रगति | | खर्च प्रगति | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट | परिमाण | भारित | रकम | प्रतिशत |
| ८.१.४.५ | पदाधिकारीको लागि घर सरसफाई सुविधा | २११४२ | २ | ०.२३ | १ | २ | ०.२३ | ०.७५ | ७५.०० |
| ८.१.४.६ | पदाधिकारीको सुविधाको घर भाडा | २११४२ | ५ | १.७४ | ७.५६ | ५ | १.७४ | ७.२० | ९५.२४ |
| २.१.६.१ | टेलिफोन महसुल | २२११२ | १ | ०.३९ | १.६८ | १ | ०.३९ | ०.८० | ४७.६२ |
| २.१.६.११ | संचार महशुल | २२११२ | १ | ०.४७ | २.०४ | १ | ०.४७ | १.९४ | ९५.१० |
| १.१.७.४ | अध्यक्ष | २१११२ | १ | १.७३ | ७.५४ | १ | १.७३ | ७.५१ | ९९.६० |
| १.१.७.५ | सदस्य | २१११२ | ५ | ७.७७ | ३३.८ | ५ | ७.७७ | ३३.४२ | ९८.८८ |
| २.१.७.३८ | Zoom/Team package subscription | २२११२ | १ | ०.३६ | १.५६ | १ | ०.३६ | ०.५५ | ३५.२६ |
| २.२.१.४ | मोबिल | २२२११ | ३० | ०.५ | २.१६ | ३० | ०.५० | १.२६ | ५८.३३ |
| २.२.१.८ | गाडीको लागि गियर आईल र वेक आईल आदी | २२२११ | ३० | ०.५४ | २.३४ | ३० | ०.५४ | १.१९ | ५०.८५ |
| २.२.१.२२ | सुविधाको ईन्धन | २२२११ | ६०० | ३.३१ | १४.४ | ६०० | ३.३१ | ११.६२ | ८०.६९ |
| १.२.२.२ | महंगी भत्ता | २११३२ | १२ | ०.६६ | २.८८ | ६ | ०.३३ | १.२८ | ४४.४४ |
| २.२.२.२ | पेट्रोल- दुई पाङ्ग्रे | २२२१२ | २४०० | १.१ | ४.८ | २४०० | १.१० | ३.५५ | ७३.९६ |
| २.२.२.३ | डिजेल | २२२१२ | २००० | ०.८७ | ३.८ | २००० | ०.८७ | २.६२ | ६८.९५ |
| २.२.२.४ | मोबिल | २२२१२ | २८८ | ०.६६ | २.८८ | २८८ | ०.६६ | ०.३७ | १२.८५ |
| २.२.२.९९ | कार्यक्रम संचालन तथा अनुगमनमा प्रयोग हुने गाडीका लागि डिजेल | २२२१२ | २५०० | १.०६ | ४.६ | २५०० | १.०६ | २.५२ | ५४.७८ |
| २.२.२.२७४ | आयोगका पदाधिकारीहरूबाट हुने कार्यक्रम अनुगमनको लागि डिजेल | २२२१२ | २१०० | ०.९७ | ४.२ | २१०० | ०.९७ | १.९१ | ४५.४८ |
| २.२.३.२.१ | अन्य प्रयोजनको लागि ईन्धन | २२३१४ | १० | ०.२३ | १ | १० | ०.२३ | ०.३३ | ३३.०० |
| २.२.३.२.२ | ग्याँस | २२३१४ | १० | ०.२३ | १ | १० | ०.२३ | ०.६८ | ६८.०० |

| क्र.सं. | कार्यक्रम | खर्च शीर्षक | बार्षिक लक्ष्य | | | भारित प्रगति | | खर्च प्रगति | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट | परिमाण | भारित | रकम | प्रतिशत |
| १.२.४.५ | बैठक भत्ता | २११३४ | ४ | ०.२२ | ०.९६ | ४ | ०.२२ | ०.४० | ४१.६७ |
| १.२.११.१ | पदाधिकारी बैठक भत्ता | २११४१ | ८ | ०.४४ | १.९२ | ८ | ०.४४ | ०.२८ | १४.५८ |
| २.३.१.१५.१ | चार पाङ्ग्रे सवारी साधन मर्मत | २२२१३ | ७ | ४.८३ | २१ | ७ | ४.८३ | २०.९१ | ९९.५७ |
| २.३.१.३.३ | दुङ्ग पाङ्ग्रे मर्मत | २२२१३ | २१ | ०.७२ | ३.१५ | २१ | ०.७२ | ३.०९ | ९८.१० |
| १.३.१.३३ | कर्मचारी पोशक | २११२१ | १२ | ०.२८ | १.२ | ६ | ०.१४ | ०.५० | ४१.६७ |
| २.३.२.७२.१ | वायरिङ्ग तथा सानातिना कार्यालयमा आइपर्ने विविध मर्मत सम्भार | २२२२१ | १ | ०.३४ | १.५ | १ | ०.३४ | १.०० | ६६.६७ |
| २.३.२.२६३.१ | एसि मर्मत तथा सर्भिसिङ् | २२२२१ | १६ | ०.२२ | ०.९६ | १६ | ०.२२ | ०.८१ | ८४.३८ |
| २.३.२.९८.२ | कम्प्युटर, ल्यापटप प्रिन्टर तथा फोटोकपी टेलिफोन तथा अन्य उपकरण मर्मत खर्च | २२२२१ | २८ | ०.९७ | ४.२ | २८ | ०.९७ | ४.१७ | ९९.२९ |
| २.३.९.१.२ | कार्यालयका फर्निचर, भवन मर्मत तथा रङ्गरोगन | २२२३१ | १ | ०.८ | ३.५ | १ | ०.८० | २.७१ | ७७.४३ |
| २.४.१.१००.१ | कार्यालयका लागि आवश्यक स्टेसनरी | २२३११ | ४० | ०.९७ | ४.२ | ४० | ०.९७ | ४.१९ | ९९.७६ |
| २.४.१.१०८.१ | कम्प्युटर, प्रिन्टर तथा फोटोकपी मेशिनमा प्रयोग हुने फोटोकपी पेपर, कार्टेज, टोनर, मसी आदि खरिद | २२३११ | २६ | ०.९ | ३.९ | २६ | ०.९० | ३.८९ | ९९.७४ |
| २.४.१२.१८.३ | कार्यालयलाई आवश्यक विभिन्न सामाग्री छपाई | २२३१५ | १२ | ०.८५ | ३.७२ | १२ | ०.८५ | ३.७१ | ९९.७३ |
| २.४.१३.६.३ | कार्यालयको लागि पत्रपत्रिका तथा पुस्तक खरिद | २२३१५ | १२ | ०.३३ | १.४४ | १२ | ०.३३ | ०.४४ | ३०.५६ |
| २.४.१४.२.६ | पत्रपत्रिका, रेडियोमा विज्ञापन तथा सूचना प्रकाशन | २२३१५ | ५० | ०.५७ | २.५ | २० | ०.२३ | ०.६८ | २७.२० |

| क्र.सं. | कार्यक्रम | खर्च शीर्षक | बार्षिक लक्ष्य | | | भारित प्रगति | | खर्च प्रगति | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट | परिमाण | भारित | रकम | प्रतिशत |
| २.५.३.८९ | आयोगको गतिविधी अभिलेखिकरण तथा प्रचार प्रसारको लागि मिडिया करार | २२४११ | ४ | ०.४६ | २ | ४ | ०.४६ | १.१४ | ५७.०० |
| २.५.३.२९७ | वेभसाइट अपडेट | २२४११ | १ | ०.११ | ०.५ | १ | ०.११ | ०.५० | १००.०० |
| २.५.३.४५८ | कार्यालयका कम्प्युटर, फोटोकपि, एसि आदी मेशिनरी मर्मत सेवा करार | २२४११ | १ | ०.२२ | ०.९६ | १ | ०.२२ | ०.९६ | १००.०० |
| १.५.५.१ | सेवामा रहेका पदाधिकारीको औषधी उपचार खर्च | २११४२ | ६ | १.०३ | ४.५ | ६ | १.०३ | ३.०० | ६६.६७ |
| २.५.७.४ | सेवा करारका कर्मचारीलाई चाडपर्व खर्च | २२४१३ | १७ | १.१३ | ४.९३ | १५ | १.०० | ३.९३ | ७९.७२ |
| २.५.७.५ | सेवा करारका कर्मचारीलाई पोशाक खर्च | २२४१३ | १७ | ०.३९ | १.७ | १५ | ०.३४ | १.५० | ८८.२४ |
| २.५.७.४२ | कार्यालय सहयोगी | २२४१३ | ५ | ३.४२ | १४.८८ | ५ | ३.४२ | १४.१६ | ९५.१६ |
| २.५.७.४३ | हलुका सवारी चालक | २२४१३ | ७ | ५.३६ | २३.३१ | ७ | ५.३६ | २१.४५ | ९२.०२ |
| २.५.७.६८ | स्वीपर करार | २२४१३ | १ | ०.४१ | १.८ | १ | ०.४१ | १.५६ | ८६.६७ |
| २.५.७.१११ | कम्प्युटर अपरेटर व्यक्ति करार | २२४१३ | ४ | ३.८६ | १६.८ | ३ | २.९० | ११.९५ | ७१.१३ |
| २.५.८.९५ | कार्यालयको सुरक्षाको लागि चौकीदार | २२४१३ | १ | ०.७२ | ३.१२ | १ | ०.७२ | २.८८ | ९२.३१ |
| १.६.२.४ | कर्मचारीको योगदानमा आधारित निवृतिभरण | २१२१२ | १ | ०.११ | ०.४८ | १ | ०.११ | ०.११ | २२.९२ |
| २.६.२.२२ | क्षमता अभिवृद्धी तालिम | २२५११ | ८ | ०.५५ | २.४ | ५ | ०.३४ | १.२५ | ५२.०८ |
| १.६.४.१ | कर्मचारीको योगदानमा आधारित वीमा कोष खर्च | २१२१३ | १२ | ०.२२ | ०.९६ | ६ | ०.११ | ०.२६ | २७.०८ |
| २.६.६.१००७ | संघ र प्रदेशबाट संचालित कृषि विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयन सम्बन्धमा राष्ट्रियस्तरको कार्यशाला गोष्ठी | २२५१२ | १ | १.२९ | ५.६ | १ | १.२९ | ३.५० | ६२.५० |

| क्र.सं. | कार्यक्रम | खर्च शीर्षक | बार्षिक लक्ष्य | | | भारित प्रगति | | खर्च प्रगति | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट | परिमाण | भारित | रकम | प्रतिशत |
| २.७.१५.२५२३ | कृषि क्षेत्रमा संचालित विभिन्न आयोजना/परियोजनाहरूको संयुक्त अनुगमन गरी अन्तर्क्रिया गर्ने | २२५२२ | २ | १.८४ | ८ | २ | १.८४ | ३.९२ | ४९.०० |
| २.७.१५.२५२९ | नेपालमा बिद्यमान रहेका कृषि उपज बजारहरूमा किसानहरूको पहुँच वृद्धिका लागि समस्या पहिचान गरी समाधानका उपायहरू सिफारिस गर्ने | २२५२२ | १ | १.३८ | ६ | १ | १.३८ | १.८९ | ३१.५० |
| २.७.१५.२५२८ | कृषिक्षेत्रसँग सम्बन्धित नीति/ऐन/नियमा-वलीहरू सम्बन्धी नीतिगत छलफल | २२५२२ | २ | ०.४६ | २ | २ | ०.४६ | ०.९७ | ४८.५० |
| २.७.१५.२५२७ | किसान सूचिकरण सम्बन्धमा समन्वया-त्मक छलफल/सहजीकरण गर्ने | २२५२२ | २ | १.३८ | ६ | २ | १.३८ | ५.४० | ९०.०० |
| २.७.१५.२५२६ | निर्वाचित जनप्रतिनिधि, कृषि संचारकर्मी, कृषि अधिकार कर्मी, सहकारी कर्मी, उत्पादक किसान ब्यवसायीहरू सँग किसान हक हित अधिकार सुनिश्चितताका लागि बहस कार्यक्रम | २२५२२ | १ | १.३८ | ६ | १ | १.३८ | ४.६३ | ७७.१७ |
| २.७.१५.२५२५ | वार्षिक प्रगति पुस्तिका प्रकाशन | २२५२२ | १ | ०.६ | २.६ | १ | ०.६० | २.५७ | ९८.८५ |
| २.७.१५.२५३० | कृषि क्षेत्रमा नेपालपक्ष भएर गरिएका अन्तराष्ट्रिय सन्धि संझौतामा भएका प्रतिवद्धताहरूको कार्यान्वयनको अवस्था बारे छलफल तथा अन्तरक्रिया | २२५२२ | १ | ०.२३ | १ | १ | ०.२३ | ०.८१ | ८१.०० |
| २.७.१५.२५३१ | किसान हक हित अधिकार संरक्षण एवं प्रवर्द्धन सम्बन्धी अन्तरक्रिया | २२५२२ | २ | १.३८ | ६ | २ | १.३८ | ४.९० | ८१.६७ |

| क्र.सं. | कार्यक्रम | खर्च शीर्षक | बार्षिक लक्ष्य | | | भारित प्रगति | | खर्च प्रगति | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट | परिमाण | भारित | रकम | प्रतिशत |
| २.७.१५.२५३२ | सरोकारवाला निकायहरूसँग छलफल तथा अन्तरकृया | २२५२२ | ३ | ०.६९ | ३ | ३ | ०.६९ | २.८९ | ९६.३३ |
| २.७.१५.२५३३ | विभिन्न दिवस कार्यक्रम | २२५२२ | ४ | १.१५ | ५ | ४ | १.१५ | ४.८७ | ९७.४० |
| २.८.१.३७ | कार्यक्रम अनुगमन भ्रमण खर्च | २२६११ | ७३ | २.३५ | १०.२२ | ७३ | २.३५ | ६.६१ | ६४.६८ |
| २.८.१.६६५ | पदाधिकारीहरूले विभिन्न कार्यक्रमहरूको अवलोकन भ्रमण | २२६११ | ४३ | १.३८ | ६.०२ | ४३ | १.३८ | २.९० | ४८.१७ |
| २.८.२.३ | सरुवा भ्रमण | २२६१२ | १ | ०.१८ | ०.८ | ० | ०.०० | ०.०० | ०.०० |
| २.८.२.२४७ | भ्रमण खर्च | २२६१२ | २५ | ०.५७ | २.५ | २० | ०.४६ | १.७७ | ७०.८० |
| २.९.२.९.१ | सवारी साधन कर वीमा नवीकरण | २२२१४ | २८ | १.३८ | ६.०२ | २८ | १.३८ | ३.८१ | ६३.२९ |
| २.९.६.४.३ | विभिन्न बैठक तथा छलफलहरूमा खाजा खर्च | २२७११ | १२ | ०.७४ | ३.२४ | १२ | ०.७४ | २.४८ | ७६.५४ |
| २.९.९.९.२ | कार्यालयमा भैपरी आउने कार्यका लागि खर्च | २२७११ | १२ | ०.८३ | ३.६ | १२ | ०.८३ | ३.४९ | ९६.९४ |
| २.९.९.१४.३ | कार्यालयमा दैनिक चिया खर्च तथा अतिथि सत्कार एवं जलपान | २२७११ | १२ | ०.७२ | ३.१२ | १२ | ०.७२ | २.५३ | ८१.०९ |
| **ख) चालु खर्च कार्यक्रमको जम्मा:** | | | १,०८,२४ | ९७.७१ | **४,२५.२३** | | **८३.०४** | **२९८.३८** | **७०.१७** |
| **कुल जम्मा खर्च** | | | १,०८,२५ | १००.०० | **४,३५.२३** | | **८५.३४** | **३०८.१५** | **७०.८०** |

परिच्छेद ४

# आर्थिक वर्ष २०८१/८२ को कार्यक्रम तथा बजेट

## ४.१ आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम

राष्ट्रिय किसान आयोगको बजेट उपशिर्षक नं. ३१२२१०११ अन्तर्गत आर्थिक वर्ष २०८१/८२का लागि नेपाल सरकारको स्रोतबाट चालु तर्फ (पूँजिगत तर्फ शुन्य रहेको) वार्षिक जम्मा रू ३ करोड ९० लाख ९० हजार बजेट विनियोजन रहेको र आर्थिक वर्ष २०८०/८१मा विनियोजित वार्षिक बजेट रू ४ करोड ३५ लाख २३ हजारको तुलनामा आर्थिक वर्ष २०८१/८२को वार्षिक बजेट करिब १० प्रतिशतले कम रहेको छ।

आर्थिक वर्ष २०८१/८२ को त्रैमासिक अनुसार विनियोजित बजेट देहाय अनुसार रहेको छ।

**बजेट रू हजारमा**

| क्र.सं. | त्रैमासिक | बजेट | भार प्रतिशत |
|---|---|---|---|
| १ | पहिलो | ९९५३.०० | २५.४६ |
| २ | दोस्रो | ९७०४.०० | २४.८२ |
| ३ | तेस्रो | १०५१३.०० | २६.८९ |
| ४ | चौथो | ८९२०.०० | २२.८२ |
| ५ | **वार्षिक** | **३९०९०.००** | **१००.००** |

आर्थिक वर्ष २०८१/८२मा आयोगबाट संचालन हुने मुख्य कार्यक्रम, परिमाण तथा बजेट देहायको तालिकामा उल्लेख गरिएको छ।

बजेट रू लाखमा

| क्र.सं. | कार्यक्रम | खर्च शीर्षक | एकाई | बार्षिक लक्ष्य | | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प. | बजेट | प. | बजेट | प. | बजेट | प. | बजेट | प. | बजेट |
| १ | वार्षिक पुस्तिका प्रकाशन | २२३१५ | पटक | १ | ०.५० | १ | ०.५० | - | - | - | - | - | - |
| २ | आयोगको गतिविधी अभिलेखिकरण तथा प्रचार प्रसारको लागि मिडिया करार | २२४११ | पटक | १ | ४.५० | १ | ०.९० | - | - | ० | १.३५ | ० | २.२५ |
| ३ | किसान वर्गीकरण सम्बन्धमा राष्ट्रियस्तरको कार्यशाला गोष्ठी | २२५१२ | संख्या | १ | ३.०० | - | - | १ | ३.०० | - | - | - | - |
| ४ | निर्वाचित जनप्रतिनिधि, कृषि संचारकर्मी, कृषि अधिकार कर्मी, सहकारी कर्मी, उत्पादक किसान ब्यावसायीहरूसँग किसान हक, हित र अधिकार सुनिश्चितताका लागि बहस कार्यक्रम | २२५२२ | पटक | १ | ३.०० | - | - | १ | ३.०० | - | - | - | - |
| ५ | नीति तथा कार्यक्रममा किसानका हक, हित र अधिकार लगायत विषय समावेशका लागि सरोकारवाला निकायसँग अन्तरक्रिया | २२५२२ | पटक | १ | १.०० | - | - | - | - | १ | १.०० | - | - |
| ६ | किसान सूचिकरण कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयनका लागि विशेष अभियान सञ्चालन | २२५२२ | पटक | ७ | २१.०० | १ | ३.०० | २ | ६.०० | २ | ६.०० | २ | ६.०० |
| ७ | कृषि विकासको क्षेत्रमा सञ्चालित विभिन्न कार्यक्रम/आयोजना तथा परियोजनाहरूको संयुक्त अनुगमन कार्यक्रम | २२५२२ | पटक | २ | ५.०० | - | - | - | - | १ | २.५० | १ | २.५० |
| ८ | विभिन्न दिवस/समारोह कार्यक्रममा सहयोग/सहभागिता/सञ्चालन | २२५२२ | पटक | ३ | ५.०१ | - | - | १ | १.०० | १ | ३.०१ | १ | १.०० |

| क्र.सं. | कार्यक्रम | खर्च शीर्षक | एकाई | बार्षिक लक्ष्य | | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प. | बजेट | प. | बजेट | प. | बजेट | प. | बजेट | प. | बजेट |
| ९ | विभिन्न बालीहरूको समर्थन तथा खरिद मूल्य कार्यान्वयन सम्बन्धी तहगत सरकार-सँग समन्वयात्मक कार्यक्रम | २२५२२ | पटक | २ | ४.०० | - | - | १ | २.०० | १ | २.०० | - | - |
| १० | कृषिसँग सम्बन्धित नीति/ऐन/नियममा सरोकारवाला निकायहरू बिच अन्तरक्रिया/पैरवी/पृष्ठपोषण कार्यक्रम | २२५२२ | पटक | २ | २.०० | १ | १.०० | १ | १.०० | - | - | - | - |
| ११ | कृषि क्षेत्रसँग सम्बन्धित समय सापेक्ष समसामयिक सबालमा विभिन्न सरोकारवाला निकायहरूसँग अन्तरक्रिया (पृष्ठपोषण) | २२५२२ | पटक | ३ | ३.०० | - | - | १ | १.०० | १ | १.०० | १ | १.०० |
| १२ | किसान हक हित र अधिकार सम्बन्धित किसान विधेयक तर्जुमा सम्बन्धी छलफल कार्यक्रम | २२५२२ | संख्या | १ | ५.०० | १ | १.०० | ० | २.०० | ० | २.०० | - | - |
| १३ | कृषि, सहकारी तथा प्राकृतिक श्रोत समिति, सरोकारवाला र अन्य संसदीय समितिसँग किसान हक, हित र अधिकार संरक्षण सम्बन्धमा अन्तरक्रिया/पैरवी/ पृष्ठपोषण | २२५२२ | पटक | १ | १.०० | - | - | - | - | १ | १.०० | - | - |
| **जम्मा** | | | | २६ | ५८.०१ | ५ | ६.४० | ८ | १९.०० | ८ | १९.८६ | ५ | १२.७५ |

नोटः प. = परिमाण

परिच्छेद ५

# अनुगमन तथा गुनासो

## ५. अनुगमन तथा गुनासो

### ५.१. पदाधिकारीबाट भएका अनुगमनको विवरण

आयोगका पदाधिकारीबाट आर्थिक वर्ष २०८०/८१ मा भएका अनुगमनको विस्तृत विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

| क्र.सं. | अनुगमन भएको मिति | स्थान | अनुगमनका क्रममा देखिएका प्रमुख विवरण | प्रमुख सुझाव |
|---|---|---|---|---|
| **क. पदाधिकारीको नामः डा. प्रेम प्रसाद दंगाल, अध्यक्ष** | | | | |
| १ | २०८०।०८।१२ देखि २०८०।०८।१४ सम्म | धनगढी, कैलालीमा कृषि बजार व्यवस्थापन समिति र खाद्य व्यापार तथा व्यवस्थापन कम्पनी लिमिटेड | १. खाद्य व्यापार तथा व्यवस्थापन कम्पनी लिमिटेडबाट आ.व. २०८०।८१मा ६० हजार क्वीन्टल धान खरिद गर्ने लक्ष्य लिएकोमा करिब १८ हजार मेट्रिक टन मात्र धान खरिद गरेको पाइयो।<br>२. कम्पनीले किसानको सम्पूर्ण धान खरिद गर्ने क्षमता नरहेको र गोदामको समेत अभाव रहेको पाइयो।<br>३. कृषि बजार व्यवस्थापन समिति, धनगढीको क्षमता करिब १ हजार क्वीन्टल रहेकोमा बजारमा जम्मा ४२वटा सटरहरूबाट करिब ३०० क्वीन्टल मात्र तरकारी तथा फलफूल खरिद बिक्री हुने गरेको पाइयो। | १. कम्पनीको कार्यक्षमता विस्तार गरी उत्पादित धान खरिद गर्नका लागि ठोस व्यावसायिक योजना कम्पनीको केन्द्रीय निकायले बनाउनुपर्ने।<br>२. कम्पनीको क्षमता विस्तार नहुँदासम्म सहकारी संस्था मार्फत धान खरिद गर्ने व्यवस्थालाई तिब्रता प्रदान गरी किसानलाई उत्पादनको मूल्य दिलाउन जरूरी रहेको।<br>३. बजारलाई व्यवस्थित गर्न तत्काल ऐन तर्जुमा गर्नुपर्ने, कृषि बजार विकास तथा व्यवस्थापन निर्देशिका, २०७३ तत्काल संशोधन गर्न आवश्यक, किसानलाई निश्चित कोटा तोकी सटर उपलब्ध गराउनु पर्ने, बजार स्थानीयतहबाट संचालन गर्नुपर्ने। |

| क्र.सं. | अनुगमन भएको मिति | स्थान | अनुगमनका क्रममा देखिएका प्रमुख विवरण | प्रमुख सुझाव |
|---|---|---|---|---|
| २ | २०८०।११।१४ देखि २०८०।११।२० सम्म | ढल्केबर, धनुषामा कृषि बजार व्यवस्थापन समिति र तरहरा, सुनसरीमा जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी | १. कृषि बजार विकास तथा व्यवस्थापन निर्देशिका, २०७३ छिटो संशोधन गरी कार्यान्वयन हुँदा प्रभावकारी हुने, केन्द्रीय निकायबाट नियमित अनुगमन र समन्वय हुनुपर्ने, कृषि उपजलाई विभिन्न बहानामा ओसार पसारमा रोकटोक हुने गरेको, जनशक्ति कम रहेको र कार्यविधिमा व्यवस्था भए बमोजिम किसानलाई १० प्रतिशत स्थान छुट्याएको नपाइएको।<br>२. जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको परिसरमा तारबार नभएको, भवनहरू जीर्ण रहेको, प्रशोधनमा प्रयोग हुने मेशिनरी औजार पुराना भएका र बिक्री ज्यादै घटेको र जडीबुटी खेतीको व्यावसायिकरण हुन नसक्नु र प्रशोधनकालागि आधुनिक प्रविधि प्रयोग गर्न नसक्नु। | १. नेपाल सरकारले आफ्नो स्वामित्वमा रहेका बजारहरूमा जनशक्ति व्यवस्थापनको समस्यालाई यथासक्य समाधानको उपाय खोज्नुपर्ने।<br>२. प्रत्येक संघीय बजारमा कोल्ड च्याम्बर सहितको भण्डारण सुविधा हुनेगरी पूर्वाधार निर्माण गर्नुपर्ने।<br>३. कृषि वस्तु ओसारपसारमा हुने समस्या समाधानका लागि कृषि एम्बुलेन्स कार्यक्रमलाई चलायमान बनाउन नीतिगत व्यवस्था हुनुपर्ने र ढुवानीका साधन खरिदमा सरकारले भन्सार छुट दिनुपर्ने।<br>४. जडीबुटी खेतीको व्यावसायिकरणका लागि विशेष कार्यक्रमहरू ल्याउनुपर्ने र प्रशोधनका लागि आधुनिक प्रविधि प्रयोगमा जोड दिई प्रयोगका लागि सीप तथा तालिम हासिल गर्नुपर्ने। |
| ३ | २०८१।०१।०४ देखि २०८१।०१।०८ सम्म | इटहरी उपमहानगरपालिका र रामधुनी नगरपालिका, सुनसरी | १. इटहरी उपमहानगरपालिकामा किसान सूचिकरणको कार्यलाई महत्त्व दिई सूचिकरण कार्य सम्पन्न गरेको पाइयो भने त्यही जोडिएको रामधुनी नगरपालिकाले किसान सूचीकरण कार्यलाई महत्त्व दिएको पाइएन र यस कार्यलाई विनियोजित भई आएको बजेट समेत फ्रिज गरिएको पाइयो। | १. किसान सूचिकरण कार्यलाई उच्च प्राथमिकतामा राखी आगामी आर्थिक वर्ष २०८१।८२ मा सम्पन्न गर्नुपर्ने।<br>२. खाद्य अधिकार तथा खाद्य सम्प्रभुता नियमावली, २०८० बमोजिम किसानको वर्गीकरण एवं किसान परिचयपत्र जारी गर्ने कार्य सुरुवात गर्ने।<br>३. कृषिसँग सम्बन्धित सेवा सुविधा लगायत अनुदान समेतलाई किसान सूचिकरणमा अनिवार्य आबद्ध गर्नुपर्ने। |
| **ख. पदाधिकारीको नामः सूर्य प्रसाद खनाल, सदस्य** | | | | |
| १ | २०८०।१२।१४ देखि २०८०।१२।१८ सम्म | रूपन्देही र कपिलवस्तुमा PMAMP कार्यालय र REED आयोजना | १. धानको बढ्दो आयात प्रतिस्थापनका लागि चैते धान खेतीको क्षेत्रफल विस्तारका लागि PMAMP को परियोजना कार्यान्वयन एकाई, रूपन्देही र कपिलवस्तुले विशेष अभियान नै संचालन गरेको र दुबै जिल्लामा चैते धानको क्षेत्रफल विस्तारमा उल्लेखनीय प्रगति हुने अपेक्षा रहेको पाइयो। | १. चैते धान खेती गर्ने किसानलाई सिंचाई संरचना र बिजुली मिटर सहज र सर्वसुलभ गराउनुपर्ने।<br>२. वैदेशिक ऋणमा संचालित आयोजनाहरूले आपेक्षित उपलब्धी हासिल गर्न नसक्नुको प्रमुख कारणहरू पहिचानका लागि छुट्टै सघन अध्ययनको आवश्यकता रहेको। |

| क्र.सं. | अनुगमन भएको मिति | स्थान | अनुगमनका क्रममा देखिएका प्रमुख विवरण | प्रमुख सुझाव |
|---|---|---|---|---|
| | | | २. ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना, आर्थिक कोरिडोर कार्यालय, रूपन्देहीबाट ५० प्रतिशत लागत साझेदारीमा स्टार्ट अप अनुदान प्रभावकारी रूपले संचालन नभएको पाइयो। | |
| **ग. पदाधिकारीको नामः मञ्जु धिमाल, सदस्य** | | | | |
| १ | २०८०।०७।१३ देखि २०८०।०७।१८ सम्म | बर्दिया र बाँकेका खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र पशु सेवा कार्यालय | १. खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले नेपाल सरकारबाट निर्धारण गरिएको न्यूनतम समर्थन मूल्यमा धान खरिदका लागि १ महिना अगावै देखि स्थानीय एफ एम र पत्रिका मार्फत प्रचार प्रसार गरेको र किसानले कम्तिमा तोकेको मूल्य पाएको।<br>२. पशु चिकित्सकको दरबन्दी रिक्त भएका कारण भेटेरिनरी अस्पतालबाट सेवा प्रवाह प्रभावकारी रूपमा संचालन हुन नसकेको। | १. खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको कार्य क्षमता बढाउनुपर्ने।<br>२. रिक्त दरबन्दी पदपुर्तिका लागि पहल गर्नुपर्ने। |
| २ | २०८०।११।१८ देखि २०८०।११।२४ सम्म | तनहुँ, लमजुङ र म्याग्दीमा समूह सहकारीसंग अन्तर्क्रिया | १. उत्पादित वस्तुको उचित मूल्य नपाएका कारण सहकारी संस्थाले किसानलाई उपलब्ध गराएको ऋणको किस्ता बुझाउन नसकेको।<br>२. अफ्रिकन स्वाइन फिवरका कारण बंगुरपालनका लागि निर्माण गरिएको भौतिक संरचनामा बंगुरहरू नरहेको अवस्था पाईयो। | १. स्थानीय तहबाट बजारीकरणमा सहयोग तथा किसानलाई सहुलियतपुर्ण ऋण उपलब्ध गराउने व्यवस्था गरिनुपर्ने।<br>२. बंगुरपालन व्यवसायको पुनर्त्थानका लागि सहुलियतपूर्ण ऋणको व्यवस्था मिलाइनुपर्ने। |
| ३ | २०८१।०१।०४ देखि २०८१।०१।०८ सम्म | झापा र मोरङमा कृषि विकास कार्यालय र कन्काई सिंचाई आयोजना | १. कृषि खेतिपातीका लागि सिंचाई नभएको, गुणस्तरीय बीउ र रासायनिक मल समयमा उपलब्ध नभएकाले उत्पादकत्त्वमा ह्रास आएको।<br>२. कन्काई सिंचाई आयोजनाबाट करिब १७,११३ परिवार लाभान्वित भएको र नहरको भौतिक संरचना जिर्ण भएको र प्रति विघा रु ५०० का दरले शुल्क उठाउने गरेको पाइयो। | १. कृषिसँग सम्बन्धित कार्यक्रम संचालन गर्दा तीनै तहका सरकारले समन्वय गरी कार्यक्रममा दोहोरोपना नहुने गरी कार्यक्रम संचालन गरिनुपर्ने।<br>२. सिंचित जग्गाको लगत कट्टाको प्रक्रिया र कार्यालयको स्वामित्त्वमा रहेको जग्गा अतिक्रमणको कानुनी समाधान खोज्नुपर्ने। |

| क्र.सं. | अनुगमन भएको मिति | स्थान | अनुगमनका क्रममा देखिएका प्रमुख विवरण | प्रमुख सुझाव |
|---|---|---|---|---|
| ४ | २०८१।०२।२३ देखि २०८१।०२।२९ सम्म | धनकुटा, भोजपुर र झापामा स्थित कृषि र पशु सेवा कार्यालय | १. पहाडी जिल्लामा कृषि र पशुजन्य पदार्थको सङ्कलन तथा ढुवानीमा समस्या रहेको।<br>२. अफ्रिकन स्वाइन फिवरका कारण बंगुरपालन व्यवसाय धरासय भई युवा पलायनको अवस्था रहेको। | १. कृषि वस्तु र पशुपन्छीजन्य पदार्थको सङ्कलन तथा बजारीकरण सहजिकरणका लागि मोबाइल भ्यान संचालन गर्नुपर्ने।<br>२. बंगुरपालन व्यवसाय पुनर्स्थापनाका लागि सहुलियतपूर्ण कर्जाको व्यवस्था र दिगो बजार सुनिश्चिततामा जोड दिनुपर्ने। |
| **घ. पदाधिकारीको नामः जीवन्ती पौडेल, सदस्य** | | | | |
| १ | २०८०/०७/१८ देखि २२ सम्म | बागमती र मधेस प्रदेशको कृषि मन्त्रालय; र मकवानपुर, धनुषा र सर्लाही जिल्लाका केही पालिका र कृषक समूहहरू | १. उखु खेतीका लागि कृषकले महँगो ब्याज (३६%) मा लगानी जुटाउनु पर्ने बाध्यता।<br>२. सरकारी दररेट (रू ६१०.१५) भएता पनि प्रति क्विन्टल रू ५०० पनि कृषकले नपाएको।<br>३. समयमा मल, बीउ र प्राविधिक सहयोग नपाएको।<br>४. दुग्ध उत्पादनको उचित बजार व्यवस्थाका लागि उत्पादक किसान, तहगत सरकार र सरोकारवालासँग अन्तरक्रिया/छलफल।<br>५. डल्ले च्याउको कम्पोष्टका लागि आवश्यक युरिया र चिनीमल भारतबाट ल्याउनुपर्ने बाध्यता।<br>६. कच्चा पदार्थ ढुवानीका लागि कमजोर सडक पूर्वाधार। | १. उखु खेतीका लागि आवश्यक प्रविधि र उपकरणको व्यवस्था गर्नुपर्ने।<br>२. उद्योगको पूर्व क्षमतामा सञ्चालनका लागि सहज रूपमा कच्चा उखुको उपलब्धताको लागि समन्वय गर्नुपर्ने।<br>३. समयमा भुक्तानी (जिरो व्यालेन्स नीति) लागु गर्नुपर्ने।<br>४. दूधको माग र आपूर्ति बिच सन्तुलन कायम गराउनुपर्ने।<br>५. आयातित दुग्ध उत्पादनको प्रतिस्थापन र आन्तरिक खपतमा प्रोत्साहन गर्ने नीति लिनुपर्ने।<br>६. DDC को क्षमता विकास गर्नुपर्ने।<br>७. स्थानीय तालिम केन्द्रको रूपमा विकास गर्नुपर्ने।<br>८. रोजगारमूलक उद्योगका रूपमा सरकारी स्तरबाट गर्नुपर्ने। |

| क्र.सं. | अनुगमन भएको मिति | स्थान | अनुगमनका क्रममा देखिएका प्रमुख विवरण | प्रमुख सुझाव |
|---|---|---|---|---|
| **ङ. पदाधिकारीको नामः टेक बहादुर बोगटी, सदस्य** | | | | |
| १ | २०८०।०८।०८ देखि २०८०।०८।१४ सम्म | जाजरकोट र रूकुम पश्चिम अन्तर्गत भुकम्प प्रभावित स्थानमा | १. जाजरकोट केन्द्र विन्दु भई गएको भुकम्पका कारण भौतिक क्षति धेरै भएको पाइयो।<br>२. किसानहरूको घर तथा बारीमा समेत भुकम्पबाट धेरै क्षति भएको पाइयो।<br>३. भुकम्प पीडितहरूले हाल सम्म राहत नपाएको। | १. भुकम्पका कारण घर विहीन भएकालाई तत्काल राहतको व्यवस्था गरिनुपर्ने।<br>२. विभिन्न निकायबाट प्राप्त राहतहरू पारदर्शी ढङ्गबाट पीडित समक्ष वितरण गरिनुपर्ने।<br>३. कृषि क्षेत्रमा भएको क्षति एकीन गरी यथाशिघ्र राहत तथा क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने। |
| २ | २०८०।०९।१२ देखि २०८०।०९।१६ सम्म | धनुषा, बारा र पर्सामा धानको न्यूनतम समर्थन मूल्य सम्बन्धमा अन्तरक्रिया तथा अनुगमन | १. मधेश प्रदेशमा यस वर्ष धानको उत्पादन करिब ८० हजार मे.टन ले घटेको पाइयो।<br>२. गत वर्ष भन्दा यस वर्ष धान बिक्रीमा गर्न सहज भएको तर पनि किसानले आफ्नो उत्पादन स्थलबाट धान बिक्री गर्दा नेपाल सरकारले निर्धारण गरेको न्यूनतम समर्थन मूल्य किसानहरूले प्राप्त नगरेको यद्दपी किसान आफैले नजिकको बजारसम्म धान ल्याइ बिक्री गर्दा कम्तिमा तोकिएको न्यूनतम समर्थन मूल्यमा बिक्री गर्न सकेको पाइयो।<br>३. खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले तोकिएको लक्ष्य अनुसार धान खरीद गर्न नसकेको। कम्पनीले धान खरीदका लागि सूचना प्रकाशन गरेको तर किसानको फार्म सम्म नजाने र बजारसम्म किसान आफैले ल्याउनुपर्दा मिलहरूबाट तोकिएको न्यूनतम समर्थन मुल्य वा बढी पाएकाले सोझै बिक्री गरेको पाइयो। | १. पानी अभावका कारण धानको उत्पादन घटेकाले सिंचाईका कार्यक्रममा विशेष जोड दिइनुपर्ने।<br>२. नेपाल सरकारले निर्धारण गरेको न्यूनतम समर्थन मूल्यमा धान बिक्री नभएको अवस्थामा नेपाल सरकारले किसानको फार्म बाटै खरीद गर्ने व्यवस्था मिलाउनुपर्ने।<br>३. खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको कार्य क्षमता वृद्धि गरिनुपर्ने। |
| ३ | २०८०।११।२४ देखि २०८०।११।२७ सम्म | सुर्खेत स्थित कृषि विकास कार्यालय र सहकारी | १. आलु खेतीमा संलग्न नीजि फर्म, सहकारीका सदस्यहरूसँग आलुको आयात प्रतिस्थापन समेतको उद्देश्यका साथ क्षेत्रफल विस्तार गरिएको र आलु बीउ भण्डारण पूर्वाधारको अवलोकन गरिएको।<br>२. सहकारीबाट स्वस्थ तथा गुणस्तरीय आलु बीउ उत्पादनका लागि आवश्यक ल्याब स्थापनाकालागि बजेट अपुग भएको। | १. आलु खेतीको उत्पादन तथा उत्पादकत्त्व वृद्धिका लागि सिंचाईको समस्याको दिर्घकालीन समाधानमा जोड दिनुपर्ने।<br>२. आलु खेतीको क्षेत्रफल विस्तारमा संलग्न किसानलाई अनुदानको व्यवस्था गरिनुपर्ने। |

| क्र.सं. | अनुगमन भएको मिति | स्थान | अनुगमनका क्रममा देखिएका प्रमुख विवरण | प्रमुख सुझाव |
|---|---|---|---|---|
| ४ | २०८१।०१।२२ देखि २०८१।०१।२५ सम्म | नुवाकोट र रसुवामा कृषि अनुसन्धान केन्द्र र कृषि कार्यालय | १. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत बीउ आलु आत्मनिर्भर कार्यक्रम संचालनबाट करिब ७७ प्रतिशत किसानले उन्नत बीउ प्रयोग गरेको र करिब ५१ मेट्रिक टन आलु बीउ बाह्य जिल्लामा बिक्री गरेको पाइयो।<br>२. रेन्बो ट्राउट माछाको मुख्य आहारा झिङ्गे माछा भारतबाट आयात गर्नुपर्ने भएकाले उत्पादन लागत बढी भएको जानकारी भयो। | १. आलुमा आत्मनिर्भर हुनका लागि अत्याधुनिक सुविधा भएको प्रयोगशाला निर्माण गरी प्राविधिक जनशक्तिको व्यवस्थापन गर्न आवश्यक रहेको।<br>२. ट्राउट माछाको उत्पादन लागत घटाउनका लागि स्वदेशमा माछाको आहारा व्यवस्थापनका लागि अध्ययन गरिनुपर्ने।<br>३. जनशक्ति पदपूर्तिका लागि पहलकदमी लिनुपर्ने। |
| ५ | २०८१।०१।०५ देखि २०८१।०१।११ सम्म | दाङ र रोल्पा | १. प्रदेश कार्यालय कृषि ज्ञान केन्द्र मार्फत दाङ र रोल्पा जिल्लामा सेवा प्रवाह गर्न भौगोलिक अवस्था र दूरीका कारण एउटा जिल्लाबाट यी दुई जिल्ला कार्यक्षेत्र रहने व्यवस्था अव्यवहारिक रहेको।<br>२. संघ, प्रदेश र स्थानीय तहबाट संचालन गरिने कृषिका कार्यक्रम दोहोरिने र कृषि पेशामा युवाको सहभागिता निकै कम रहेको पाइयो। | १. दाङ र रोल्पा जिल्लामा छुट्टा छुट्टै ज्ञान केन्द्रको स्थापना गरिनुपर्ने र कार्यक्रममा दोहोरोपना आउन नदिनका लागि अन्तर तह समन्वय बढाउनु पर्ने।<br>२. विद्यमान कृषि संरचना जस्तै सङ्कलन केन्द्र, बीउ प्रशोधन तथा भण्डारण केन्द्र र रष्टिक स्टोर यथासक्य छिटो उपयोगमा ल्याउनु पर्ने।<br>३. युवालाई कृषि पेशामा आकर्षित गर्न युवा लक्षित नवप्रवर्तन कृषि कार्यक्रमहरू ल्याउनु पर्ने। |
| **च. पदाधिकारीको नामः पुष्पा भुसाल, सदस्य** | | | | |
| १ | २०८०।०६।०९ देखि २०८०।०६।१३ सम्म | रामेछाप, दोलखा, सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक स्थित कृषि कार्यालय र सहकारी | १. दोलखामा महिला सम्मिलित कृषि सहकारी पहिलो पटक बीजवृद्धि कार्यमा लागेको पाइयो।<br>२. आलुबाली विकास केन्द्र निगालेबाट उत्पादन हुने स्वच्छ र गुणस्तरीय आलुको पुर्व मूल बीउको माग धेरै रहेको र यस्को उत्पादन निकै खर्चिलो र विशेष प्राविधिक रेखदेखमा नियन्त्रित वातावरणमा गर्नुपर्ने।<br>३. स्थलगत फिल्ड अनुगमनका क्रममा राज्यबाट उपलब्ध हुने कृषि अनुदान वास्तविक किसानको पहुँचमा नरहेको गुनासो र उत्पादक किसानहरूमा धेरै नैराश्यता देखिएको। | १. बीजवृद्धिमा संलग्न महिला किसानलाई आवश्यक प्राविधिक सेवा टेवा उपलब्ध गराउन आवश्यक रहेको।<br>२. संघ अन्तर्गत रहेको आलुबाली विकास केन्द्र निगालेको कार्य क्षमता वृद्धि गरी आलुको पुर्व मूल बीउ र मूल बीउ उत्पादनमा जोड दिई आलुको माग पूर्तिका लागि आलुबाली विकास केन्द्रलाई सशक्तिकरण र पूर्वाधार विकासमा जोड दिनुपर्ने।<br>३. कृषि अनुदान वास्तविक किसान समक्ष पुऱ्याउनका लागि किसान सूचिकरण कार्य यथासक्य सम्पन्न गरी वर्गीकरण र किसान परिचयपत्रसँग सम्पूर्ण कृषि अनुदानलाई जोडिनुपर्ने। |

## ५.२. गुनासो गर्न सक्ने विधि

किसानहरूको हक, हित र अधिकार संवर्द्धन र प्रवर्द्धनका लागि किसानहरूका गुनासो व्यवस्थित गर्न र सम्बन्धित निकायमा पुऱ्याई, सुनुवाई तथा समस्या समाधानका लागि पहल गर्न किसानले सार्वजनिक निकायबाट प्राप्त गर्ने सेवा सुविधा र किसानका हक, हित र अधिकार संरक्षणका लागि आयोगबाट **"किसान गुनासो सुनुवाइ एवं व्यवस्थापन प्रणाली, २०७९"** स्वीकृत गरी लागु गरिएको छ।

किसानले कृषि कार्यमा भोग्नुपरेका समस्याका सम्बन्धमा आयोगमा **"किसान गुनासो सुनुवाइ एवं व्यवस्थापन प्रणाली, २०७९"** को दफा ३ बमोजिम देहाय अनुसारको विधिबाट गुनासो दर्ता गराउन सकिनेछ।

क. कीर्तिपुर, काठमाडौंमा अवस्थित आयोगको कार्यालयमा रहेको गुनासो व्यवस्थापन कक्षमा स्वयम् उपस्थित भई गुनासो दर्ता गराउन सकिने

ख. आयोगको पैसा नलाग्ने टोल फ्रि नम्बर (१६६००१०६१८२) मा टेलिफोन गरी टिपाउन वा रेकर्ड गराउन सकिने

ग. आयोगको टेलिफोन नम्बर (०१-५९०६१७६, ५९०६१८०, ५९०६१८२) मा टेलिफोन गरेर टिपाउन सकिने

घ. आयोगको ईमेल ठेगाना (nfcnepal2017@gmail.com) मा ईमेल गर्न सकिने

ङ. आयोगको वेबसाइट (www.nfc.gov.np) मा रहेको गुनासो पोर्टलमा गई गुनासो लेखी पठाउन सकिने

च. आयोगको कार्यालयमा प्राप्त हुने गरी पत्र पठाएर

छ. आयोगको कार्यालय परिसरमा रहेको गुनासो/उजुरी पेटीकामा गुनासो खसाल्न सकिने

ज. आयोगको सूचना अधिकारीलाई टेलिफोन गरी गुनासो टिपोट गराउन सकिने

झ. आयोगको Facebook ID र पेज (राष्ट्रिय किसान आयोग) वा मोबाइलमा म्यासेज लेखी पठाउन सकिने।

## ५.३. गुनासो दर्ता तथा कार्यान्वयनको अवस्था

आयोगमा आर्थिक वर्ष २०८०/८१ मा जम्मा ९ वटा गुनासो प्राप्त भएको थियो। आर्थिक वर्ष २०८०/८१ मा दर्ता हुन आएका गुनासो र तिनको कार्यान्वयनको अवस्थाको विवरण देहाय अनुसारको तालिकामा रहेको छ।

| क्र.सं. | दर्ता नं. | दर्ता मिति | गुनासोकर्ता | ठेगाना | गुनासोको संक्षिप्त विवरण | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|---|---|
| क्र.सं. | विज्ञको नाम | ठेगाना | सम्पर्क नं: | ईमेल | विज्ञताको क्षेत्र |
|---|---|---|---|---|---|
| ३२ | श्री राम चन्द्रिका प्रसाद | मलंगवा न.पा., सर्लाही | ९८४४०६०५७३ | mailrcprasad@gmail.com prasadrc40@yahoo.com | कृषि विज्ञ |
| ३३ | श्री पदम लाल भण्डारी | काठमाडौं -३१, काठमाडौं | ९८४९८१८८०० | padam977@gmail.com | बजार विकास तथा मूल्य श्रृखंला |
| ३४ | श्री जनार्जन अधिकारी | काठमाडौं | ९८४१५३४६१८ | | कृषि अर्थविज्ञ |
| ३५ | श्री चन्द्र प्रसाद पोखरेल | धुरकोट - १, गुल्मी | ९८४१२५६०३३ | | अध्यापन, अनुसन्धान तथा तालिम |
| ३६ | श्री ठाकुर प्रसाद देवकोटा | गण्डकी - ३, गोरखा | ९८५११०६४५७ | thakurdevkota72@gmail.com | जलवायु परिवर्तन |
| ३७ | प्रा. श्याम सुन्दर पन्त | रामपुर, चितवन | ९८५५०५६१६८ | ssp.iaas@gmail.com | वागवानी विज्ञ |
| ३८ | डा. तारानाथ पाण्डे | काठमाडौं | ९८५१११३६५० | tarapande@gmail.com | पशु आहारा |
| ३९ | श्री बैकुन्ठ पराजुली | स्यूचाटार – २, काठमाडौं | ९८५११०६२०३ | parajubali@gmail.com | पशु विकास |
| ४० | डा. सुरोज पोखरेल | नागार्जुन – १, काठमाडौं | ९८५१०४५८०५ | surojpokhrel@yahoo.com | बाली विज्ञान |
| ४१ | श्री रामेशेवर सिँ पान्डे | चाबाहिल, काठमाडौं | ९८४१३४५०८२ | rameshwarsinghpande@ gmail.com | पशु विकास |
| ४२ | श्री पुष्पराज शाही | रानीबारी सामाखुसी, काठमाडौं | ९८४१४०५५५८ | | कृषि बजार |
| ४३ | डा. राम प्रसाद नेउपाने | धापाखेल, ललितपुर | ९८५१०७३४९२ | spneopane@gmail.com | पशु प्रजनन् तथा जेनेटिक्स |
| ४४ | श्री जनार्दन बाबु कट्टेल | सामाखुसी, काठमाडौं | ९८५११८५५३३ | | कृषि बैंकिङ् |
| ४५ | श्री सागर चन्द्र जोशी | भिमदत्त – ३, कन्चनपुर | ९८५११२२६१३ | sagarjoshi2108@gmail.com | लघुवित्त |
| ४६ | श्री मिन प्रसाद बुढाथोकी | कीर्तिपुर, काठमाडौं | ९८४१३३५७५८ | budhathokimin@yahoo.com | कृषि प्रसार |
| ४७ | श्री ओम प्रकाश लामिछाने | कलंकी, काठमाडौं | ९८५१०५४२४३ | | कृषि वन, पर्यटन र समुदाय विकास |
| ४८ | श्री सुरेश बाबु तिवारी | टोखा – ७, काठमाडौं | ९८५११५६७०२ | sabatiwari@yahoo.com | कृषि प्रसार |
| ४९ | श्री प्रेम राज न्यौपाने | टोखा – ७, काठमाडौं | ९८४९४९०६४० | eshin2074@gmail.com | कृषि अनुसन्धान र विकास |

| क्र.सं. | विज्ञको नाम | ठेगाना | सम्पर्क नं: | ईमेल | विज्ञताको क्षेत्र |
|---|---|---|---|---|---|
| ५० | श्री बिमल कुमार बानियाँ | ईमाडोल, ललितपुर | ९८४९०३१८५२ | baniyabk@hotmail.com | बाली प्रजनन् |
| ५१ | डा. नर बहादुर रजवार | टोखा, काठमाडौं | ९८४१३३९२९२ | rajwarnb@yahoo.com | पशु विकास |
| ५२ | श्री श्याम प्रसाद पौडेल | सिनामंगल, काठमाडौं | ९८४१३६५९१३ | shyampdl1961@gmail.com | दूध उत्पादन, प्रशोधन र बजारीकरण |
| ५३ | श्री यज्ञ गजाधर खड्का | चरिकोट– ३, दोलखा | ९८५१००५०३६ | khadkayg@gmail.com | माटो विज्ञान तथा वातावरण विज्ञान |
| ५४ | श्री जय कृष्ण पौडेल | टोखा, काठमाडौं | ९८४१६१४९१६ | jkpaudel2000@yahoo.com | मत्स्य |
| ५५ | डा. विष्णु प्रसाद चापागाईं | भरतपुर– १२, चितवन | ९८५११०००९५ | bishnu.bgu@gmail.com | उच्च प्रविधि कृषि संरचना |
| ५६ | श्री भव प्रसाद त्रिपाठी | काठमाडौं - ४, काठमाडौं | ९८५१०९७३९४ | tripathibhabprasad@gmail.com | माटो विज्ञान र वातावरण विज्ञान |
| ५७ | श्री कमलराज गौतम | काठमाडौं | ९८५१०६८७५९ | krishikrg@gmail.com | कृषि अर्थविज्ञ |
| ५८ | डा. सुदर्शन प्रसाद रेग्मी | काठमाडौं | ९८४३४९५५८० | | कृषि अर्थविज्ञ |
| ५९ | श्री प्रेम पोखरेल | काठमाडौं | ९८४१७३२५६३ | prameshjee@gmail.com | तालिम |
| ६० | श्री नहेन्द्र खड्का | बागलुङ | ९८५१२४२६६९ | nahendra@gmail.com | कृषि अर्थविज्ञ |

# अनुसूची ३

# किसान गुनासो सुनुवाइ एवं व्यवस्थापन प्रणाली, २०७९

**प्रस्तावनाः** नेपालको संविधान बमोजिम किसानहरूको हक अधिकारको सम्वर्द्धन र प्रवर्द्धन गर्नका लागि राष्ट्रिय किसान आयोगले नेपालभर रहेका सम्पूर्ण किसानहरूका कृषि तथा पशुपन्छीजन्य उत्पादन, उत्पादन उपरान्तका कार्य, बजारीकरण तथा कृषि क्षेत्रसँग सम्बन्धित अन्य क्रियाकलापहरूसँग सरोकार राख्ने विषयहरूमा भएका गुनासोहरूलाई व्यवस्थित गर्न, सम्बन्धित निकायमा पुर्‍याई सुनुवाई तथा समस्या समाधानमा पहल गर्न, किसानले सार्वजनिक निकायहरूबाट प्राप्त गर्ने सेवा सुविधा र किसानका हक हित र अधिकारको संरक्षण गर्न वान्छनीय भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयको (मा. मन्त्रीस्तर निर्णयानुसार) साथै राष्ट्रिय किसान आयोगको मिति २०७९/०८/१२ को निर्णयबाट यो प्रणाली स्वीकृत गरी लागु गरिएको छ ।

परिच्छेद-१

## प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भः** (१) यस प्रणालीको नाम किसान गुनासो सुनुवाइ एवं ब्यवस्थापन प्रणाली, २०७९ रहेको छ।

(२) यो प्रणाली आयोगबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२) **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस प्रणालीमा,

(क) "किसान" भन्नाले जिविकोपार्जनका लागि कृषि पेशा (कृषि तथा पशुपन्छीजन्य उत्पादन, प्रशोधन तथा बजारीकरण) मा आवद्ध भएका व्यक्तिहरूलाई सम्झनु पर्दछ ।

(ख) "किसान समूह" भन्नाले सरकारी निकायमा दर्ता भएका महिला, पुरुष, मिश्रित, दलित, जनजाति लगायतका किसानहरूको समूहलाई सम्झनु पर्दछ ।

(ग) "किसान सहकारी" भन्नाले प्रचलित कानून बमोजिम गठन भई सरकारी निकायमा दर्ता भएका कृषि सहकारी संझनुपर्छ ।

(घ) "सम्बन्धित निकाय" भन्नाले कृषि र प्रकृतिक श्रोतसँग सम्बन्धित रहेका बिभिन्न मन्त्रालय, विभाग, कार्यालय, संस्थान, बोर्ड, आयोग समेतलाई सम्झनु पर्दछ ।

(ङ) "आयोग" भन्नाले राष्ट्रिय किसान आयोगलाई सम्झनु पर्दछ ।

(च) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सम्झनु पर्दछ ।

(छ) "कार्यालय" भन्नाले कृषि क्षेत्रसँग सम्बन्धित रहेर कार्य गर्ने सरकारी कार्यालयलाई सम्झनु पर्दछ।

(ज) "संस्थान/बोर्ड" भन्नाले कृषि क्षेत्रको विकास र विस्तारमा किसानहरूलाई सहयोग गर्नका लागि सरकारद्वारा स्थापना भएका निकाय सम्झनु पर्दछ ।

(झ) "सरकार" भन्नाले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह भन्ने सम्झनु पर्दछ ।

(ञ) "सार्वजनिक निकाय" भन्नाले संविधान अन्तर्गतका निकाय, ऐनद्वारा स्थापित निकाय, नेपाल सरकारबाट गठित निकाय, प्रदेश सरकारका कार्यालय वा प्रदेश सरकारद्वारा गठित निकाय, स्थानीय तह वा त्यसका कार्यालयहरू साथै सरकारबाट सेवा प्रदान गर्ने मन्त्रालय, विभाग, कार्यालय, संस्थान, बोर्ड लगायतलाई सम्झनु पर्नेछ ।

(ट) "गुनासो" भन्नाले यस प्रणालीको दफा ४ अनुसार दर्ता हुने जानकारी, सूचना वा उजुरीलाई सम्झनु पर्नेछ ।

(ठ) "संवेदनशील गुनासो" भन्नाले बालीनाली तथा पशुपन्छीमा रोगरकीरा साथै प्राकृतिक प्रकोप वा महामारी शुरुभएको वा फैलिएको अवस्था, किसानहरूको आम हकहित र अधिकारमा आघात भएको वा अधिकार हनन् भएको सम्बन्धी गुनासोलाई सम्झनु पर्नेछ ।

परिच्छेद-२

## गुनासो व्यवस्थापन विधि तथा प्रक्रिया

**३. गुनासोहरूको व्यवस्थापन सम्बन्धी व्यवस्थाः** (१) राष्ट्रिय किसान आयोगको सचिवालयमा संचारका विभिन्न माध्यमहरू प्रयोग गरी नियमित रुपमा संचालन हुने गरी किसानका गुनासो व्यवस्थापन गर्नका लागि किसान गुनासो व्यवस्थापन प्रणालीको स्थापना गरिनेछ ।

(२) यस प्रणालीलाई व्यवस्थित गर्नका लागि आयोगको सचिवालयमा गुनासो व्यवस्थापन कक्षको व्यवस्था गरिनेछ।

(३) यस प्रणालीको प्रयोग गरी किसानका हक अधिकारसँग सम्बन्धित विभिन्न क्षेत्रहरूका समस्याहरूको पहिचान, संकलन तथा व्यवस्थापन गरी राष्ट्रिय किसान आयोगले आयोगमा प्राप्त गुनासो तथा समस्याहरू सम्बन्धित सार्वजनिक निकाय तथा सरोकारवालाहरू समक्ष सुनुवाइको लागि पठाई समाधानका लागि पहल गर्नेछ।

(४) आम नागरिक, किसान, किसान समूह तथा सहकारी र कृषि उद्यमीहरूले आफ्ना समस्याहरूलाई स्पष्ट रुपमा कुनै पनि संचारका माध्यमबाट आयोगमा दर्ता वा जानकारी दिन सक्नेछन्। गुनासो गर्न चाहनेले देहायका माध्यमबाट आयोगको गुनासो व्यवस्थापन कक्षमा गुनासो जानकारी दिन वा दर्ता गर्न सक्नेछन्।

(क) आयोगको टोल फ्री टेलिफोन नम्बरमा टेलिफोन गरी गुनासो कक्षका कर्मचारीलाई टिपाएर वा रेकर्ड गराएर ।

(ख) आयोगको फ्याक्समा फ्याक्स गरेर ।

(ग) आयोगको ईमेल ठेगाना **nfcnepal2017@gmail.com** मा ईमेल गरेर ।

(घ) आयोगको वेब साईट www.nfc.gov.np भित्र रहेको गुनासो तथा सुझाव (complain

and suggestions) बाट वा मोबाइल SMS, Face book page, Twitter, Viber लगायतका विद्युतीय माध्यममा पठाएर ।

(ङ) आयोगमा प्राप्त हुने गरी पत्र पठाएर वा आयोगको कार्यालय परिसरमा रहेको उजुरी पेटिकामा राखेर।

(च) आयोगमा स्वयम् उपस्थित भएर ।

४. <u>जानकारी गराउनेः</u> (१) राष्ट्रिय किसान आयोगले सरकारद्वारा किसानलाई उपलब्ध गराइने सेवा सुविधा, अनुदान, कृषि तथा पशुपन्छीजन्य उत्पादन, उत्पादन उपरान्तका कार्यहरू र बजारीकरण, तथा कृषिसँग सम्बन्धित प्राप्त विभिन्न गुनासोहरूलाई वर्गीकरण र प्राथमिकताको आधारमा सम्बन्धित निकायमा समाधानका लागि गुनासो सम्प्रेषण गर्नेछ ।

(२) गुनासो सम्बोधनका लागि सम्बन्धित निकायले आफ्ना मातहतका कार्यालय मार्फत सम्बोधन गर्दा राष्ट्रिय किसान आयोगमा बोधार्थ र जानकारी गराउनु पर्नेछ ।

(३) गुनासो समस्या समाधान भएको वा कार्यान्वयन अवस्थाको बारेमा सम्बन्धित उजुरीकर्तालाई जानकारी गराईनेछ ।

५. **<u>गुनासो व्यवस्थापन प्रणाली</u>**:- (१) किसानका गुनासोहरूलाई व्यवस्थित गर्नका लागि गुनासो व्यवस्थापन प्रणालीको विकास गरी प्रदेशगतर जिल्लागतर पालिकागत साथै कृषिको क्षेत्रगत समस्याहरू छुट्टिने गरी राख्नका लागि आयोगले गुनासो व्यवस्थापन प्रणालीको विकास गर्नेछ ।

(२) किसानका दर्ता भएका गुनासो र सम्बोधन भएका गुनासोहरूलाई समेत गुनासो व्यवस्थापन कक्षमा व्यवस्थित गरी राखिनेछ ।

(३) नीजि क्षेत्र, गैरसरकारी क्षेत्र र नागरिक समाजका संघ संस्थाहरूसँग सम्बन्धित गुनासो तथा सुझावहरूको कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित सघं संस्थाको नै हुनेछ।

(४) दफा ४ अनुसार प्राप्त भएका गुनासोहरूलाई अभिलेखन व्यवस्थित गर्ने कर्मचारीको देहाय बमोजिम जिम्मेवारी रहनेछ ।

(क) <u>टोल फ्री टेलिफोन नम्बरबाट प्राप्त गुनासोस् यसको लागि गुनासोः</u> कक्षमा तोकिएको कर्मचारीले टोल फ्री नम्बरको टेलिफोनबाट आउने गुनासो तथा सूचनाहरूलाई अभिलेखन गर्नुपर्नेछ ।

(ख) गुनासो कक्षमा कार्यालय समयमा अनिवार्यरुपमा कर्मचारी रहिरहनु पर्नेछ । यदि कतै जानुपर्ने अवस्था आएमा अर्को कर्मचारीलाई जिम्मेवारी हस्तान्तरण गराएर मात्र कक्षबाट निस्कनुपर्नेछ । टेलिफोनको तीन घण्टी भित्र उठाई सक्नुपर्नेछ ।

(ग) सामान्यतया एक गुनासोकर्ताको तीन मिनेट भित्रमा गुनासो टिपोट गर्नुपर्नेछ ।

(घ) कुरा स्पष्टसँग बुझेर टिपोट गरी अभिलेखन ( Documentation) गर्नुपर्नेछ ।

(ङ) गुनासोकर्ताको नाम, ठेगाना, सम्पर्क नम्बर साथै इमेल ठेगाना पनि छ भने स्पष्टसँग टिपोट गरी अभिलेखन (Documentation) गर्ने साथै गुनासो प्राप्त मिति र समय समेत टिपोट गर्नुपर्नेछ ।

(च) टिपोट गरेको गुनासो नियमित रुपमा आयोगका सूचना अधिकारी समक्ष पेश गर्नुपर्नेछ ।

(छ) सूचना अधिकारीले गुनासोको प्रकृति हेरेर समाधानका लागि प्रयास गर्न आयोगको पूर्ण बैठकमा लैजानु पर्ने वा सिधै सम्बन्धित निकायमा पठाउने हो सदस्य सचिवसँग सल्लाह गरी टुङ्गो लगाउनु पर्नेछ ।

(ज) प्रत्येक टेलिफोनबाट प्राप्त गुनासोहरूलाई अनुसूची- २ अनुसारको ढाँचामा सूचनाहरू लिने र अभिलेखनका लागि एउटा छुट्टै विवरण पुस्तिका तयार गर्ने वा सो अनुसूची- २ अनुसार प्राप्त गुनासोहरूलाई नछुटाई कम्प्युटरमा प्रविष्ट गराई व्यवस्थित गर्नु पर्नेछ।

(५) गुनासो कक्षमा भएको ईमेल/फ्याक्स्/SMS/वेभसाइटमा रहेको तथा सुझाव (complain and Suggestion), facebook page, twitter, viber बाट प्राप्त भएका गुनासोहरू तथा पत्रबाट प्राप्त गुनासोहरूलाई कर्मचारीले देहाय वमोजिम व्यवस्थित गर्नुपर्नेछ।

(क) प्राप्त भएका गुनासोहरूलाई अनुसूची- ३ अनुसारको ढाँचामा अभिलेखन गरी तयार गर्नुपर्नेछ।

(ख) उप-दफा (५) को खण्ड (क) अनुसार प्राप्त गुनासोहरूलाई दैनिक रुपमा संकलन गर्नुपर्ने। संकलन भइसकेपछिको गुनासोलाई प्रत्येक दिन सूचना अधिकारी समक्ष पेश गर्ने र सूचना अधिकारीले गुनासोको प्रकृति हेरेर समाधानका लागि प्रयास गर्न आयोगको पूर्ण बैठकमा लैजानु पर्ने वा सिधै सम्बन्धित निकायमा पठाउने हो सदस्य सचिवसँग सल्लाह गरी टुङ्गो लगाउने ।

६. **<u>गुनासोको वर्गीकरण तथा व्यवस्थापनः</u>** (१) किसानहरूबाट प्राप्त गुनासोलाई वर्गीकरण गरी यसको व्यवस्थापन गर्नुपर्नेछ। यसको लागि किसानहरूले सार्वजनिक निकायहरूबाट प्रवाह हुने सेवा सुविधाहरू, किसानका कृषि तथा पशुपन्छीजन्य उत्पादन, उत्पादन उपरान्तका कार्यहरू तथा बजारीकरण सम्बन्धी समस्याहरू, किसानका हक अधिकार प्राप्त गर्न परेका समस्याहरू हुनेछन्। प्राप्त भएका समस्या तथा गुनासोहरूलाई देहाय अनुसार वर्गीकरण गरी छुट्याएर राखी कारबाहीको लागि तयारी गरिनेछ ।

(क) वर्गीकरण नम्वर-१: सरकारका बिभिन्न निकायहरू मार्फत प्रवाह हुने सेवा सुविधाहरू प्राप्त गर्न नसकेको तथा यसमा कुनै भेदभाव भएको भन्ने भएमा यस अन्तर्गत राखिनेछ।

(ख) वर्गीकरण नम्बर-२: किसानका कृषि तथा पशुपन्छीजन्य वस्तुहरूको बीमा, उत्पादन, प्रशोधन तथा बजारीकरणमा परेका समस्या उपरका गुनासोस् बाली तथा बस्तु बीमा उत्पादन बजारीकरण तथा वितरणमा स्थानीय स्तर, प्रादेशिक वा राष्ट्रिय स्तरमा के कस्ता समस्याहरू रहे भन्ने सम्बन्धी गुनासोहरूलाई यस अन्तर्गत राखिनेछ ।

(ग) वर्गीकरण नम्बर -३: नेपालको संविधान, विद्यमान ऐन, नियम, कानून, निर्देशिकाहरूमा उल्लेखित किसानका हक अधिकार सम्बन्धी विषयहरू प्राप्त गर्न नसकेका वा प्राप्त गर्न समस्या भएका कुराहरूलाई यस अन्तर्गत राखिनेछ।

(घ) वर्गीकरण नं. -३: प्राकृतिक श्रोत साधनमा पहुँच सम्बन्धमा यस वर्गीकरण अन्तर्गत राखिनेछ।

(२) वर्गीकरण गरिएका गुनासोहरूलाई व्यवस्थापन गर्नका लागि सूचना अधिकारीले यसको प्रकृति हेरी सम्बन्धित निकायमा पत्राचार र ईमेल गर्ने वा जानकारी गराउनु पर्ने भएमा जानकारी गराउने साथै आयोगको पूर्ण बैठकमा पेश गरी निर्णय गर्नुपर्ने भएमा सदस्य सचिव मार्फत बैठकमा पेश गरी निर्णयबाट कारबाही अगाडी बढाउनु पर्नेछ।

परिच्छेद-३

## अभिलेख व्यवस्थापन

७. **<u>गुनासोको अभिलेख व्यवस्थापन गर्ने विधिः</u>**- गुनासो व्यवस्थापन कक्षमा प्राप्त भएका गुनासो तथा सूचनाहरूलाई व्यवस्थित गर्नका लागि दुई किसिमका विधि अपनाइनेछस

(क) **<u>विद्युतीय अभिलेख</u>** गुनासो कक्षमा अभिलेख तयार गर्न गुनासोहरूको प्रतिवेदन तयार गर्न र पत्रहरू तयार गर्नका लागि कक्षमा कम्प्युटर अपरेटरको व्यवस्था गरिनेछ। कम्प्युटर अपरेटरको कार्य देहाय बमोजिम हुनेछ।

१) गुनासो व्यवस्थापन कक्षमा प्राप्त सम्पूर्ण गुनासो तथा सूचनाहरूलाई विद्युतीय रुपमा तयार गर्ने।

२) गुनासो वा प्राप्त सूचनाहरूलाई कम्प्युटरमा अनिवार्य रुपमा प्रविष्ट गर्ने।

३) प्रतिवेदन तयार गर्ने ।

४) गुनासो व्यवस्थापन कक्षबाट बाहिर पठाउनु पर्ने पत्रहरू तयार गर्ने ।

५) गुनासो व्यवस्थापन कक्षमा प्रयोग भएका विद्युतीय उपकरणहरू चुस्त राख्ने र यदि केही समस्या आएमा तत्काल समाधानका लागि पहल गर्ने।

**(ख) <u>दस्तावेजको अभिलेखः</u>** गुनासो व्यवस्थापन कक्षमा गुनासो तथा सूचनाहरूको दस्तावेजहरूको अभिलेख देहाय बमोजिम राख्नु पर्नेछ । यसका लागि कम्प्युटर अपरेटर वा कार्यालयले तोकेको कर्मचारीले यसको कार्य गर्नु पर्नेछ । यसमा कार्य गर्ने कर्मचारीको देहाय बमोजिमको कार्य जिम्मेवारी रहनेछः

१) कक्षमा प्राप्त हुने सूचनाहरूको दर्ता अभिलेख तयार गर्ने। कक्षमा प्राप्त सबै गुनासोहरूको कार्वाहीको एकिकृत अभिलेख अनुसूची ४ बमोजिम तयार गरी राख्ने।

२) सम्पूर्ण अभिलेख व्यवस्थित रुपमा सुरक्षित राख्ने ।

३) प्राप्त पत्र र चलानीहरूलाई व्यवस्थित गर्ने ।

४) जिन्सी सामानको सुरक्षा र संरक्षण गर्ने ।

परिच्छेद - ४

## राष्ट्रिय किसान आयोग तथा सम्बन्धित निकायको भूमिका

८. **आयोगको भूमिका**:- राष्ट्रिय किसान आयोगको भूमिका देहाय बमोजिम हुनेछः

(क) राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ को दफा ६ मा उल्लेख गरिएको आयोगको काम कर्तव्य र अधिकारका क्षेत्रको अधिनमा रही किसानको हक अधिकारको संरक्षण र प्रवर्द्धनका लागि आयोगले किसान गुनासो सुनुवाइ एवं ब्यबस्थापन प्रणाली, २०७९ जारी गरी सोही बमोजिम किसानका गुनासो व्यवस्थापनमा आयोगका पदाधिकारी र कर्मचारीहरूबाट गुनासोको सम्बन्धित निकायमा सम्प्रेषणका लागि समन्वय तथा सहयोग गर्ने संयन्त्र तयार गरिनेछ ।

(ख) आयोगमा प्राप्त हुने गुनासोहरूको वर्गीकरण गरी कर्मचारी तहबाट सिधै सम्बन्धित निकायमा जानकारी गराउने तथा आयोगको बैठकबाट निर्णय गराई सम्बन्धित निकायमा सम्प्रेषण गर्नुपर्ने विषयलाई प्रणाली अनुसार सूचना अधिकारीले छुट्टयाई आयोगका सदस्य सचिव मार्फत कारबाहीका लागि वा निर्णयका लागि अगाडि बढाउनु पर्नेछ ।

(ग) आयोगमा प्राप्त भएका अति नै संदेनशील गुनासोहरूको समाधानका लागि सूचना वा पत्र सम्प्रेषित भएको तीन दिन भित्र सम्बन्धित निकाय समाधानतर्फ लागे नलागेको बारे सूचना अधिकारीले अनुसरण (follow up) गर्नुपर्नेछ। अतिनै संवेदनशील गुनासोलाई प्राथमिकता र महत्व दिई समाधानमा लाग्नु पर्नेछ ।

(घ) आयोगमा प्राप्त भएका जिज्ञासा, गुनासो, समस्या वा सुझावहरूको कार्यान्वयन अवस्था तथा समस्या समाधानको जानकारी सम्बन्धित उजुरीकर्तालाई जानकारी गराउनु पर्नेछ ।

९. **अन्य सम्बन्धित निकायको भूमिकाः** अन्य निकायहरूको भूमिका देहाय बमोजिम हुनेछः

(क) आयोगबाट सम्बन्धित निकायमा पठाईएका गुनासोको समाधान तर्फ सम्बन्धित निकायले खोजी गरी सत्य तथ्य प्रमाण सहित गुनासोकर्ता किसान वा किसान समूह वा सहकारीलाई चित्त बुझ्ने तरिकाले समस्या समाधान गरी सो सम्बन्धी विवरण आयोगमा जानकारी गराउनु पर्नेछ ।

(ख) सार्वजनिक निकायहरूमा प्राप्त भएका किसानका समस्या र गुनासोहरूलाई सार्वजनिक निकायले आयोगमा सम्प्रेषण गर्न मनासिव ठहराएमा उक्त समस्या वा गुनासोलाई आयोगमा पठाउन सक्नेछन्। जुन समस्याहरू वा गुनासोको आधारमा आयोगले नीतिगत छलफल गरी सरकारका निकायहरूलाई समग्र पृष्ठपोषण गर्न सक्नेछ।

(ग) सम्बन्धित निकाय (नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गतका निकायहरू) हरूले आफ्नो कार्यालयमा प्राप्त भएका गुनासो तथा समस्याहरूलाई आफैं समाधान गर्नुपर्नेछ साथै कतिपय अवस्थामा किसानका गुनासो तथा समस्याहरू आयोगमा आएको अवस्थामा आयोगले सम्बन्धित निकायमा नै पठाउनेछ र यदि सम्बन्धित निकायले सो समस्याको बारेमा सरकारका अन्य निकाय तथा सरोकारवालासँग थप छलफल गर्नुपर्ने भएमा यसको जानकारी आयोगमा दिनुपर्नेछ ।

परिच्छेद - ५

## जनशक्ति तथा श्रोत व्यवस्थापन

१०. **कर्मचारी तथा श्रोत व्यवस्थापन गरिनेः-** गुनासो व्यवस्थापन कक्षमा एक जना अधिकृत स्तरको कर्मचारीको नेतृत्वमा १ जना सहायक कर्मचारी रहने गरी व्यवस्थापन गरिने छ । गुनासो व्यवस्थापन कक्ष संचालनको लागि आवश्यक पर्ने जनशक्ति र श्रोत साधनको व्यवस्था सचिवालयले गर्नेछ ।

| सि.नं. | पद | मुख्य जिम्मेवारी |
|---|---|---|
| १. | प्राविधिक अधिकृत | • गुनासो व्यवस्थापन कक्षको कामको समन्वयात्मक भूमिका निर्वाह गर्ने<br>• गुनासो/प्रश्न/जिज्ञाशा र समस्या पहिचान गरी आफ्नो जिम्मेवारी र क्षमता अनुसारको प्रतिक्रिया तथा समाधानको उपाय अवलम्बन गर्ने<br>• नियमित रुपमा प्रतिवेदन तयार गरी सूचना अधिकारी समक्ष पेश गर्ने |
| २. | प्राविधिक सहायक/कम्प्यूटर अपरेटर | • टेलिफोनबाट गुनासो/प्रश्न/जिज्ञाशा र समस्या संकलन गर्ने<br>• रेकर्ड भएका गुनासो/प्रश्न/जिज्ञाशा र समस्या संकलन गरी लिपीवद्ध गर्ने<br>• विद्युतीय र दस्तावेजको अभिलेख राख्ने |

**परिच्छेद - ६**

## विविध

११. **गुनासोको सुनुवाई नगरिनेः** (१) कुनै पनि व्यक्तिले वास्तविक समस्या नपरी गुनासोका लागि मात्र गुनासो दर्ता गरेको प्रमाणित भएमा सो व्यक्तिले उठाएका गुनासोको सम्बोधन गरिने छैन । र सो सँग सम्बन्धित व्यक्तिलाई त्यस्ता कार्य गर्न निरूत्साहित गरिनेछ ।

(२) गुनासो गर्दा कसैको व्यक्तिगत मर्यादा माथि आँच आउने वा व्यक्तिगत रिसइबी वा आक्षेप लगाउन वा गाली गलौज गर्न पाईने छैन । कसैले त्यस्तो कार्य गरेमा वा गलत सूचना दिएमा वा गाली गलौज गरेमा प्रचलित कानून अनुसार कार्यवाही हुनेछ ।

१२. **प्रणालीको व्याख्या गर्न सक्नेः** यस कार्यविधिको कार्यान्वयनमा केही बाधा व्यवधान आइपरेमा वा दुविधा उत्पन्न भएमा आयोगले गरेको निर्णय अन्तिम हुनेछ ।

१३. **प्रचलित कानून बमोजिम हुनेः-** यस प्रणालीमा उल्लेखित विषयहरू यसै बमोजिम र अन्य व्यवस्थाहरू प्रचलित कानून बमोजिम हुनेछ ।

१४. **प्रणालीलाई संशोधन तथा परिमार्जन गर्न सक्नेः** आयोगले यस प्रणालीलाई आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

१५. **बाधा अड्काउ फुकाउनेः** यस प्रणाली कार्यान्वयनका सम्बन्धमा कुनै बाधा अड्काउ परेमा आयोगले बाधा अड्काउ फुकाउन सक्नेछ ।

१६. **अनुसूचिमा हेरफेर गर्न सक्नेः** आयोगले प्रणालीका अनुसूचीमा आवश्यकता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ।

अनुसूची - १

**गुनासो/उजुरीको ढाँचा**

**दफा ३ (उपदफा ४) सँग सम्बन्धित**

मितिः........../...../....

१. उजुरीकर्ता वा गुनासो कर्ता (नागरिक, किसान/किसान समुह/सहकारी) को नामः ............ ..........................................

२. ठेगाना: घर नंः ............ टोलः ......... वडाः ....... पालिकाः ........... जिल्लाः ............ प्रदेशः ...........

३. सम्पर्क टेलिफोन नं. .......................... इमेलः ................................

४. गुनासो/उजुरी कुन सम्बन्धित निकाय वा पदाधिकारी वा कर्मचारीको लागि हो (उल्लेख गर्ने)

५. गुनासो/उजुरीको विवरणः

(क)

(ख)

माथि उल्लेखित गुनासो वा उजुरी व्यक्तिगत मर्यादा माथि आँच आउने वा व्यक्तिगत रिसिइबी वा आक्षेप लगाउन वा गाली गलौच गरिएको छैन र गलत सूचना भएमा वा गाली गलौच भएमा प्रचलित कानून अनुसार कार्यवाही स्वीकार्य हुनेछ।

उजुरीकर्ताको वा गुनासोकर्ताको नाम

हस्ताक्षर

अनुसूची - २

टेलिफोन (टोल फ्री नम्वर) बाट प्राप्त सूचना अभिलेख फाराम

दफा ५ को उपदफा ४ (क, घ,ज) सँग सम्बन्धित

१. **उजुरीकर्ता वा गुनासो कर्ता (नागरिक, किसान र किसान समूह र सहकारी) को नामः**

२. **ठेगानाः घर नं., टोल, वडा, पालिका, जिल्ला, प्रदेश**

३. **सम्पर्क टेलिफोन नं., इमेल,**

४. **गुनासो प्राप्त मिति र समय**

५. **गुनासो कुन सम्बन्धित निकायको लागि होः** स्थानीय सरकारको निकाय कुन निकाय हो वा प्रदेश सरकारको निकायः कुन निकाय हो वा नेपाल सरकारको निकायः कुन निकाय वा पदाधिकारी वा कर्मचारी हो (गुनासोकर्तालेे खुलाउन सकेको खण्डमा सोध्नुहोस्)

६. **गुनासोको विवरणः** (यदि सम्भव भएमा टिपोट गर्दा नै वर्गीकरण गरेर राख्ने र नसकेको खण्डमा विविधमा राख्ने र सूचना अधिकारी वा आयोगमा छलफल गरी यसलाई वर्गीकृत गर्ने)

**(क) वर्गीकरण नम्बरः- १** सरकारका विभिन्न निकायहरू मार्फत प्रवाह हुने सेवा सुविधाहरू प्राप्त गर्न नसकेको तथा यसमा कुनै भेदभाव भएको भन्ने भएमा यस अन्तर्गत राख्ने

**(ख) वर्गीकरण नम्बरः- २** किसानका कृषि तथा पशुपन्छीजन्य वस्तुहरूको उत्पादन तथा बजारीकरणमा परेका समस्या उपरका गुनासो यस अन्तर्गत बाली तथा वस्तु उत्पादन साथै बजारीकरणमा स्थानीय स्तरमा, प्रादेशिक वा राष्ट्रिय स्तरमा के कस्ता समस्याहरू रहे भन्ने सम्बन्धी गुनासोहरूलाई यस अन्तर्गत राख्ने ।

**(ग) वर्गीकरण नम्बर- ३**: नेपालको संविधान, विद्यमान ऐन, नियम, कानून, निर्देशिकाहरूमा उल्लेखित किसानका हक अधिकार सम्बन्धी विषयहरू प्राप्त गर्न नसकेका वा प्राप्त गर्न समस्या भएका कुराहरूलाई यस अन्तर्गत राख्ने ।

**(घ) वर्गीकरण नं. ३:** प्राकृतिक श्रोत साधनमा पहुँच सम्बन्धमा यस वर्गीकरण अन्तर्गत राखिनेछ।

**(ङ) अन्यः** माथिका बाहेक वा तत्काल छुट्टाउन नसकेको खण्डमा यसमा राख्ने ।

७. **अभिलेख राख्ने कर्मचारीको नाम/पदः**

अनुसूची - ३

दफा ५ को उपदफा ५ (क, ख) सँग सम्बन्धित

गुनासो कक्षमा भएको ईमेल/फ्याक्स/SMS/वेभ साइटमा रहेको Complaint and Suggestion बाट प्राप्त भएका गुनासोहरू तथा पत्रबाट प्राप्त गुनासोहरूको अभिलेखन फाराम

१. सूचनाको माध्यम: ईमेल/फ्याक्स/SMS/वेभ साइटमा रहेको Complaint and Suggestion/आयोगमा प्राप्त पत्र

२. गुनासो प्राप्त मिति र समयः

३. सूचना पठाउनेको नामः

४. किसान/किसान समूह/सहकारी कस्को गुनासो हो उल्लेख गर्नेः

५. ठेगानाः वडा, पालिका, जिल्ला, प्रदेश

६. अभिलेख राख्ने कर्मचारीको नाम र पदः

अनुसूची - ४

दफा ७ (ख) सँग सम्बन्धित

# गुनासो कक्षमा हुने गुनासोको कार्वाहीको एकिकृत अभिलेख फाराम

| गुनासो प्राप्त माध्यम | दर्ता मिति र समय | नाम, ठेगाना र सम्पर्क नं | गुनासो/समस्याको विवरण | आयोगबाट गुनासो समाधानका लागि समन्वय गरिएको निकाय/पदाधि-कारी | निर्देशन दिइएको मिति समय र माध्यम | निर्देशन कार्यान्वयनको स्थिति |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूची - ५

दफा ८ (घ) सँग सम्बन्धित

# गुनासो/उजुरीकर्तालाई गुनासो फछ्र्यौट भएको जानकारी

श्री ....................

.........................

## विषयः गुनासो र उजुरी फछ्र्यौट भएको जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा तपाई .......... / ............ संस्थाले मिति ............ मा राष्ट्रिय किसान आयोगमा दर्ता गरेको गुनासो/उजुरीको अवस्था तथा फछ्र्यौट भएको जानकारी निम्नानुसार भएको व्यहोरा जानकारी गराईन्छ ।

गुनासो/उजुरीको विषयः

गुनासो/उजुरीको फछ्र्यौटको अवस्थाः

## अनुसूची ४

## किसान संघ/संगठन दर्ता कार्यविधि, २०७४

**प्रस्तावनाः** कृषि क्षेत्रको अपार सम्भावनालाई वास्तविकतामा रूपान्तरण गरी राष्ट्रिय अर्थतन्त्रको सुदृढिकरण गर्ने प्रमुख जिम्मेवारी आम किसानहरूको काँधमा रहेको कुरालाई आत्मसात गरी उनीहरूका हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्नका लागि किसानहरूसंग सम्बन्धित संघ/संगठनलाई औपचारिक रूपमा राज्यका निकायमा दर्ता गर्न आवश्यक भएकोले, राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ को दफा ६(ठ) ले दिएको अधिकार प्रयोग गरी आयोगले देहाय बमोजिमको किसान संघ/संगठन दर्ता कार्यविधि, २०७४ जारी गरेको छ ।

### परिच्छेद १

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम किसान संघ/संगठन दर्ता कार्यविधी, २०७४ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) “आयोग” भन्नाले राष्ट्रिय किसान आयोग सम्झनु पर्छ ।

(ख) "अध्यक्ष भन्नाले किसान संघ/संगठन को अध्यक्ष वा संयोजक वा सभापति सम्झनु पर्छ।

(ग) "आदेश" भन्नाले राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले किसान संघ/संगठनको सदस्य सम्झनु पर्छ ।

(ङ) किसान संघ/संगठन" भन्नाले यस कार्यविधि बमोजिम दर्ता हुने कृषि क्षेत्र सँग आवद्ध नेपाली किसानहरूको गैरनाफामूलक संस्थालाई जनाउने छ ।

(च) "सचिवालय भन्नाले राष्ट्रिय किसान आयोगको सचिवालय सम्झनु पर्छ ।

(छ) "सदस्य सचिव भन्नाले राष्ट्रिय किसान आयोगको सदस्य सचिव सम्झनु पर्छ ।

(ज) "तोकिएको" वा "तोकिएबमोजिम भन्नाले यस कार्यविधिमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(झ) कृषि भन्नाले कृषि, पशुपंछी, मत्स्य, खाद्य प्रविधि, जैविक प्रविधि लगायतका क्षेत्रलाई सम्झनु पर्छ।

३. **उद्देश्यः यस कार्यविधिको उद्देश्य निम्नानुसार रहेका छन :-**

(क) किसान संघ/संगठन को दर्ता प्रक्रियालाई सरल एवं व्यवस्थित बनाउने,

(ख) किसान संघ/संगठनहरूको शसक्तिकरण गर्ने ।

(ग) किसान संघ/संगठन को कानून बमोजिम नियमन गर्ने ।

(घ) किसान संघ/संगठन दर्ताका सम्बन्धमा भएका कानूनी तथा नीतिगत व्यवस्थाको बारेमा प्रसार/प्रचार गर्ने ।

## परिच्छेद २

## किसान संघ/संगठन दर्ता सम्बन्धी व्यवस्था

४. निवेदन दिनु पर्ने :

(१) यस कार्यविधि बमोजिम किसान संघ / संगठन दर्ता गर्न राष्ट्रिय किसान आयोग वा आयोगले तोकेको संघीय प्रादेशिक वा स्थानीय सरकारको कुनै पनि कार्यालयमा रु. १०।- को टिकट टाँस गरी अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिंदा निवेदन साथ देहायका कागज प्रमाणको रुपमा पेश गर्नु पर्नेछ :-

(क) प्रस्तावित किसान संघ/संगठनको प्रमाणित सक्कल विधान/विनियम २ प्रति

(ख) किसानहरू भेला भई किसान संघ / संगठन गठन गर्ने निर्णय गरेको निर्णय १ (एक)पुस्तिकाको निर्णय प्रतिलिपि थान

(ग) किसान संघ / संगठन गठनमा आवद्ध पदाधिकारीहरूको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि थान १ (एक)

(घ) किसान संघ / संगठनको कार्ययोजना

(ङ) किसान संघ / संगठनको दर्ता सम्बन्धी कार्य गर्न अधिकार प्राप्त व्यक्तिको दस्तखत नमूना सहितको सक्कल अधिकारपत्र

(च) आवेदन पत्रमा नयाँ किसान संघ/संगठनको हकमा प्रस्तावित किसान संघ/संगठनको तदर्थ समितिको अध्यक्षले र यो कार्यविधि जारी हुनु अगाडी देखी नै कृयाशिल किसान संघ/संगठनको हकमा किसान संघ / संगठनको अध्यक्ष, सभापति वा संयोजकले दस्तखत गरेको हुनुपर्दछ ।

(छ) यस कार्यविधिमा यस अधि जे भनिएको भएतापनि यो कार्यविधि जारी हुनु भन्दा अगाडी नेपालमा कृयाशिल किसान संघ/संगठनहरूको दर्ताको हकमा दफा ४ को उपदफा २ को (ख), (ग), (घ), (ङ) र (च) बाहेकका अन्य प्रावधानहरू मात्र आवश्यक पर्नेछ।

५. किसान संघ/संगठनको दर्ता :

(१) मुलुकको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रलाई आधुनिकिकरण व्यावसायीकरण र विविधिकरण गरी किसानको हकहितको संरक्षण एवं प्रवर्द्धन गर्न तथा छरिएर रहेका किसानहरूलाई संगठित गरी राज्यसँग किसानहरूको सामूहिक हित प्रवर्द्धन गर्ने उद्देश्यले देहाय बमोजिमको किसान संघ/संगठनहरू गठन गर्न सकिनेछः-

(क) प्रादेशिक किसान संघ / संगठनहरू,

(ख) केन्द्रीय किसान संघ/संगठन महासंघहरू,

(ग) राष्ट्रिय किसान संजालहरू,

(२) दफा ३ बमोजिमका कागजपत्रहरू सहित राष्ट्रिय किसान आयोगमा प्राप्त आवेदनहरू उपर आयोगबाट मुल्याङ्कन गरी आयोगको तोकिएको शाखामा उपदफा १ बमोजिमका किसान संघ/संगठनहरू आवेदन प्राप्त भएको मितिले बढिमा १ महिना भित्रमा दर्ता गरिसक्नु पर्नेछ।

(३) उपदफा २ बमोजिम किसान संघ संगठनहरू दर्ता भए पश्चात आयोगले दर्ताको प्रमाणपत्र जारी गर्नेछ । किसान संघ / संगठनहरू दर्ताको प्रमाणपत्रको ढाँचा अनुसूची-२ बमोजिमको हुनेछ ।

(४) उपदफा २ बमोजिम किसान संघ / संगठनहरू दर्ता गर्नको लागि राष्ट्रिय किसान आयोगले श्रावण र पौष महिना गरी वर्षको २ पटक सार्वजनिक सूचना प्रकाशन गरी दर्ताको लागि सार्वजनिक आव्हान गर्नेछ ।

## परिच्छेद ३

## किसान संघ/संगठन नियमन सम्बन्धी व्यवस्था

**६. किसान संघ/संगठनहरूले पालना गर्नुपर्ने कार्यहरू :**

(१) दर्ता भएका सम्बन्धित संघ/संगठनको विधानले व्यवस्था गरे अनुसार नियमित रुपमा बैठक, सम्मेलन, भेला र साधारण सभा गर्नु पर्नेछ ।

(२) साधारण सभाबाट पारित विधान र कार्यसमितिका पदाधिकारी एवं सदस्यहरूको नामावली आयोगलाई जानकारी गराई अद्यावधिक गराउनु पर्नेछ ।

(३) आयोगमा दर्ता भएका किसान संघ / संगठनहरूले आर्थिक कारोबार गर्दा बैंक खाता मार्फत पारदर्शी रुपमा गर्नु पर्नेछ ।

(४) आयोगमा दर्ता भएका किसान संघ / संगठनहरूले स्वदेशी तथा विदेशी दातृ निकायहरूबाट राज्यको नियम बमोजिम आर्थिक सहयोग लिन सक्नेछन् । तर वैदेशिक सहयोग लिएको अवस्थामा आयोगलाई जानकारी गराउनु पर्नेछ ।

(५) दर्ता गर्दा किसान संघ/संगठनहरूले आफ्नो केन्द्रीय कार्यालयको ठेगाना उल्लेख गर्नु पर्नेछ। कार्यालयको ठेगाना परिवर्तन भएमा आयोगलाई १५ दिन भित्र जानकारी गराउनु पर्नेछ ।

# परिच्छेद - ४

## विविध

७. **किसान संघ/संगठनको दर्ताको लागि आवश्यक प्रावधानहरू** किसान संघ/संगठन दर्ता गर्ने आयोगका अधिकार प्राप्त अधिकारी समक्ष पेश हुन आउने संघ / संगठन दर्ताको प्रस्तावित विधान/विनियममा देहाय बमोजिमको हुनुपर्नेछ-

(क) किसान संघ/संगठनको उद्देश्य किसानको हकहित र अधिकारको सिद्धान्तसँग मिल्ने,

(ख) किसान संघ/संगठनको कार्यक्रम सदस्यको पेशा रोजगारी र व्यवसायमा टेवा पुर्याउने,

(ग) किसान संघ/संगठनको विधानहरूको किसानको हकहित र अधिकारसँग सम्बन्धित सिद्धान्त अनुरुपको हुनुपर्ने,

(घ) किसान संघ/संगठनको विधान समान आवश्यकता र समान चाहना भएका व्यक्तिहरूले स्वेच्छिक रुपमा संस्थाको सदस्यता माग गर्दा सदस्यता प्रदान गर्न सक्ने भएको हुनुपर्ने,

(ङ) किसान संघ/संगठनको कार्य योजना सदस्यहरूको सामूहिक पेशागत हित गर्ने,

(छ) किसान संघ/संगठनमा प्राकृतिक व्यक्तिहरूमात्र सदस्य हुने भएकोले संस्था दर्ता गर्दा निवेदन दिने आवेदकहरू अलग-अलग परिवारका कम्तिमा २५० जना व्यक्तिहरू हुनुपर्नेछ। तर यो कार्यविधि जारी हुनु अगाडी नेपालमा कृयाशिल किसान संघ/ संगठनहरूको हकमा यो प्रावधान लागू हुने छैन ।

८. **जानकारी दिनुपर्नेः** यस कार्यविधि बमोजिम कुनै निवेदन उपर कारवाही अघि बढाउन तथा किसान संघ तथा संगठन दर्ता गर्न नसकिने भएमा दर्ता हुन नसक्नुको कारण सहित सम्बन्धित पक्षलाई १५ दिनभित्र लिखित जानकारी दिनु पर्नेछ ।

९. **संशोधन र खारेजीः**

(१) यो कार्यविधिमा आयोगले आवश्यकतानुसार संशोधन एवं परिमार्जन गर्न सक्नेछ ।

(२) यो कार्यविधि लागू भएपछि नेपालमा कृयाशिल किसान संघ/संगठनहरू यसै कार्यविधि बमोजिम अनिवार्य रुपमा दर्ता हुनु पर्नेछ ।

अनुसूची-१

किसान संघ/संगठन दर्ता निवेदनको ढाँचा

**श्रीमान् अध्यक्षज्यू**

**राष्ट्रिय किसान आयोग**

**.......................**

महोदय,

**विषयः किसान संघ/संगठन दर्ता गर्ने सम्बन्धमा ।**

हामी देहायका किसानहरू/किसान संघ/संगठनहरू देहायका प्रावधान सहितको किसाना संघ/संगठनको उद्देश्य अनुरुप किसान संघ/संगठनले तत्काल गर्ने कार्य सम्बन्धी योजना र प्रस्तावित किसान संघ/संगठनको विनियम २ प्रति यसै साथ पेश गरेका छौं ।

१. किसान संघ/संगठन सम्बन्धी विवरणः-

(क) प्रस्तावित किसान संघ/संगठन को नामः-

(ख) ठेगानाः-

(ग) उद्देश्यः-

(घ) मुख्य कार्यः-

(ङ) कार्यक्षेत्रः-

(च) दायित्वः-

(छ) सदस्य संख्याः-

१. महिला ............ जना

२. पुरुष ............ जना

(ज) सम्पर्क ठेगानाः-

१) सम्पर्क व्यक्तिः ........................... २) फोन / मोबाईल नं

३) इमेल ठेगानाः............................................

आवेदक

.................. ................................अध्यक्ष/संयोजक/सभापति/ तदर्थ अध्यक्ष

मिति :- -............. ................किसान संघ/संगठन

अनुसूची - २

किसान संघ/संगठन दर्ता प्रमाण पत्रको ढाँचा

# नेपाल सरकार

# राष्ट्रिय किसान आयोग

## काठमाडौं, नेपाल ।

## किसान संघ / संगठन दर्ताको प्रमाण पत्र

दर्ता नं.

श्री ............................................................................ नामको किसान संघ/संगठन सम्बत् २०.........साल ........... महिना .................. गते रोज...........मा यस आयोगमा दर्ता भएको हुनाले किसान संघ/संगठन दर्ता कार्यविधि, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम यो प्रमाण पत्र दिईएको छ ।

मितिः ...........................   .................................

सदस्य सचिव

अनूसूची ३

किसान संघ/संगठनको छापको नमूना

किसान संघ / संगठनको छापमा देहायमा उल्लेखित कुराहरू अनिवार्य रुपमा समावेश गरेको हुनुपर्दछ।

किसान संघ/संगठनको नामः

ठेगानाः

स्थापित वर्षः

## अनुसूची ५

# पत्रपत्रिका र मिडीयामा राष्ट्रिय किसान आयोग







कृषि पत्रिका
Krishi Patrika
17 October 2023
अन्तरक्रिया कार्यक्रम ||
४३औं विश्व खाद्य दिवसको सन्दर्भमा कृषि सहकारी संस्थामा आवद्ध कृषकहरु बीच अन्तरक्रिया कार्यक्रम ||
8
2
1.1K
Like
Comment
Share
Comments
Comment as राष्ट्रिय किसान आयोग
विज्ञापन एवं सूचन
0:03 / 4:21


NTV ITAHARI HD
समृद्ध नेपालको शान: अधिकार सम्पन्न किसान
किसान हकहित तथा अधिकार संरक्षण एवं प्रवर्द्धन सम्बन्धी
अन्तरक्रिया कार्यक्रम
स्थान: कृषि अनुसन्धान निर्देशनालय, तरहरा, सुनसरी
मिति: २०८०/०९/२८ गते बिहीबार
आयोजक
Tek Bahadur Bogati is with Ram Nandan Tiwari and 3 others.
14 January
राष्ट्रिय किसान आयोगबाट कृषि अनुसन्धान निर्देशनालय NARC तरहरामा आयोजित किसान हकहित तथा अधिकार संरक्...
See more
26
3
265
Like
Comment
Share
Comments
See all
Comment as राष्ट्रिय किसान आयोग
0:19 / 1:59



हलो खबर हटकम

२०८१ साउन ९ बुधबार | 2024 July 24

समाचार | सफल कथा | पशुपन्छी | प्रविधि | विचार | कृषि व्यवसाय | किसानको आवाज | बैंक खबर | अनुदान | किसान

# मौरी पालक किसानका समस्याबारे सरोकारवाला निकायसँग छलफल

हलोखबर · २०८१ वैशाख २४ गते प्रकाशित

[illegible]

[illegible]

Ph. 01-4358448/ 9802043775

एस.के.टी नेपाल प्रा. लि
S.K.T Nepal Pvt. Ltd.

ताजा समाचार

बाँकेको ६८ हेक्टर खाली जमिनमा वृक्षरोपण

कृषिउपज खरिदसँगै बजारीकरण गर्ने लक्ष्यकासाथ साल्पासिलिछोमा 'कृषि कोसेली घर' निर्माण

छ महिनादेखिको भुक्तानी नपाउँदा दूध उत्पादक किसान निरुत्साहित

बाढीका कारण किसानले भित्र्याउन पाएनन् धैंचाधान

भारतबाट सात सय ९७ मेट्रिक टन कोदो आयात

पूर्वीनाका काँकडभिट्टाबाट आयातभन्दा निर्यात बढी

किसानलाई ७० प्रतिशत अनुदानमा 'ई-लोडिङ अटोरिक्सा' वितरण

रेशमा उत्पादित चियाले बजार पाउन थालेपछि अन्नबाली झाडी फाँडेर खाली जग्गामा चियाखेती



९ साउन २०८१, बुधबार

गोरखापत्र

E-Paper | Old E-paper

होमपेज | राष्ट्रिय | राजनीति | प्रदेश | लोकसेवा | अर्थ | विचार | खेलकुद | आजका समाचार | भिडियो | अन्य

# सुन्न थालियो किसानका गुनासा

गोरखापत्र अनलाइन | २७ जेठ २०८१, आइतबार | १ महिना पहिले

शेयर गर्नुहोस: | फन्ट परिवर्तन गर्नुहोस: अ अ अ

ताजा

बलात्कार आरोपमा तीन पक्राउ

डल्फिन अवलोकनकर्ता बढे

साठी लाख महसुल उठ्यो

लुम्बिनीमा मुख्यमन्त्री र मन्त्रीहरुको शपथ

समावेशीकरणको दिशामा एउटा फड्को : गोरखापत्रद्वारा प्रकाशित ताजपुरिया भाषा


उज्यालो
रेडियो
टिभी
मोबाइल
०९ साउन २०८१, बुधवार (July 24, 2024)
विशेष
विचार
राजनीति
समाज
खेल
मनोरञ्जन
अर्थ
उज्यालो टिभी
देश परदेश
रेडियो कार्यक्रम
कला
सडक र सवारी
विश्व
समाचार
आगलागी र डढेलोबाट कृषि क्षेत्रमा भएको क्षतितर्फ गम्भीर बन्न सरकारलाई आयोगको ध्यानाकर्षण
नेपाल सरकार
राष्ट्रिय किसान आयोग
कीर्तिपुर, काठमाडौं


ज्ञान तथा सिप आदान प्रदान
कृषि पत्रिका
छलफल कार्यक्रम
स्थान: राष्ट्रिय किसान आयोगको सभाहल
मिति: २०८१।०३।१६
आयोजक:
नेपाल सरकार
राष्ट्रिय किसान आयोग
www.nfc.gov.np
Krishi Patrika
1 July
ज्ञान तथा सिप आदान प्रदान छ
कार्यक्रम
Niraj RanaBhat and 6 others
Like
Comment
Comments



हलो खबर

# किसान सूचीकरणको तेश्रो वर्ष : कार्यन्वयनमा आउन धेरै उल्झन, ४ लाख सूचीकृत, दश लाख पेडिङमा

कीर्तिपुर, २ फागुन । कृषिमा देखिएको अनुदान दुरुपयोग, सहुलियत ऋण वितरण तथा तीनै तहका सरकारबाट वितरण गरिने विभिन्न खालको सहयोगमा डुप्लिकेसन नहोस भनेर सुरु गरिएको किसान सूचिकृत कार्यक्रम तीन वर्ष पुगिसक्दा पनि अझै कार्यन्वयनमा आउन सकेको छैन ।

किसान सूचिकृत चाँडो हुनुपर्ने माग गर्दै राष्ट्रिय किसान आयोगले आज फागुन २ गते किसान सूचिकरण सम्बन्धमा समन्वयात्मक छलफल तथा सहजीकरण कार्यक्रमको आयोजना गरेको छ । कार्यक्रममा उपस्थित कृषि तथा पशुपन्छी विकास मन्त्री वेदुराम भुसाल, कृषि मन्त्रालयका सहसचिवहरु प्रकाश सन्जेल लगायत डेढ दर्जन स्थानिय सरकारका प्रमुख तथा उपप्रमुखहरुले किसान सूचिकृतका बारेमा आफ्नो धारणा राखेका थिए ।

ताजा समाचार



## अनुसूची ६

# कार्यक्रमका मुख्य मुख्य झलकहरू





मिति २०८०।०६।१८ गते कर्णाली प्रदेशको सुर्खेतमा संचालन गरिएको "निर्वाचित जनप्रतिनिधि, कृषि संचारकर्मी, कृषि अधिकारकर्मी, सहकारीकर्मी, उत्पादक कृषक र व्यवसायीहरुसँग किसान हक हित अधिकार सुनिश्चितताको लागि बहस कार्यक्रम"






मिति २०८०।०६।२१ र २२ गते संचालन गरिएको "संघ र प्रदेशवाट संचालित कृषि विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयन सम्बन्धमा राष्ट्रियस्तरको कार्यशाला गोष्ठी






मिति २०८०।०६।३० गते ४३औं विश्व खाद्य दिवसको सन्दर्भमा कृषि सहकारीमा आबद्ध कृषकहरुसंग संचालन गरिएको छलफल तथा अन्तरक्रिया कार्यक्रम






मिति २०८०।०९।०३ गते कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट तयार गरिएको राष्ट्रिय कृषि नीति-२०८० को मस्यौदामा अन्तरक्रिया कार्यक्रम





मिति २०८०/०९/२३ देखि २०८०/०९/२७ गते सम्म बुटवल र नवलपुर जिल्लामा कृषि बजारमा किसानको पहुँच वृद्धिमा भएका समस्याहरूको पहिचान र समस्या समाधान सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम।






मिति २०८०/०९/२४ देखि २०८०/०९/२७ गते सम्म सुनसरी र मोरङ जिल्लामा कृषि बजारमा किसानको पहुँच वृद्धिमा भएका समस्याहरूको पहिचान र समस्या समाधान सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम।





मिति २०८०/०९/२६ गते कृषि अनुसन्धान निर्देशनालय, तरहरा, सुनसरीमा संचालन भएको किसान हकहित तथा अधिकार संरक्षण एवं प्रवर्द्धन सम्बन्धी अन्तरक्रिया कार्यक्रम






मिति २०८०/०९/२९ देखि २०८०/१०/०६ गते सम्म कास्की, स्याङ्जा र चितवन जिल्लामा कृषि बजारमा किसानको पहुँच वृद्धिमा भएका समस्याहरूको पहिचान र समस्या समाधान सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम।





मिति २०८०/१०/०७ गते सञ्चालित "राष्ट्रिय किसान आयोगको सातौं स्थापना दिवस" कार्यक्रम।





मिति २०८०/१०/१८ गते "दुग्ध क्षेत्रको समस्या समाधान सम्बन्धी" सरोकारवाला निकायसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम





मिति २०८०/११/०२ गते माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसालज्यूको प्रमुख आतिथ्यतामा संचालन गरिएको किसान सूचीकरणको कार्यान्वयन अवस्थाको सम्बन्धमा छलफल तथा अन्तरक्रिया कार्यक्रम।





मिति २०८०/११/११ गते "सहुलियत कृषि कर्जामा कृषकको पहुँच" सम्बन्धमा छलफल तथा अन्तरक्रिया कार्यक्रम।




मिति २०८०/११/२० गते मधेश प्रदेशको जनकपुरमा "किसान हकहित तथा अधिकार संरक्षण एवं प्रवर्द्धन सम्बन्धी अन्तरक्रिया" कार्यक्रम।




मिति २०८०/११/२० गते बागमती प्रदेशको भरतपुर, चितवनमा "किसान हकहित तथा अधिकार संरक्षण एवं प्रवर्द्धन सम्बन्धी अन्तरक्रिया" कार्यक्रम।




मिति २०८१/०१/१४ गते यस आयोगको सभाहलमा संचालन गरिएको "मौरीपालक कृषकका समस्या समाधान सम्बन्धी सरोकारवाला निकायसँग अन्तरक्रियात्मक छलफल कार्यक्रम"।






मिति २०८१/०१/१८ गते आयोगको सभाहलमा आयोजना गरिएको "बंगुरपालक कृषकका समस्या समाधान सम्बन्धी सरोकारवाला निकायसँग अन्तरक्रियात्मक छलफल कार्यक्रम"।






मिति २०८१/०१/२५ गते कृषि ज्ञानकेन्द्र, पाल्पामा "किसान सूचीकरण कार्यक्रमको कार्यान्वयन अवस्थाका सम्बन्धमा अन्तरक्रियात्मक छलफल कार्यक्रम"।






मिति २०८१/०१/२७ गते कृषि ज्ञानकेन्द्र, डडेलधुरामा "किसान सूचीकरण कार्यक्रमको कार्यान्वयन अवस्थाका सम्बन्धमा अन्तरक्रियात्मक छलफल कार्यक्रम"।





मिति २०८१/०२/०९ गते कृषि बजारमा किसानहरुको पहुँच सम्बन्धमा परामर्श कार्यक्रम।






मिति २०८१/०२/२२ गते संचालन गरिएको "कृषि क्षेत्रमा नेपालपक्ष भएर गरिएका अन्तराष्ट्रिय सन्धि संझौतामा भएका प्रतिवद्धताहरुको कार्यान्वयनको अवस्था बारे छलफल तथा अन्तरक्रिया कार्यक्रम"।






मिति २०८१/०२/२५ गते सुनसरी जिल्लाको इटहरीमा माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री ज्वाला कुमारी साहज्यूको प्रमुख आतिथ्यतामा संचालित किसान हक, हित र अधिकार सुनिश्चितताको लागि जनप्रतिनिधि लगायत सरोकारवाला निकायसँग बहस कार्यक्रम।



मिति २०८१/०३/१५ गते काभ्रेमा संचालित २१ औं राष्ट्रिय धान दिवस तथा रोपाईं महोत्सव, २०८१



मिति २०८१/०३/१६ गते KISAN-II परियोजना र कृपया मोडल अवधारणा सम्बन्धी ज्ञान, सिप आदान प्रदान कार्यक्रम

# आयोगबाट विभिन्न स्थानमा भएका अनुगमनका झलकहरू





सुर्खेत स्थित PMAMP कार्यालयमा गरिएको अनुगमन





धानको न्यूनतम समर्थन मूल्य कार्यान्वयन सम्बन्धमा गरिएका अनुगमन





PMAMP बाट संचालित कार्यक्रमहरूको संयुक्त अनुगमन




कोशी प्रदेशको धनकुटा, भोजपुरमा गरिएको अनुगमन




NLSIP बाट संचालित कार्यक्रमहरूको संयुक्त अनुगमन




जाजरकोटमा भुकम्प प्रभावित स्थलको अनुगमन




राष्ट्रिय किसान आयोगका पदाधिकारीहरू, बीचमाः अध्यक्ष, डा. प्रेम प्रसाद दंगाल; अध्यक्षज्यूको बायाँबाट क्रमशः टेक बहादुर बोगटी, जीवन्ती पौडेल, मञ्जु धिमाल; अध्यक्षज्यूको दायाँबाट क्रमशः सूर्य प्रसाद खनाल, डा. रामनन्दन तिवारी, पुष्पा भुसाल




राष्ट्रिय किसान आयोगका पदाधिकारीहरू सहित कर्मचारीहरू

“समृद्ध नेपालको शानः अधिकार सम्पन्न किसान”

**राष्ट्रिय किसान आयोगमा सम्पर्क, उजुरी तथा गुनासो गर्न सकिने तरिकाः**


निःशुल्क टोल फ्रि नम्बरः १६६००१०६१८२

टेलिफोन नम्बरः ०१-५९०६१७६, ५९०६१८०, ५९०६१८२

ईमेलः nfcnepal2017@gmail.com


वेबसाइटमा रहेको गुनासो पोर्टल मार्फत वा सूचना अधिकारीलाई फोन वा SMS गरेर


नेपाल सरकार

**राष्ट्रिय किसान आयोग**

कीर्तिपुर, काठमाडौं